# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ३८ पूर्णाङ्क ४६४ | २०८२ चैत १६ गते सोमबार | Monday 30 March; 2026 | पृष्ठ ८ | मूल्य रू. १० |–


## चैत १९ गतेदेखि एसईई परीक्षा

काठमाडौं । यस वर्षको माध्यामिक शिक्षा परीक्षा (एसईई) यही चैत १९ गतेदेखि सुरु हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । २१ फागुनमा भएको निर्वाचनको कारण यस वर्ष एसईई १२ दिनपछि सरेको हो । गत वर्ष चैत ७ देखि नै एसईई सुरु भएको थियो ।

यस वर्ष ५ लाख १० हजार विद्यार्थी एसईई परीक्षामा सामेल हुने भएकाछन् । गत वर्ष ५ लाख १४ हजार ७१ विद्यार्थीले एसईई दिएका थिए ।

यस वर्ष एसईईमा सहभागी हुने विद्यार्थीमध्ये ६३ हजार एक्जाम्टेड छन् । बोर्डका अनुसार यस वर्ष जापानबाट २३ जना विद्यार्थीले एसईई दिने भएका छन् । यस वर्ष कुल परीक्षार्थीमध्ये दुई लाख ५७ हजार ५२७ छात्रा र दुई लाख ५२ हजार ४३४ छात्र छन् । सबै जिल्लाका जिल्ला प्रहरी कार्यालयमा प्रश्नपत्र र उत्तरपुस्तिका पुऱ्याइएको बोर्डले जनाएको छ। १९ चैतदेखि २९ चैतसम्म बिहान ८ बजेदेखि परीक्षा सञ्चालन हुनेछ । पहिलो दिन १९ चैतमा अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ । त्यसैगरि २० चैतमा अनिवार्य नेपाली, २२ चैतमा अनिवार्य गणित, २३ चैतमा संस्कृति तथा *बाँकी ७ पेजमा*

# ‘कम्युनिस्ट’माथि बालेन सरकारको रणनीतिक प्रहार

काठमाडौं । लोकप्रिय क्षणिक नाराहरूको आवरणमा बालेन सरकारले रणनीतिक रूपमा नेपालमा कम्युनिस्ट आन्दोलनलाई उठ्नै नदिने गरी प्रहार गरेको छ । कम्युनिस्ट पार्टी क्याडर बेस्ड पार्टी हो । एक अनुशासित संगठनमा आधारित पार्टी वा आन्दोलन हो । जनसंगठन र मोर्चा संगठन कम्युनिस्ट पार्टीका हात खुट्टा हुन् । पार्टीलाई जनतासँग जोड्ने र जनतालाई पार्टीसँग जोड्ने पुल (माध्यम) हुन् । तीनै संगठनमाथि बालेन सरकारको पहिलो मन्त्रिपरिषद्को पहिलो बैठकले बालेन सरकारले गर्ने १०० बुँदे कार्यसूचि पारित गरेको छ। पारित कार्यसूचिको १२ नं बुँदामा भनिएको छ, “सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने । यस उद्देश्यका लागि निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सबै राष्ट्रसेवकले कुनै पनि दल, समूह वा स्वार्थ केन्द्रसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आबद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गर्ने र उल्लंघन भएमा प्रचलित कानुनबमोजिम कडाइका साथ विभागीय कारबाही गर्ने । साथै, सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित हस्तक्षेप र अनौपचारिक दबाबको अन्त्य गर्दै निर्णय प्रक्रिया तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने । यसका लागि आवश्यक कानुनी व्यवस्था विशेषतः संघीय निजामती सेवा विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने ।” निजी औद्योगिक प्रतिष्ठानले पनि यही नीतिलाई अंगिकार गर्ने देखिन्छ । मजदुर तथा श्रमिक वर्गको पेशागत अधिकारमाथि प्रत्यक्ष रूपमा हमला त गरिएको छ साथै, उनीहरूको हक, हित र अधिकारको लागि आवाज उठाउँदै आएका ट्रेड युनियनको अस्तित्व नै नामेट पार्ने तयारी गरिएको छ ।

अर्कोतिर सोही कार्यसूचिको ८६ नं मा भनिएको छ, “शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनको संरचना हटाई ९० दिनभित्र विद्यार्थी परिषद् संयन्त्रको विकास गर्ने भनिएको छ । शैक्षिक क्षेत्रको निजीकरण, व्यापारीकरण, माफियाकरणलाई बढवा दिने गरी स्ववियु तथा अन्य दलीय संगठन निर्माणमा प्रतिबन्ध लगाउन खोजिएको छ । साम्राज्यवादी दलाल केही बुद्धिजीवीहरूले रास्वपाको यही नीतिले कम्युनिस्टहरूको ‘बन्ध्याकरण’ गरिदिएको टिप्पणी समेत गर्न भ्याएका छन् । विशेगरी आफूलाई भूराजनीतिक विश्लेषक रूपमा चिनाउने अरुण सुवेदीले यस्तो भाष्य प्रयोग गर्दै आएका छन् ।

बालेन सरकारका यी कार्यक्रमलाई सन् १९५१ जनवरी २३ मा (२००७ माघ १० गते) गरिएको ‘प्वाइन्ट फोर सम्झौता’ कै नयाँ रूपको विस्तारको रूपमा टिप्पणी र विश्लेषण हुन थालेको छ ।

‘प्वाइन्ट फोर’ कार्यक्रमको घोषणा अमेरिकी राष्ट्रपति ह्यारी एस. ट्रुम्यानले सन् १९४९ जनवरी २० मा आफ्नो दोस्रो कार्यकालको शपथ ग्रहण भाषणका क्रममा गरेका थिए । उनको भाषणको चौथो बुँदामा आधारित भएकाले यसलाई ’प्वाइन्ट फोर प्रोग्राम’ भनिएको हो।

नेपाल र अमेरिकाबीच यस सम्झौतामा सन् १९५१ जनवरी २३ (वि.सं. २००७ माघ १० गते) मा हस्ताक्षर भएको थियो । नेपालमा प्रजातन्त्र आउनु ठीक २५ दिनअघि राणा शासनकै पालामा यो सम्झौता भएको थियो ।

विश्वभरि कम्युनिज्मको विस्तारलाई रोक्ने उद्देश्यमा आधारित थियो प्वाइन्ट फोर एग्रिमेन्ट ।

अमेरिकाको बुझाइ थियो कि “साम्यवाद गरिबी, अभाव र भोकमरीमा फस्टाउँछ ।” यदि विकासोन्मुख देशहरूको आर्थिक अवस्था सुधारियो भने त्यहाँका जनता कम्युनिस्ट विचारधारातर्फ आकर्षित हुँदैनन् भन्ने रणनीतिका साथ यो ल्याइएको थियो ।

चीनमा सन् १९४९ मा कम्युनिस्ट क्रान्ति सफल भएपछि अमेरिका दक्षिण एसियामा कम्युनिस्ट प्रभाव बढ्न नदिन सतर्क थियो । नेपाल जस्तो रणनीतिक स्थानमा आफ्नो उपस्थिति बलियो बनाउन यो सम्झौता एक हतियारको रूपमा प्रयोग गरिएको थियो ।

नेपालमा यसै सम्झौतामार्फत ‘गाउँ विकास कार्यक्रम’ सुरु भएको थियो । राप्ती दून (चितवन) को विकास र औलो उन्मूलनमा यसको ठूलो हात थियो । यद्यपि, वामपन्थी विश्लेषकहरूले यसलाई अझै पनि नेपालमा अमेरिकी ‘सफ्ट पावर’ र ‘साम्राज्यवाद’ प्रवेशको पहिलो खुड्किलोका रूपमा टिप्पणी विश्लेषण गरिएको छ ।

त्यसयता अमेरिकी आइएनजिओले नेपालको सामाजिक आन्दोलन उठान गर्दै जेनजी आन्दोलनपछि नेपालको सम्पूर्ण सत्ता पुनसंरचना गर्ने स्थितिमा पुगेका छन् । फागुन २१ पछि एउटा ग्राण्ड डिजाइन र सेटिङमा रास्वपाको एकलौटी सरकार बन्ने स्थिति बनेको *बाँकी ७ पेजमा*

## पूर्वप्रम केपी ओली र गृहमन्त्री लेखक पक्राउ



काठमाडौं । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पक्राउ परेका छन् । ओलीको गुण्डुस्थित निवासमा प्रवेश गरेर प्रहरीले पक्राउ गरेको हो ।

अपराध अनुसन्धान कार्यालय टेकुका एसएसपी सन्तोष खड्का नेतृत्वको टोली ओली निवास प्रवेश गरेको थियो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एक अधिकृतले ओली पक्राउ गरेको पुष्टि गरे । उनलाई पक्राउ गर्न रातिदेखि नै प्रहरी टोली ओली निवास गुण्डु पुगेको थियो ।

ओली नेतृत्वको तत्कालीन सरकारका गृहमन्त्री रमेश लेखकलाई पनि आज बिहान प्रहरीले भक्तपुरको कुटुन्जेस्थित निवासबाट पक्राउ गरिसकेको छ ।

भदौ २३ गतेको जेनजी आन्दोलनमा १९ जनाको ज्यान जाने घटनामा संलग्न भएको आरोपको *बाँकी ७ पेजमा*

# ६१औँ अन्तर्राष्ट्रिय जातिभेद उन्मूलन दिवसका सन्दर्भमा नेपाल–भारत संयुक्त प्रेस विज्ञप्ति

दक्षिण अफ्रिकाको सार्पभिलेमा २१ मार्च १९६० मा रंगभेदी शासनविरुद्ध शान्तिपूर्ण प्रदर्शन गरिरहेका निहत्था नागरिकमाथि राज्यले गोली चलाइ ६९ जनाको हत्या गरेको थियो । उक्त ऐतिहासिक नरसंहारको स्मरणमा आज २१ मार्च, अन्तर्राष्ट्रिय जातिभेद उन्मूलन दिवस मनाउने सन्दर्भमा जातिभेद, रंगभेद र नस्लभेद विरुद्ध संघर्षका क्रममा सहादत प्राप्त गर्ने ज्ञात–अज्ञात महान् वीर सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै, बेपत्ता र घाइते योद्धाहरूको उच्चसम्मान र स्मरण गर्दै नेपाल र भारतका दलित मुक्ति आन्दोलनका संगठित मोर्चा तथा संगठनहरूले २१ मार्चको सन्दर्भमा यो संयुक्त प्रेस विज्ञप्ति जारी गरेका छौं ।

सार्पभिलेमा झैं दक्षिण एसियाली समाज, विशेषतः नेपाल र भारत लगायत देशहरूमा शताब्दीयौंदेखि वर्ण व्यवस्थामा आधारित जात प्रणालीका



आधारमा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक उत्पीडन, बहिष्करण र शोषण कायमै रहेको छ । जसलाई “विशिष्ट प्रकारको ९अउलङ्घनीय० श्रम विभाजन र अशिष्ट ९छुवाछूतसहितको० समाज व्यवस्था”का रूपमा मार्क्सले संश्लेषण गर्नु भएको थियो । जात, रंग लगायतका आधारमा दलित समुदायमाथि ऐतिहासिक अन्याय, सामाजिक बहिष्करण, संरचनागत विभेद र राज्यपोषित उत्पीडन हुँदै आएको छ ।

नेपालका उत्पीडित दलित समुदाय र न्यायप्रेमी जनताले वर्ण व्यवस्थामा आधारित जात प्रणालीविरुद्ध लामो संघर्ष गर्दै आएको इतिहास रहेको छ । साथै प्रतिक्रियावादी राज्यव्यवस्था विरुद्ध १० वर्षे जनयुद्ध र शान्तिपूर्ण आन्दोलनको बलमा शाहवंशीय राजतन्त्र अन्त्य गरे तापनि सामाजिक संरचनामा जरा गाडेको वर्ण व्यवस्थामा आधारित जात प्रणाली *बाँकी ७ पृष्ठमा*

## नेकपा एमालेका कार्यकर्ताहरू सडकमा



काठमाडौँ । नेकपा (एमाले)का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई उनकै निवास भक्तपुरको गुण्डुबाट हिजो चैत्र १४ गते बिहान ४ बजेतिर प्रहरीले गिरफ्तार गरेपछि एमालेका कार्यकर्ताहरू आन्दोलित भएका छन्। बिहान १० नबज्दै एमालेका कार्यकर्ताहरू करीव ३० जनाको संख्यामा काठमाडौंको चाबहिल चोकमा जम्मा भएर विरोध प्रदर्शन गरेका थिए । दिनमा माइतीघरमा १५० कार्यकर्ता जम्मा भएर विरोध प्रदर्शन गरेका थिए । माइतीघर देखि नयाँ बानेश्वर सम्म दिनभरि जसो तनावग्रस्त स्थिति रहेको थियो। केही निजी गाडी तोडफोड भएका थिए । प्रदर्शनकारीहरूले सडकका डिभाइडर र टायर जलाएका थिए । केपी वलीलाई रिहा गर ।हत्यारा गृहमन्त्री राजीनामा दे ! हत्यारा प्रधानमन्त्री बालेन मूर्दावाद ! लगायतका *बाँकी ७ पृष्ठमा*

## अमेरिकाले इरानमा स्थल सेना पठाउनु भियतनाम युद्ध जस्तै आत्मघाती हुने



काठमाण्डौ । अमेरिकाले इरानमा आक्रमण गरको एक महिना पुग्न लागेको छ । इरानले अमेरिकी–इजरायल हमलाको प्रतिक्रियास्वरूप खाडी देशहरूका अमेरिकी बेस क्याम्पहरूमा हमला जारी राखेको छ ,नरोक्ने बताइरहेको छ । यो अवस्थामा अमेरिकी राष्ट्रपतिले पाँच दिनको युद्धविराम भएको बताए पनि इरानले त्यो झूठ भएको प्रतिक्रिया दिएको छ । यो अवस्थामा अमेरिकाले स्थलसेना इरानमा उतार्न सक्ने आँकलनहरू भइरहेका छन् । इरानमाथि भारी आक्रमण गर्नकोलागि पाँच दिन रोकिएको बहाना भएको हुनसक्ने विश्लेषणहरू आइरहेका छन् । अमेरिकाले *बाँकी ७ पृष्ठमा*

## पार्टीमा देखिएका सङ्गठनसम्बन्धी समस्या र चुनौतीहरु

क्रान्ति सम्पन्न गर्नका लागि सही राजनैतिक कार्यदिशा हुनुको साथै त्यो कार्यदिशालाई सफलतामा पुऱ्याउनको लागि क्रान्तिकारी पार्टीको आवश्यकता अनिवार्य छ । क्रान्तिकारी पार्टी बिना क्रान्तिकारी राजनैतिक कार्यदिशा सफल हुन सक्दैन । त्यसकारण पार्टीलाई कसरी क्रान्तिकारी बनाउने भन्ने प्रश्न अत्यन्तै महत्वपूर्ण प्रश्न हो । पार्टीमा रहेका कमीकमजोरीहरूलाई हटाएर मात्र एउटा क्रान्तिकारी पार्टी निर्माण गर्न सकिन्छ । त्यसैले यहाँ पार्टीमा देखिएका मुख्य–मुख्य समस्याहरूको पहिचान र त्यसको निराकरणको बारेमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

***१) जनाधार निर्माणमा समस्या***

ऐतिहासिक भौतिकवादले इतिहासको निर्माता जनता हुन भन्दछ । व्यापक जनताको सहभागिता बिना कहीँको पनि क्रान्ति सफल भएको छैन । पार्टी जति सुकै अनुशासित र क्रान्तिकारी भए पनि यदि त्यस पार्टीको व्यापक जनाधार छैन भने त्यस्तो पार्टीले क्रान्ति सम्पन्न गर्न सक्दैन । त्यसकारण पार्टीले जनताको ठुलो हिस्सालाई क्रान्तिमा सहभागी बनाउन सक्नु पर्दछ । कम्युनिस्ट पार्टी सर्वहारा वर्गको राजनैतिक पार्टी भएको हुनाले उसले मुख्यतः सर्वहारा वर्ग तथा श्रमिक जनताको बीचमा जरा गाड्न सक्नु पर्दछ । सोभियत सङ्घको कम्युनिष्ट पार्टी (बोल्सेभिक)को इतिहासमा भनिएको छ– “पार्टीको इतिहासले हामीलाई के सिकाउँछ भने जबसम्म



● रामसिंह श्रीस ●

आम जनतासित पार्टीको व्यापक सम्बन्ध हुँदैन, जबसम्म त्यसले स्वसम्बन्धलाई निरन्तर बलियो पार्दैन, जबसम्म *बाँकी ४ पृष्ठमा*

## सम्पादकीय

### साम्राज्यवादी प्लटिङमा कम्युनिस्टविरोधी बालेन सरकार

नेपालमा कम्युनिस्ट आन्दोलनमा आबद्ध र आकर्षित हुनबाट विध्यार्थीहरूलाई रोक्न पश्चिमा डिजाइनमा सन् २०१० मा नेपालका सरकारी विश्वविद्यालयहरूबाट 'प्रवीणता प्रमाणपत्र तह) फेजआउट गरियो । र, निजी प्लस टुलाई अनिवार्य गरियो । यसको मुख्य उद्देश्य थियो- दश कक्षा पासपछि कलेज पढ्न जाने विद्यार्थीहरू राजनीतिक पार्टी मूलत कम्युनिस्ट पार्टीका भातृ संगठनहरूमा विद्यार्थीहरू आबद्ध वा संगठित नहोऊन्, उनीहरूमा कम्युनिस्ट स्कूलिङ तथा प्रभाव नियन्त्रण गर्नु । प्लस टु (निजी) कलेजमा विद्यार्थी संगठन विस्तार गर्न निषेध गर्नु । तर ती युवाहरूमध्येका तुलनात्मक रूपमा क्षमता र प्रतिभावान विद्यार्थीहरूमा आफ्नो प्रभाव विस्तार गर्न, उनीहरूलाई विभिन्न प्रलोभन देखाएर आफ्नो सफ्ट पावरको रूपमा विकास गर्न अमेरिकी दूताबासले युथ काउन्सीलको सुरुवात गर्नु । २०११ देखि अमेरिकी दूताबासले युथ काउन्सीलको सुरुवात गर्‍यो । देशभरिका २० देखि ३० वर्ष उमेर समूहका करिब ५०-५५ जना युवाहरूलाई व्यक्तिगत रूपमा छनोट युथ काउन्सीलमा छनौट गरिन्छ । यस्ता काउन्सीलहरूलाई 'साम्राज्यवादी सफ्ट पावर' को रूपमा पनि विश्लेषण गर्ने गर्छन्, जसले युवाहरूलाई आफ्नो वैचारिक प्रभावमा पार्न खोज्छ ।

अमेरिकाले आफ्नो हलिउड चलचित्र, पप संगीत, र प्रविधिमार्फत् विश्वभरिका युवाहरूको मनोविज्ञानमा प्रभाव पार्छ । जब कुनै देशका नागरिकहरू अमेरिकी जीवनशैली र "उदार लोकतन्त्र" का प्रशंसक हुन्छन्, त्यहाँको सरकारलाई अमेरिका विरुद्ध जान जनस्तरबाटै गाह्रो हुन्छ । यसबाट बिस्तारै हाम्रोजस्तो देशको पूर्वाधार र सुरक्षा नीतिमा अमेरिकाको पदचाप बढ्दै जान्छ, जसले अन्ततः सामरिक पहुँचका लागि बाटो खोल्छ ।

अमेरिकाले पहिले मानिसको "मन र मस्तिष्क" जित्न सफ्ट पावर प्रयोग गर्छ। जब मन र मस्तिष्क जितिन्छ, तब त्यो देशको जमिन, सेना र स्रोतमाथि नियन्त्रण गर्न (हार्ड पावर प्रयोग गर्न) खासै ठूलो प्रतिरोध हुँदैन ।

जेनजी विद्रोहको पृष्ठभूमि, जेनजी विद्रोहदेखि चुनावको नतिजासम्म आइपुग्दा साम्राज्यवादको यही डिजाइन स्थापित हुन पुगेको छ । र, अन्ततः बालेन सरकारले दलीय विद्यार्थी संगठन नै खारेज गरिदिएको छ । कम्युनिस्ट पार्टी क्याडर बेस्ड पार्टी हो । एक अनुशासित संगठनमा आधारित पार्टी वा आन्दोलन हो । जनसंगठन र मोर्चा संगठन कम्युनिस्ट पार्टीका हात खुट्टा हुन् । पार्टीलाई जनतासँग जोड्ने र जनतालाई पार्टीसँग जोड्ने पुल (माध्यम) हुन् । तीनै संगठनमाथि बालेन सरकारको पहिलो मन्त्रिपरिषद्को पहिलो बैठकले बालेन सरकारले गर्ने १०० बुँदे कार्यसूचि पारित गरेको छ । पारित कार्यसूचिको १२ नं बुँदामा भनिएको छ,

"सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने । यस उद्देश्यका लागि निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सबै राष्ट्रसेवकले कुनै पनि दल, समूह वा स्वार्थ केन्द्रसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आबद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गर्ने र उलंघन भएमा प्रचलित कानुनबमोजिम कडाइका साथ विभागीय कारबाही गर्ने । साथै, सार्वजनिक प्रशासनमा दलीय ट्रेड युनियन खारेज गरी अवाञ्छित हस्तक्षेप र अनौपचारिक दबाबको अन्त्य गर्दै निर्णय प्रक्रिया तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने । यसका लागि आवश्यक कानुनी व्यवस्था विशेषतः संघीय निजामती सेवा विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने ।" निजी औद्योगिक प्रतिष्ठानले पनि यही नीतिलाई अंगिकार गर्ने देखिन्छ । मजदुर तथा श्रमिक वर्गको पेशागत अधिकारमाथि प्रत्यक्ष रूपमा हमला त गरिएको छ साथै, उनीहरूको हक, हित र अधिकारको लागि आवाज उठाउँदै आएका ट्रेड युनियनको अस्तित्व नै नामेट पार्ने तयारी गरिएको छ ।

अर्कोतिर सोही कार्यसूचिको ८६ नं मा भनिएको छ, "शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप, विद्यार्थीको वास्तविक आवाज नसमेटिने र शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय/विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठनको संरचना हटाई ९० दिनभित्र विद्यार्थी परिषद् संयन्त्रको विकास गर्ने भनिएको छ । शैक्षिक क्षेत्रको निजीकरण, व्यापारीकरण, माफियाकरणलाई बढवा दिने गरी स्ववियु तथा अन्य दलीय संगठन निर्माणमा प्रतिबन्ध लगाउन खोजिएको छ । साम्राज्यवादी दलाल केही बुद्धिजीवीहरूले रास्वपाको यही नीतिले कम्युनिस्टहरूको 'बन्ध्याकरण' गरिदिएको टिप्पणी समेत गर्न भ्याएका छन् । विशेगरी आफूलाई भूराजनीतिक विश्लेषक रूपमा चिनाउने अरुण सुवेदीले यस्तो भाष्य प्रयोग गर्दै आएका छन् । ती तमाम प्रतिक्रियावादी तथा भूराजनीतिक भ्रमहरूलाई चिर्दै कम्युनिस्ट राजनीतिलाई नयाँ ढंगले संगठित रूपमा अगाडि बढाउनुपर्ने दायित्व सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूको काँधमा आएको छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# बृहत् वाम एकता आजको प्रमुख आवश्यकता



● डा. केशव देवकोटा ●

**नेपालको आजको प्रमुख आवश्यकता भनेको बृहत् वाम एकता हो । विवादका विषयहरू खोतल्दै जाने होभने पार्टी स्थापनामा भएको विवादको कुरा पनि आउन सक्दछ । नेपालमा कम्युनिष्ट पार्टीहरूबीचको एकताको प्रमुख आधार पहिलो मार्क्सवाद-लेनिनवाद हुनसक्छ । त्यसमा माओवादलाई थपियो भने कतिपयले माओवाद मान्दैनन् । कतिपयले माओ विचार धारा मानेका छन्भने कतिपयले त्यसलाईसमेत नस्वीकारेको अवस्था छ । त्यसैले मार्क्सवाद-लेनिनवादलाई मात्र आधार बनाएर एकताको प्रक्रिया अगाडि बढाइनु राम्रो हुन्छ । दोश्रो कुरा सबैले आ-आफ्ना मागहरू अगाडि सारेका छन् । ती मागमा जनसरोकार र जनजीविकाका सवालहरूमा प्रायः सबै कम्युनिष्ट घटकहरूको विचारमा समानता रहेको पाइन्छ ।**

नेपालका लागि बृहत् वाम एकता आजको प्रमुख आवश्यकता भएको छ । खासगरी गत भदौ २३ र २४ मा भएको बिध्वंश र त्यसैलाई आधार बनाएर भदौ २७ मा राष्ट्रपतिबाट चालिएको कदमका कारण हाल कुनै बिचार र दर्जन बिनाको झुण्ड सरकारमा पुगेको छ । गत शुक्रबारमात्र गठन भएको सरकारले आफ्नो पदभार समेत राम्ररी ग्रहण गरेर बस्तुस्थिति बुझ्नि नसक्दै जसरी राज्य आतंक सिर्जना गर्ने/गराउने प्रयास थालेको छ, त्यसको मुख्य प्रहार नेपालको कम्युनिष्ट शक्तिमाथि केन्द्रित रहेको देखिएको छ । नेपालमा दर्जन बढी कम्युनिष्ट नामधारी पार्टीहरू रहेका छन् । सबैले गरेका गतिबिधिलाई एकमुष्ठ आधार बनाएर कम्युनिष्ट पार्टी र तिन्का नेताहरूमाथि प्रहारगर्न थालिएको छ । त्यसैले कम्युनिष्ट नाम भएका क्रान्तिकारी र संसदवादी सबै पार्टी अटाउने बृहत बाम एकताको टड्कारो आवश्यकता देखिएको छ । जसले नेपाल कम्युनिष्ट पार्टीको जन्मदिन र विश्व कम्युनिष्ट पार्टीका नेताहरूको स्मृति दिवसलगायतमा भएपनि सबै बाम पार्टीहरूलाई साझा मञ्चमा उपस्थित गराएर बिचारको मन्थन गराउन सकोस । जसका लागि केही प्रयासहरू पनि थालिएका छन् । तर ठूला र स्थापित कम्युनिष्ट पार्टीहरूले आडभरोषा नदिएसम्म बृहत बाममोर्चा बनाउन नसकिने अवस्था सिर्जना भएको छ । क्रान्तिकारी बाम पार्टीको खेमाबाट क्रान्तिकारी कम्युनिष्ट पार्टी, संसदवादी बाम पार्टीको खेमाबाट एमाले र मध्यपन्थी बाम खेमाबाट नेपाली कम्युनिष्ट पार्टीलगायतको यसतर्फ तत्काल ध्यानाकर्षण जरुरी भएको छ । जनस्तरबाट बृहत् वाम एकता आजको प्रमुख आवश्यकता भन्ने कुराहरू उठिरहेका छन् । हुन त वाम एकता २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएदेखिनै आकर्षक नारा रहँदै आएको छ । गत भदौ २७ को राष्ट्रपतिको कदमपछि पनि वाम एकताको कुरा उठेको थियो । हालै एमालेको सचिवालयको बैठक भयो, त्यहाँ पनि वाम एकताको कुरा उठ्यो । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले कतिपय कम्युनिष्ट पार्टीहरूका बीचमा पार्टी एकताको पहल गरिरहेको कुरा बाहिर आएका छन् । नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (माओवादी) ले कम्युनिष्ट एकतामा जोड दिएको छ । नेकपा (मसाल) ले आफ्नै पार्टीको मात्र चुनावी मोर्चाकारूपमा राष्ट्रिय जनमोर्चा बनाएको छ । यसअघिको संयुक्त जनमोर्चाकै धेरै अनुभवहरू रहेका छन् । तर, धेरै मोर्चाहरू टिकाउ भैरहेका छैनन् ।

त्यति हुँदाहुँदै पनि आवश्यकता भने सबैकाबीचमा खट्किएको छ । त्यसैले यो आवश्यकता र जनचाहनाको पूर्ति कसरी गर्ने ? त्यो आजको सबैभन्दा महत्वपूर्ण बहसको विषय भएको छ । कतिपयले पूर्वमाओवादी घटकहरूको एकताको कुरा गरे । त्यो सुन्दा कर्णप्रिय भए पनि असंभव हो । किनकि पूर्वमाओवादीका कतिपय घटकहरू संसदीय राजनीतिमा अभ्यस्त भएका छन्भने कतिपयले संसदीय राजनीतिलाई मानिरहेका छैनन् । कतिपयले त ०६२ मा दिल्लीमा भएको १२ बुँदे सहमति, ०६३ मा भएको शान्ति संझौता, संविधानसभाको निर्वाचन र ०७२ को संविधानलाई नै अमान्य घोषणा गरेका छन् । कतिपयले त्यसैलाई आफ्नो ठूलो उपलब्धि मानिरहेका पनि छन् । यस्तो अवस्थामा एकथरीले पूर्व माओवादीहरूको एकता र अर्कोथरीले पूर्व एमालेहरूको एकताभन्दै जाने होभने त्यो केवल बिवाद बढाउने कुरामात्रै हुन जान्छ । त्यसोभन्दै जाने होभने पूर्व चौथो महाधिवेशन समर्थकहरूको एकता अथवा चौथो महाधिवेशनलाई मान्यता नदिनेहरूको एकतालगायतका कुराहरू पनि आउन सक्दछन् । त्यसैले नेपालको आजको प्रमुख आवश्यकता भनेको बृहत् वाम एकता हो । विवादका विषयहरू खोतल्दै जाने होभने पार्टी स्थापनामा भएको विवादको कुरा पनि आउन सक्दछ । नेपालमा कम्युनिष्ट पार्टीहरूबीचको एकताको प्रमुख आधार पहिलो मार्क्सवाद-लेनिनवाद हुनसक्छ । त्यसमा माओवादलाई थपियो भने कतिपयले माओवाद मान्दैनन् । कतिपयले माओ विचारधारा मानेका छन्भने कतिपयले त्यसलाईसमेत नस्वीकारेको अवस्था छ । त्यसैले मार्क्सवाद-लेनिनवादलाई मात्र आधार बनाएर एकताको प्रक्रिया अगाडि बढाइनु राम्रो हुन्छ । दोश्रो कुरा सबैले आआफ्ना मागहरू अगाडि सारेका छन् । ती मागमा जनसरोकार र जनजीविकाका सवालहरूमा प्रायः सबै कम्युनिष्ट घटकहरूको विचारमा समानता रहेको पाइन्छ । त्यसलाई संयोजन गरेर कार्यगत एकतागर्न सकिने अवस्था पनि रहेको छ । त्यसैले हाल शुरुमा संसदमा रहेका र नरहेका सबै (संभव नभए जतिसक्दो बढी) कम्युनिष्ट पार्टीका दोश्रो तहका नेताहरू रहेको कम्युनिष्ट एकता मञ्चको गठन गरिनु पर्दछ । जसको मूल धेयनै कम्युनिष्ट पार्टीहरूकाबीचमा रहेका विवादलाई कमगर्ने र कमसेकम वर्षमा दुई-चार पटक भएपनि विचारहरूको विनिमय गराउने होस । मार्क्स, ऐङ्गेल्स, र लेनिनलगायतका अन्तर्राष्ट्रिय कम्युनिष्ट नेताहरूको जन्म जयन्ती एउटै मञ्चबाट मनाउन सकिने अवस्था छ । कतिपय विषयमा विचार फरक भए पनि एउटै मञ्चमा बसेर विचार विनिमय गर्न/गराउन सकिने अवस्था पनि छ ।

जस्तो कम्युनिष्ट पार्टीको स्थापना एकै पटक भएको हो । नेकपाको स्थापना २००६ सालको बैशाख १० गते कलकत्ताको श्यामबजारस्थित एक बंगालीको घरमा भएको थियो भनिन्छ । संस्थापक महासचिव पुष्पलालले 'नेपालको कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास'मा आफूले नेकपा स्थापना गरिसकेपछि मात्र पार्टीको निर्णयअनुसार 'मार्क्सवादी अध्ययन मन्डल' गठन गरेको उल्लेख गर्नुभएको छ । जुन अध्ययन मण्डलमा हिक्मतसिंह भण्डारी, प्रयागलाल, शमशेर चाँद र डा. केशरजंग रायमाझी सदस्य रहनुभएको थियो । नेकपाको स्थापनागर्दा पुष्पलालका अतिरिक्त संस्थापक सदस्यमा मोतीदेवी श्रेष्ठ, निरञ्जनगोविन्द बैद्य, नरबहादुर कर्माचार्य र नारायणविलास जोशी रहनु भएको थियो । बैशाख १० गते पार्टी खोले पनि यसलाई गोप्यनै राखिएको थियो र सोही सालको भदौ ३० गते नेकपा स्थापनाको औपचारिक जानकारी बाहिर ल्याइएको पनि भनिन्छ । त्यतिबेला पार्टी स्थापनाको जानकारीदिँदा यसअघिका पाँचजना संस्थापकमध्ये पुष्पलालबाहेक अरु कोही थिएनन् । सो दिन पुष्पलालसँग घोषित केन्द्रिय समितिमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शैलेन्द्रकुमार उपाध्याय, डीपी अधिकारी र भाइसाहेब भनिने अयोध्या सिंह हुनुहुन्थ्यो । अयोध्या सिंह भाकपाका प्रतिनिधि हुनुहुन्थ्यो । २००८ सालको असोजमा नेकपाको पहिलो सम्मेलन कलकत्तामा हुँदासम्म नेकपाको विधाननै थिएन । २००८ सालदेखि नै नेकपाका राजतन्त्र र गणतन्त्रकाबारेमा पार्टीभित्रै संघर्ष शुरुभएको थियो । संस्थापक महासचिव पुष्पलाल आफैँले २००८ सालको प्रथम सम्मेलन पछिबाटै पार्टीमा संशोधनवादको प्रवेश भएको आफ्ना रचनाहरूमा उल्लेख गर्नुभएको पाइन्छ । २०१० सालमा पाटनमा भूमिगतरूपमा भएको पहिलो अधिवेशनमा तत्कालीन महासचिव मनमोहन अधिकारीले नै संशोधनवादलाई संस्थागतरूपमा प्रवेश गराएको कुरा पनि उठेको थियो । नेकपाको प्रथम घोषणापत्र गणतन्त्रवादी भए पनि दोश्रो अधिवेशनले वैधानिक राजतन्त्र स्वीकार गरेको देखिएको थियो । २०४७ सालमा गठन भएको एमालेको लाइन नै मनमोहनले २०१० सालमा पारित गराएको संशोधनअनुरूप रहेको मानिन्छ । जसको नेतृत्व माधव नेपाल, झलनाथ खनाल र केपी ओलीहुँदै अगाडि बढेको छ । २०१७ सालको पुस १ गतेको काण्डमा पनि नेकपामा स्पष्ट बिभाजन देखिएको थियो । नेकपा स्थापनाको १३ वर्षपछि पहिलोपटक औपचारिकरूपमा फुटेको र त्यसपछि फुटका अनगिन्ती शृंखलाहरू शुरु भएको देखिएको छ । आज पनि त्योक्रम जारीनै छ । समयक्रममा हिजोका कतिपय क्रान्तिकारीहरू आज दक्षिणपन्थी र संसदवादी खेमामा पुगेका छन् । तर, पनि उनीहरूले आफूलाई कम्युनिष्ट भन्न छाडेका छैनन् ।

नेपालमा रहेका प्रायः कम्युनिष्टहरूमा बैचारिक कुरामै केही नमिलेजस्तो देखिएको छ । खासमा कम्युनिष्ट पार्टीहरू मित्रशक्ति हुन् । उनीहरू शत्रु शक्तिमा परिणत भएभने त्योभन्दा खतराको कुरा अरु केही पनि हुन सक्दैन । जसले नेपालमा रहेका कम्युनिष्टलाई नै समस्या बनाउँछ । कुनै न कुनै समयमा कम्युनिष्टहरू एक भएर काम गर्नैपर्ने हुन्छ । ७० प्रतिशतभन्दा बढी कम्युनिष्टहरू रहेको मुलुक नेपालमा उनीहरूकै बीचमा एकता नहुनु विश्वकै लागि दुखद् खबर हो । त्यसैले कम्युनिष्ट पार्टीहरूका बीचमा रहेका विवादहरूलाई हलगर्नु सबैका लागि बाध्यता पनि रहेको छ । कम्युनिष्ट पार्टीका बारेमा जनमानसमा सधैँ भ्रमको अवस्था रह्योभने त्यसले संसदीय निर्वाचनमा भाग लिएका र नलिएका दुबैथरीलाई हानी गर्छ । यो कुरालाई अस्थित्वमा रहेका सबै कम्युनिष्ट पार्टीले स्वीकार गरेर त्यसको समाधान कसरी गर्ने/गराउने भन्ने उपायको खोजीमा लाग्नुपर्दछ । जसका लागि तत्काल अत्यन्त लचिलो खालको कम्युनिष्ट एकता मञ्चको स्थापना हुनुपर्दछ । सो मञ्चले नेपालका कम्युनिष्ट पार्टीहरूका बीचमा रहेका बिवाद र मेलका कुराहरूको अध्ययन अनुसन्धान गरेर विवादका कुराहरूलाई क्रमशः न्युनीकरणगर्दै लाने सूत्रहरूको विकासगर्नु आवश्यक छ । कमसेकम वर्षमा दुई-चार पटकमात्रै भए पनि सबै कम्युनिष्ट पार्टीहरूका बीचमा साझा कार्यक्रमहरू हुन सकेभने यसले चुनावमा भाग लिने र नलिने दुबैथरीलाई फाइदा गर्दछ । त्योभन्दा पनि बृहत् वाम एकताले नेपालका शोषित पीडितकासाथै आमनेपाली जनतालाई फाइदा हुन्छ । विदेशी हस्तक्षेप कमगर्न सकिन्छ । त्यसैले वाम एकताको अभियानलाई नयाँ ढंगले उठान्गर्नु जरुरी देखिएको छ । पछिल्लो राजनीतिक स्थितिका कारण बृहत् बाम एकताको अभियानलाई तत्काल अगाडि बढाउनु जरुरी छ ।

# पाँचखालका किसानलाई आलु खन्ने चटारो



काभ्रे । काभ्रे स्थित पाँचखालका किसानलाई अहिले आलु खन्न भ्याइ नभ्याई छ। व्यापारी र उपभोक्ता आलु किन्न खेतबारीमै पुगिरहेका छन् । खेतबारीमै पुग्ने हो भने १२-१५ रूपैयाँ किलोले आलु पाइने गरेको छ ।

आलुले मूल्य नपाएपछि किसान भने चिन्तित छन्। आलुको मूल्य निकै खस्केकाले किसानको लागतसमेत उठ्न हम्मे-हम्मे भएको छ । आलुले किन भाउ पाएन भन्नेमा किसानहरू पनि अनभिज्ञ छन् । लामो समयपछि आलुको भाउ यति धेरै घटेको उनीहरूको अनुभव छ ।

किसानहरूका अनुसार गत साल प्रतिकिलो २५ रूपैयाँसम्म बिक्री भएको थियो । यसपालि १२ रूपैयाँसम्म झरेको छ । सरकारले किसानलाई मर्का नपर्ने गरी न्यूनतम मूल्य तोक्नुपर्ने वा सरकारले नै किन्नुपर्ने किसानको भनाइ छ । उनीहरू भन्छन हामीले मूल्य पाएका छैनौं उपभोक्ताले महँगोमा किन्नुपर्छ ।

# रास्वपाको सरकार पनि साम्राज्यवादको कठपुतली सरकार हो

*(सूचनासञ्चार मिडियाका लागि चिन्ता मणि पौडेलसित आरोहले अन्तर्वार्ता लिनुभएको थियो। यो अन्तर्वार्ता मार्च २४ मा प्रसारण भएको थियो। अन्तर्वार्ता समय सान्दर्भिक ठानेर अन्तर्वार्ताको भाव र सारसंक्षेप यहाँ दिइएको छ। -सम्पादक)*



**❑ चिन्तामणि पौडेल, पोलिटब्युरो सदस्य तथा ९ नम्बर ब्युरो सचिव, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल**

***देशको पछिल्लो राजनीतिक घटनाक्रमलाई यहाँले कसरी हेरिरहनुभएको छ ?***

देशको पछिल्लो राजनीतिक घटनाक्रम अत्यन्त गम्भीर र संवेदनशील छ। भर्खरै निर्वाचनको परिणाम सार्वजनिक भएको छ। हामीले जे विश्लेषण गरेका थियौ करिब त्यही हाम्रो पूर्व अनुमान र विश्लेषण अनुरूप नै निर्वाचनको परिणाम आएको हामीले ठानेका छौं। यो निर्वाचन प्रायोजित र योजनाबद्ध छ भन्ने हामीले विश्लेषण गरेका थियौं आखिर त्यही नै भयो। भाद्र २३ र २४ गतेको जेन्जी विद्रोहको नाममा भएको विद्रोह साम्राज्यवादीहरूको योजनाको कार्यान्वयन थियो। त्यस विद्रोहको जगमा सासाम्राज्यवादीहरूको कठपुतली सरकार -सुशीला कार्की नेनृत्वको कठपुतली सरकार निर्माण भएको थियो। यस्तो कठपुतली सरकारले गराएको निर्वाचनलाई स्वीकार गरिनु हुँदैन। निर्वाचन बहिष्कार गर्नु पर्छ भनेर बहिस्कार गरेका थियौं। निर्वाचनबाट साम्राज्यवादका कठपुतलीहरूबहुमतमा आएका छन्। यसैका निम्ति त्यो चुनाव गरिएको थियो। राष्ट्रिय स्वाधिनताको लडाई लड्नुपर्ने बेला आएको हामीले ठानेका छौ।

***भर्खरको निर्वाचनबाट निर्वाचित भएर आएको रास्वपा र त्यस पार्टीसँग सम्बन्धित नेताहरू साम्राज्यवादीहरूका गोटी हुन भन्न खोज्नु भएको हो ?***

निस्चय नै। विभिन्न एनजिओ आइएनजीओहरू खोलेर साम्राज्यवादका मिसनहरूलाई पूरा गर्नका निम्ति धेरै पहिलेदेखि काम गरिएको थियो। अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको संयुक्त योजनामा आफ्ना साम्राज्यवादी र विस्तारवादी कामलाई अगाडि बढाउने काम भइरहेको थियो। त्यही योजना अनुसार आफ्ना एजेन्टहरूलाई वैधानिकता दिनका लागि यो चुनावको नौटंकी गरिएको थियो। अहिले बहुमत लिएर आएको पार्टीको पृष्ठभूमि, तिनले गर्दै आएका कामहरू, तिनीहरूले छरेका भ्रमहरू -यी सबै साम्राज्यवादी डिजाइनमै भएका हुन्। त्यहाँ भित्र पनि केही देशभक्तहरू होलान्। भोलिका दिनहरूमा त्यो कुरा चाहिँ स्पष्ट हुँदै जानेछ। यसको मूल उद्देश्य भनेको अमेरिकी साम्राज्यवादको नीति निर्देशनलाई पालना गर्ने हो। देखिहाल्नुभयो विगतमा साम्राज्यवादी परियोजना एमसीसी पारित गरियो। एसपीपी पारित हुन बाँकी थियो। नेपाली सेनाले एसपीपी सम्बन्धी केही प्रक्रिया अगाडि बढाएको छ। एसपीपीलाई पारित गर्ने , नेपालमा अमेरिकी साम्राज्यवादको सैनिक क्याम्प खडा गर्ने र दक्षिण एसियामा इन्डोप्यासिफिक स्ट्राटेजीको कामलाई अगाडि बढाउने त्यो सबै योजना अन्तर्गत नै यी कामहरू भइरहेका छन्। एम.सी.सी. सम्झौतामा जान सकिँदैन भनेर मन्त्रिपरिषदले भनिसकेपछि लगत्तै यो रास्वपा भन्ने पार्टी गठन भएको छ। विगतमा पुराना संसदवादी राजनीतिक दलहरूले पनि साम्राज्यवादको दलाली गरेका हुन् तर उनीहरूबाट मात्रै ती सबै काम पूरा नहुन सक्ने जस्तो देखिएपछि नयाँ दलाल र नयाँ पपेटलाई अगाडि सारिएको हो।

***राष्ट्रिय स्वतन्त्र पार्टीले अब देश नयाँ हुन्छ। यहाँ भ्रष्टाचारको अन्त्य हुन्छ। रोजगारी हुन्छ। नेपाल अब नयाँ नेपाल हुने भयो भनेर भनिरहेको छ त ! त्यसो भए यी गफ मात्र हुन् त ?***

यस्ता लोकप्रिय कुरा गरेर मान्छेलाई आकर्षित गर्न सकिन्छ। भ्रम छर्न सकिन्छ। हाम्रो भूमि, हाम्रो राष्ट्रिय स्वाधीनता सबैभन्दा मुख्य कुरा हो। रोजगारी, विकास यस्ता कुरा नगरिकन मान्छेले भोट दिँदैन। हिजोका राजनीतिक दलहरूले पनि त्यही गर्थे। काङ्ग्रेस , एमाले, माओवादी केन्द्रले गरेका ज्यादती ,भ्रष्टाचार व्यथिति सबैले मानिसहरू वाक्क भएका थिए। जनताको त्यस किसिमको निराशा, हतोत्साहलाई उनीहरूले दुरूपयोग गरेर , अनि विकास निर्माण, सुशासन, भ्रष्टाचार विरोधी कुरा गरेर उनीहरूले जनतालाई आकर्षित गर्न सफल भए। मोबाइल, सामाजिक सञ्जाल आदिलाई प्रयोग गरेर नेपाली जनताको मानसिकतालाई कब्जा गर्न सफल भए। यो ७२ को संविधान नै जनताको संविधान होइन र जनताका आधारभूत समस्याहरू यसबाट सम्भव छैन। वर्तमान संसदीय व्यवस्थाको घेरा भित्रबाट जनताको समस्या समाधान हुनेवाला छैन। वास्तविक मुक्तिका लागि नयाँ जनवाद र वैज्ञानिक समाजवादकै बाटोमा जानुपर्दछ।

***विद्रोहबाट सत्ता लिनुपर्छ भन्ने कम्युनिष्टहरू पनि निकै कमजोर भएर गए। चुनाव लडेर बहुमत सिद्ध गर्नुपर्छ भन्ने कम्युनिस्टहरू पनि एकदमै कमजोर भएर गए र अब नेपालबाट कम्युनिस्टहरू पत्तासाप भएका छन् भन्ने भाष्य निर्माण गरिँदैछ के साँच्चै नेपालबाट कम्युनिस्टहरू अब समाप्त हुँदै गएका हुन् त ?***

एमाले र माओवादी केन्द्रले कम्युनिस्टहरूलाई बदनाम गर्ने काम गरे। कम्युनिस्ट सिद्धान्तलाई बदनाम गर्ने काम गरे। जहिले समाज समाज वर्ग रहन्छ त्यतिन्जेलसम्म वर्गीय आन्दोलन जारी रहन्छ। त्यसकारणले चुनावबाट कहिले को आउँछ कहिले को आउँछ यस्तो त भइरहन्छ। तपाईलाई थाहा छ काठमाडौंमा पञ्चायतकालमा नानी मैया दाहाल जस्ता पात्रहरूले पनि निर्वाचन जितेका थिए। चुनावमा कसको के कति प्रतिशत मत आयो कसले जित्यो हार्यो भन्ने कुराले मात्रै दीर्घकालीन रूपमा कम्युनिष्ट आन्दोलनलाई निर्धारण गर्दैन। क्रान्तिकारी विचार राख्ने राजनीतिक पार्टी, व्यक्तित्व, समूहहरूसँग सहकार्य गर्दै हामी अगाडि बढ्ने सोचाईमा छौं।

***कम्युनिस्टहरू निर्वाचन लडेर निर्वाचनमा बहुमत प्राप्त गरेर आफ्नो उद्देश्यलाई लागू गर्न पनि नसक्ने र विद्रोहबाट पनि सत्ता कब्जा गर्न नसक्ने असफल आन्दोलन जस्तो भएन कम्युनिस्ट आन्दोलन ?***

हामीले जनसंघर्ष प्रतिरोध सङ्घर्ष र जनविद्रोहको माध्यमबाट सत्ता निर्माण गर्ने र समाजका व्यथिति अन्याय, अत्याचारको अन्त्य गर्ने , जनताको व्यवस्था स्थापना गर्ने गरिकन हामीले हाम्रो कार्यदिशा तय गरेका छौ। कम्युनिस्टहरू सधैं आफ्नो वर्गप्रति इमान्दार हुन्छन् तसर्थ हामी त्यो वर्गीय मुद्दालाई उठाएर जनसंघर्षलाई अगाडि बढाउछौं। हाम्रो जनसंघर्षलाई दमन गर्न प्रतिक्रियावादी सत्ता अवश्य पनि अगाडि आउनेछ। हामी त्यसलाई प्रतिरोध गर्नेछौं। प्रतिरोध संघर्षको बीचबाट हामीले शक्ति आर्जन गर्नेछौं र त्यसलाई सशस्त्र जनविद्रोहमा परिणत गरेर देशमा सत्ता निर्माण गर्नै छौं। यो कार्यदिशा हामीले तय गरेका छौं। त्यसो भएको हुनाले यो चुनावले मात्र आन्दोलनलाई त्यति धेरै चाहिँ महत्व राख्दैन भन्ने कुरा म राख्न चाहन्छु।

# बलात्कार र हिंसा विरूद्धको कानुन र हाम्रो जिम्मेवारी–२



● कल्पना पौडेल 'जिज्ञासु' ●

यद्यपि, जापानमा बलात्कारको कानूनी प्रक्रिया पीडितको सहमति र यौन सम्पर्कको प्रकृतिमा आधारित हुन्छ। यसले बलात्कारलाई ूशारीरिक बल प्रयोग गरेर यौन सम्पर्क स्थापना गर्नेू प्रक्रिया मान्ने प्रावधान राखेको छ।

यसरी, विभिन्न देशहरूको बलात्कारसम्बन्धी कानूनी संरचना फरक(फरक भए तापनि, सबैमा एक साझा उद्देश्य छ–बलात्कार र यौन हिंसाका अपराधीलाई कडा सजाय दिनु र पीडितलाई न्याय दिलाउनु। नेपालमा लागू गरिएको नयाँ कानूनी प्रावधानहरूले बलात्कारका अपराधीहरूलाई जन्मकैदको सजाय दिने व्यवस्था गरेको छ, १८ वर्षमुनिका युवतीसँग यौन सम्पर्कलाई अपराध ठहराइएको छ, र यस्ता घटनाहरूको प्रतिकारमा समाजको जागरूकता बढाउने उद्देश्य राख्दछ। यद्यपि, कानूनी सुधार केवल एउटा पहल होः सामाजिक र सांस्कृतिक परिवर्तनका लागि हाम्रा सबैको सक्रिय भूमिका आवश्यक छ।

हालसम्म, बलात्कार र हिंसा विरुद्धको कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा धेरै चुनौतीहरू देखिएका छन्। नयाँ कानूनी प्रावधानहरूमा कडा सजायको व्यवस्था गरिएको छ, तर व्यवहारमा केही प्रमुख अवरोधहरू पाइन्छन्।नेपालमा बलात्कारका घटनामा प्रमाण जुटाउन कठिनाइहरू रहेका छन्। प्रायः पीडित महिलाले घटनाको विवरण नबुझ्दै वा तनावको कारण घटनालाई खुलासा गर्न सक्दैनन्, जसले प्रमाणको अभावमा अपराधीलाई सजायबाट बच्नको अवसर दिन्छ। न्यायिक प्रक्रिया र प्रहरी प्रशासनमा कुप्रवृत्तिहरू र लापरवाहीका कारण कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा बाधा आउँछ। पीडितहरूको साहसलाई कमजोर पार्ने र अभियुक्तलाई दोषी ठहराउनमा असहजता देखिन्छ। न्यायालयमा लम्बे र जटिल कानूनी प्रक्रियाका कारण पीडितलाई पुनः पीडा भोग्नुपर्ने अवस्था आउँछ। न्यायको ढिलाइ र अदालतमा हुने गहिरो विचाराधीन मुद्दाले बलात्कारका न्याय सुनिश्चित गर्नमा समस्या उत्पन्न गरेको छ।

नेपालका धैरै ग्रामीण र प्रादेशिक क्षेत्रमा समाजिक र सांस्कृतिक मान्यताका कारण बलात्कारका घटनामा साँचो न्याय प्राप्त गर्न गाह्रो हुन्छ। बलात्कारको शिकार महिलाहरूको समाजमा मान(मर्यादा र सम्मान गुम्ने डर हुन्छ, जसले गर्दा उनीहरूले प्रहरी वा अदालतसम्म पुग्न हिचकिचाउँछन्। समाज र परिवारका दबाबका कारण पीडित महिलाले बलात्कारको मुद्दामा प्रहरी रिपोर्ट नगर्न सक्छन्, जसले अपराधीलाई दण्डित गर्न अवरोध उत्पन्न गर्छ। ग्रामीण क्षेत्रमा पुलिस र स्थानीय प्रशासनको कमजोर संरचनाले बलात्कारका मुद्दामा सहज अनुसन्धान र कानूनी कार्यान्वयन गर्न गाह्रो बनाउँछ।

बलात्कार र हिंसाका घटनामा सामाजिक चेतना र शिक्षा अभाव एक प्रमुख कारण बनेका छन्। यद्यपि सरकारले र विभिन्न संस्थाहरूले यस विषयमा जागरूकता अभियानहरू चलाएका छन्, ती अभियानहरू सम्पूर्ण समाजमा प्रभावकारी रूपमा फैलिन सकेका छैनन्। विशेष गरी, युवापुस्तामा बलात्कार र हिंसाका घटनाहरूको रोकथामका लागि कडा र यथार्थपरक शिक्षा आवश्यक छ। यदि हामी युवालाई यस विषयमा शिक्षा र चेतना दिने हो भने, भविष्यमा यस्ता जघन्य अपराधहरूको घटाटोप गर्न सम्भव हुनेछ। कानूनी सुधार महत्त्वपूर्ण छ, तर त्यसको प्रभावकारी कार्यान्वयनका लागि समाज र सरकार बीचको सहकार्य अपरिहार्य छ। बलात्कार र हिंसाका घटनाहरूको रोकथामका लागि व्यापक स्तरमा शिक्षा र जनचेतना अभियान चलाउनु आवश्यक छ। सामाजिक संरचनामा सकारात्मक परिवर्तन ल्याउन, अपराधीलाई संरक्षण गर्ने प्रवृत्तिलाई समाप्त गर्न, र बलात्कारीलाई निषेध गर्न सबैको जिम्मेवारी छ। महिला अधिकारकर्मी र सामाजिक अभियन्ताहरूले यस अभियानमा सक्रिय भूमिका खेल्नु अत्यन्त आवश्यक छ।

समाजले बलात्कारको शिकार महिलालाई हौसला दिनुपर्छ, अपराधीलाई समर्थन नगर्नु पर्दछ र कानूनी प्रक्रिया अनुसार दण्डित गर्ने कुरा स्वीकार्नु अनिवार्य छ। बलात्कारीलाई अपराधीको रूपमा समाजले सम्मान नगरी, उनलाई सख्त दण्ड दिनु हाम्रो नैतिक कर्तव्य हो। साथै, समुदायमा जागरूकता र सद्भाव फैलाउने कार्यमा सरकार र निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण छ। जबसम्म हामी समाजमा बलात्कार र हिंसाका अपराधहरूको विरोध गर्न सशक्त आवाज उठाउँदैनौं, तबसम्म कानूनी व्यवस्थाले मात्र प्रभाव देखाउन सक्दैन। नेपालका महिला संगठनहरूले बलात्कारीलाई मृत्यु दण्ड दिने पक्षमा आवाज उठाइरहेका छन्। अरब मुलुकहरूमा बलात्कारमा संलग्न व्यक्तिहरूलाई मृत्यु दण्ड दिइन्छ, र यसले बलात्कारका घटनामा कमी ल्याएको देखिन्छ। यद्यपि, नेपालमा यस प्रकारको व्यवस्था लागू गर्ने बारेमा समाजमा मिश्रित विचार पाइन्छ। केहीले यस्ता कठोर सजायलाई आवश्यक ठान्छन् भने, अरूलाई यो सोच लाग्दछ कि यसले केवल सजा नदिइ, बरु समाजमा हिंसा र अत्याचारको मानसिकता वृद्धि गर्न सक्छ। समाजको मानसिकता र संस्कारमा परिवर्तन ल्याउन शिक्षा र संवेदनशीलता अत्यन्त महत्त्वपूर्ण छ। युवापुस्तामा बलात्कार र हिंसाका बारेमा कडा शिक्षा र विचारधाराको निर्माण गर्नु आवश्यक छ। यसका लागि विद्यालय र सामुदायिक स्तरमा जनचेतनाका अभियानहरू चलाउनु पर्छ, ताकि भविष्यमा यस्ता घटनाहरू घट्न सकून्।

हामी सबैलाई थाहा छ कि समाजको उत्तरोत्तर विकसीत र सभ्य हुने यात्रामा, कानूनी व्यवस्था र नीतिहरूको एउटा अत्यन्त महत्त्वपूर्ण स्थान हुन्छ। जब कुरा महिलाको सुरक्षा र सम्मानको आउँछ, तब बलात्कार र हिंसा सम्बन्धी कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन अनिवार्य आवश्यकता बनाउँछ। बलात्कार एक यस्तो अपराध हो, जसले पीडितको शारीरिक र मानसिक स्वास्थ्यलाई सम्पूर्ण जीवनभर प्रभावित पार्छ। समाजमा यस किसिमका घटनाहरूको न्यूनतम स्तरमा ल्याउन नयाँ कानूनी प्रावधानहरू र तिनको प्रभावकारी कार्यान्वयन अत्यन्त जरुरी छ ,बलात्कारको अवधारणा समाजमा शारीरिक, मानसिक र सांस्कृतिक सन्दर्भमा गहिरो जरा जमाएको छ। यस प्रकारको अपराधलाई केवल व्यक्तिगत अपराधको रूपमा नहेरी, यसलाई समाजको संरचनागत समस्या र मानसिकता पनि मान्नुपर्छ। यो केवल महिला वा किशोरीको शारीरिक अस्मिता र सम्मानको उल्लंघन मात्र होइन, समाजको नैतिक मूल्य र सुसंस्कारको पनि उल्लंघन हो। कसैले भन्न सक्छ कि बलात्कारको शिकार बन्नु एक महिलाको निजी जिम्मेवारी हो भने, यो भन्नु एकदमै खतरनाक र गलत धारणा हो। बलात्कार भनेको एक समाजिक अपराध हो जसले महिला, पुरुष र समग्र समाजलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले असर पुर्याउँछ। बलात्कारको घटनामा बलात्कारीको मानसिकता र संस्कारको मुख्य भूमिका हुन्छ। समाजमा यस्ता कानूनी व्यवस्था र शिक्षा प्रणाली हुन आवश्यक छ, जसले मानिसको सोच र दृष्टिकोणलाई सुधारोस्।

समाजमा बलात्कार र हिंसाका घटनाहरूको प्रभावकारी रोकथामका लागि कानूनी व्यवस्था, समाजिक चेतना र शिक्षा अनिवार्य छन्। हामीले केवल कानूनी प्रावधानहरूको मात्र पालना गर्नु भने पर्याप्त छैन, यसका साथै समाजका हरेक सदस्यको मानसिकता र संस्कारमा सुधार ल्याउनुपर्छ। यस्ता अपराधहरूको दीर्घकालीन समाधानका लागि शिक्षा, जागरूकता र कानूनी कडाइको एकीकृत प्रयास गर्न अत्यन्त महत्त्वपूर्ण छ। हामी सबैको साझा जिम्मेवारी हो, एक सभ्य र सुरक्षित समाज निर्माण गर्नु, जहाँ बलात्कार र हिंसाका घटनाहरूको पूर्ण निराकरण सम्भव होस्। नेपालमा हालैको वर्षमा बलात्कार र हिंसा सम्बन्धी कानूनी सुधारका महत्वपूर्ण प्रयासहरू भएका छन्। नयाँ कानूनी प्रावधानले बलात्कारको सजायको अवधि र दण्डलाई अझ कडा बनाएको छ, जसले पीडितलाई न्यायको प्राप्ति गर्नमा केही हदसम्म सजिलो बनाउनको अपेक्षा गरिएको छ। तथापि, कानूनी प्रावधान मात्र भनेको बलात्कारको समस्या समाधानको पर्याप्त उपाय होइन। बलात्कार र हिंसा विरुद्धका कानूनी सुधारहरू सँगसँगै समाजमा यसको रोकथामका लागि सामूहिक जागरूकता अभियान र शैक्षिक सुधारको आवश्यकता अझै उत्तिकै महत्त्वपूर्ण छ।

उदाहरणका लागि, नयाँ कानूनी प्रावधानले बलात्कारको दोषीलाई आजीवन कारावास वा कडा दण्डको व्यवस्था गरेको छ। यस्तो कानूनी प्रावधान बलात्कारको घटनामा केही हदसम्म घटाटोप ल्याउन मद्दत गर्ने आशा गरिएको छ। यसैले, नयाँ कानूनी व्यवस्थाले बलात्कारको घटनामा दोषीलाई कडा सजाय दिएर अपराधीलाई डराउनको प्रयास गर्छ, जसले समाजमा केही हदसम्म सतर्कता र संवेदनशीलता ल्याउन सक्छ। तर, जब हामी कानूनी परिप्रेक्ष्यमा कुरा गर्छौं, तब बलात्कार र हिंसासम्बन्धी कानूनी प्रावधानहरू केवल दण्डको कुरा मात्र गर्नु हुँदैन। बलात्कारको पीडितलाई न्याय दिनका लागि मात्र होइन, हामीले समाजको संरचनात्मक परिवर्तन र मानसिकताको सुधारको आवश्यकता पनि महत्त्वपूर्ण मान्नुपर्छ। यस विषयमा एक विश्लेषणात्मक दृष्टिकोण अपनाउँदा, हामीले दण्ड र प्रायश्चित्तको लागि मात्र कानूनी प्रावधानको आवश्यकता नभई, शिक्षा र मानसिकता परिवर्तनमा ध्यान दिनु जरुरी छ।

बलात्कारको घटना समाजमा जङ्गलको नियमको समान देखिन्छ, जहाँ असहाय पक्ष ९महिला० लाई बलात्कारी ९शिकार गर्ने जनावर० का सामुंहनमा राखिन्छ। यसले हाम्रो समाजको संवेदनशीलता र प्राथमिकताको कमीलाई खुला रूपमा दर्शाउँछ। हामी एक सभ्य समाज बन्ने यात्रामा छौँ, र यो यात्रा धैर्य र सहिष्णुतासँगै मात्र अघि बढ्न सक्छ, जसले यस्तो जङ्गली व्यवहारलाई समेट्न सक्दछ। बलात्कारलाई 'मनोवैज्ञानिक हिंसा' को रूपमा पनि हेरिन सक्छ, जसले पीडितको जीवनलाई शारीरिक मात्र होइन, मानसिक रूपमा पनि नष्ट पार्दछ। जस्तो, एक बोटको रुख काटिएपछि त्यसको पत्तियाँ मर्न सक्छन्, तर बलात्कारको शिकार भएको महिला सधैँ त्यो दुःखद घटना र अवहेलनाको चिह्न बोकेर बाँच्छ। यसको परिणामस्वरूप, मानसिक आघात सँगै, समाजको नजरमा सम्मानको क्षति पनि उठाउनु पर्छ। बलात्कारको घटनामा केवल कानूनी निकायलाई दोषी पार्नु भनेको एउटा मात्र पहलु हो। समाजको जिम्मेवारी यस घटनाको रोकथाम र समग्र मानसिकता परिवर्तनमा पनि निहित छ। महिला अधिकार, समानता र सम्मानको अवधारणा प्रष्ट पार्नु पर्दछ। स्कूल र कलेजहरूमा समानता र न्यायको शिक्षा दिने, मानसिकता सुधार्ने, र नारीप्रति सशक्त र सम्मानपूर्ण दृष्टिकोण निर्माण गर्ने आवश्यकता छ।

सस्तो मनोरञ्जन, अश्लीलता र यौनिकता प्रवृत्तिहरूले समाजको मानसिकता बिगारिरहेका छन्। यस्तो प्रवृत्तिको रोकथामका लागि परिवार र विद्यालयको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। उदाहरणका लागि, महिलाप्रति दया र सहानुभूति कस्तो हुनु पर्छ भन्ने कुरा बाल्यकालबाटै सिकाउनु पर्छ। समाज र सरकारको सहकार्यका साथ बलात्कारमुक्त समाजको सपना पुरा गर्न सकिन्छ। यसको लागि केवल कडा कानून र न्यायिक प्रक्रिया मात्र होइन, सामाजिक र सांस्कृतिक संरचनामा समेत सुधार आवश्यक छ। समाजले बलात्कारीको विरोध गर्नुपर्छ, कानूनी प्रक्रियामा विश्वास राख्नु पर्छ, र महिला र पुरुष दुवैको समान अधिकार र सम्मानमा विश्वास राख्नुपर्छ।समाजमा बलात्कारको पीडितलाई सहयोग र समर्थन दिने, तिनका हकको रक्षा गर्ने, र अपराधलाई निषेध गर्ने कडाइका साथ काम गर्न हामी सबैको जिम्मेवारी हो। यसका लागि, परिवार, विद्यालय, र समुदायका नेतृत्वकर्ताहरूको सक्रिय भूमिका अपरिहार्य छ। नेपालको नयाँ फौजदारी कानूनले बलात्कार र हिंसासम्बन्धी अपराधमा कडा सजायको व्यवस्था गरेका छन्। यद्यपि, व्यवहारिक कार्यान्वयनमा अझै धेरै चुनौतीहरू छन्, जस्तै प्रमाण जुटाउनमा कठिनाइ, प्रशासनिक लापरवाही, र सामाजिक मान्यताका कारण पीडितको न्यायमा बाधा पर्नु। यसका लागि कानूनी सुधारसँगै समाजमा शिक्षा र जागरूकताको वृद्धि आवश्यक छ। बलात्कार र हिंसा जस्ता जघन्य अपराधहरूको प्रभावकारी रोकथाम र नियन्त्रणका लागि कानूनी प्रावधानको मात्र लागू गर्नु पर्याप्त बाँकी ७ पृष्ठमा

## पार्टीमा...

त्यसले जनताको आवाज सुन्न र जनताका जरुरी खाँचोहरूलाई बुझ्न जान्दैन, जवसम्म त्यो जनतालाई सिकाउने मात्र होइन, जनताबाट सिक्न पनि तयार रहदैन, तबसम्म मजदुर वर्गको पार्टी लाखौं मजदुरहरू र सारा श्रमिक जनताको नेतृत्व गर्न सक्ने सच्चा जनपार्टी बन्न सक्दैन ।"१ यस सम्बन्धमा स्टालिन भन्नुहुन्छ – "नियमको रूपमा कुन कुरालाई लिनुपर्दछ भने जबसम्म बोल्सेभिकहरू व्यापक जनसमुदायहरूसित सर्म्पकमा रहन्छन्, तिनीहरू अजेय बन्नेछन् । त्यसको उल्टो यदि बोल्सेविकहरू आम जनताबाट अलग हुन्छन् र तिनीहरू सितको सम्पर्क गुमाउँछन् भने, यदि उनीहरू नोकरशाही ढुँसीले ढाकिएर रहन्छन् भने तिनीहरूले आफ्नो सारा तागत गुमाउने छन् र भुटिभाङमा फेरिने छन् ।"२

यही कुरालाई अरु स्पष्ट पार्दै स्टालिनले भन्नुहुन्छ -"यदि पार्टी गैरपार्टी जनतासित सम्बन्धित छैन भने, यदि त्यस पार्टी र गैरपार्टीको जनताका बीचमा सम्बन्ध छैन भने, यदि गैर पार्टी जनता पार्टीको नेतृत्वलाई मान्दैन भने, यदि आम जनताको बीचमा पार्टीको नैतिक तथा राजनीतिक प्रतिष्ठा छैन भने, पार्टीले वर्गको नेतृत्व गर्न सक्दैन"३

लेनिन र स्टालिनका साथै क. माओले पनि पार्टीको जनतासँग गहिरो सम्बन्ध हुनुपर्ने कुरामा जोड दिनुभएको छ । जस्तो क. माओ भन्नुहुन्छ, "मार्क्सवाद-लेनिनवादको सिद्धान्तबाट सुसज्जित, स्वआलोचनाको पद्दतिलाई अंगालेको र जनसमुहसँग गाँसिएको अनुशासनबद्ध पार्टी; यस्तो पार्टीको नेतृत्वको मातहतमा सेना; यस्तो पार्टीको नेतृत्व अर्न्तगत सबै क्रान्तिकारी वर्ग र सबै क्रान्तिकारी डफ्फाको संयुक्त मोर्चा, यिनै तीन मुख्य हतियार हुन्, जसबाट हामीले शत्रुलाई हरायौँ ।"४ यहाँ माओले जनसमुहसँग गाँसिएको अनुशासीत पार्टीको कुरा गर्नु भएको छ । एकातिर पार्टी जनसमुहसँग गाँसिएको हुनुपर्दछ भने अर्कोतिर पार्टी अनुशासित पनि हुनुपर्दछ । माओले पार्टी जनतासँग गाँसिएको हुनुपर्ने कुराको अझ विकसित रूपको कुरा गर्दै जनसेना नभएको जनताको आफ्नो भन्ने केही हुन्न सम्म भन्नुभएको छ ।

अगाडि उल्लेखित यी उद्धरणहरू व्यवहारबाट पुष्टि भएका कुराहरू हुन् । यी उद्धरणहरूबाट क्रान्तिकारी पार्टीको लागि जनाधार, पार्टीको जनतासँगको सम्बन्ध कति महत्वपूर्ण छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ । तर आज हाम्रो पार्टीमा देखा परेको महत्वपूर्ण समस्या भनेको पार्टीको जनाधार एकदमै कमजोर हुनु हो । आज पार्टीको धेरै जिल्लाहरूमा सङ्गठनहरू छन् । तर जिल्लाहरूमा पार्टीको जनाधार कमजोर छ । यो समस्यालाई हल नगरिकन हाम्रो पार्टीले आफ्नो क्रान्तिकारी उदेश्य प्राप्त गर्न सक्दैन । आज हाम्रो पार्टीको देशव्यापीरूपमा पार्टी सङ्गठनहरू छन्, तर ती पार्टी सङ्गठनहरूको वरिपरि जनाधार अत्यन्तै कमजोर छ । हामीले निकै मेहतन गरेका छौँ । निरन्तर खटिएर दुःख, गरेर पार्टी सङ्गठनहरू बनाएका छौँ तर पार्टीको जनाधार व्यापक बनाउन सकेका छैनौँ । यो आजको हाम्रो पार्टीको यथार्थ हो ।

हामीले पार्टीको जनाधार व्यापक बनाउन किन सकेनौँ ? यसको निर्मम समीक्षा गर्न जरुरी छ । हाम्रो नीतिमा कमजोरी रह्यो कि ? हाम्रो सङ्गठनात्मक प्रणालीमा कमजोरी छ कि ? हाम्रो जनसङ्गठनहरूको नेतृत्वहरूमा कमजोरी छ कि वा हामीले अहिलेको अवस्थामा नयाँ कुरा विकास गर्न सकेनौँ कि ? आदि । यी प्रश्नहरूको गम्भीर भएर उत्तर खोज्नै पर्दछ र यो समस्यालाई समाधान गर्नै पर्दछ ।

पार्टीले जनाधार निर्माण गर्नका लागि सर्वप्रथम श्रमिक जनताको तात्कालिक व्यवहारिक समस्याहरू के हुन् ? त्यसको पहिचान गर्नु पर्दछ । पार्टीले जनताको व्यावहारिक समस्याहलाई आन्दोलनको रूपमा अगाडि बढाउनु पर्दछ । यदि पार्टी जनताको व्यावहारिक समस्याहरूसँग जोडिएन भने पार्टी र जनताबीचको सम्बन्ध विस्तार हुन सक्दैन । यसको लागि केन्द्रीय पार्टी निकायहरूले आम रूपमा र स्थानीय पार्टी निकायहरूले जिल्ला र त्यसभन्दा तल्ला पार्टी सङ्गठनहरूले विशिष्ट रूपमा जनताका समस्याहरूको पहिचान गरी ती समस्याहरूलाई मागको रूपमा अगाडि सार्दै आन्दोलनलाई अगाडि बढाउनु पर्दछ । स्थानीय जनताका साझा समस्याहरूलाई केन्द्रमा राखेर त्यसै अनुरूपको गैर पार्टी सङ्गठनहरूको पनि निर्माण गर्दै जानु पर्दछ । श्रमिक वर्ग तथा उत्पीडित समुदायहरूको समस्यासँग पार्टीलाई नजोडिकन हामीले जनतालाई पार्टीप्रति आकर्षित गर्न सक्दैनौ । उनीहरूको दैनिक व्यवहारसँग पार्टीलाई जोडनै पर्दछ ।

पार्टीले पार्टी सङ्गठनहरू बाहेक गैरपार्टी सङ्गठन निर्माण गर्दै जानु पर्दछ । गैरपार्टी सङ्गठनहरू निर्माण गर्दा सम्बन्धित वर्ग तथा समुदायको समस्याहरूको पहिचान गरी ती समस्याहरूको वैज्ञानिक ढङ्गले हल गर्ने उपायहरू खोज्नु पर्दछ । मजदुरहरू अर्थात् अन्य जनसङ्गठनहरू एक प्रकारले व्यावसायिक सङ्गठन हुनु पर्दछ र यसको बढी भन्दा बढी व्यापक सङ्गठन बनाउनु पर्दछ ।

हामीले मजदुर किसान जस्ता वर्गीय सङ्गठनहरू बनाएका छौं । ठीक त्यसरी नै युवा, विद्यार्थी, महिला, जस्ता जनसङ्गठन र उत्पीडित जातीय सङ्गठनहरू पनि बनाएका छौँ । पार्टीको जनाधार निर्माण गर्ने सङ्गठनहरू भनेको यीनै जन तथा वर्गीय सङ्गठनहरू हुन् । तर हाम्रा यी जन तथा वर्गीय सङ्गठनहरू पनि विस्तार हुन सकेका छैनन् । विस्तार हुन नसक्नुको कारण के हो ? यस विषयमा हामीले समीक्षा गरेर अगाडि बढ्नु पर्दछ । वर्गीय सङ्गठनहरू विस्तार हुन नसक्नुमा हामीले उनीहरूलाई पेशागत सङ्गठनको रूपमा परिचालन गर्न सकिरहेका छैनौँ । ठीक त्यसरी नै जनसङ्गठनहरूलाई पनि उनीहरूको विशिष्ट समस्याहरूलाई उठाएर आन्दोलित गराउन सकेका छैनौँ । आम श्रमिक वर्गलाई उनीहरूको आर्थिक मागहरू राखेर उनीहरूको व्यावहारिक समस्याहरूलाई उठाएर सङ्गठित र आन्दोलित गराउनु पर्दछ । निश्चितरूपमा उनीहरूलाई आर्थिक मागहरूमा मात्र सीमित गर्नु अर्थवाद हुन्छ । उनीहरूलाई विस्तारै राजनैतिक अधिकारसँग जोडेर मुख्यतः राजनैतिक सत्ता प्राप्तिमा नै केन्द्रित गर्नुपर्दछ । तर आज जन तथा वर्गीय सङ्गठनहरूको जे अवस्था छ त्यो अवस्थामा उनीहरूको आर्थिक र व्यावहारिक समस्याहरूलाई नै उठाएर सङ्गठित र आन्दोलित गर्नु पर्दछ ।

गैर पार्टी सङ्गठनहरूलाई व्यापकरूपमा विस्तार गर्न नसक्नुमा हाम्रा सङ्कीर्ण सोच तथा चिन्तनहरूले पनि असर गरिरहेको छ । गैर पार्टी सङ्गठनहरू (जन तथा वर्गीय सङ्गठनहरू) को जिम्मा लिएका नेतृत्वदायी कमरेडहरूले जातीय, क्षेत्रीय तथा पूर्व समूहको मानसिकताभन्दा माथि उठेर योग्यता र क्षमताको आधारमा सङ्गठन निर्माण र सञ्चालन गर्नमा जोड दिनुपर्दछ ।

### *२) जनवादी केन्द्रीयताको बुझाइ र व्यवहारमा समस्या*

सङ्गठन परिचालनको लागि लेनिनले प्रतिपादन गरेको विधि भनेको जनवादी केन्द्रीयताको सिद्धान्त हो । एउटा कालखण्डमा यो सिद्धान्त सबै कम्युनिस्टहरूको लागि सर्वमान्य थियो । तर अहिले लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रियताको सिद्धान्त अनुसार सङ्गठनको काम अब फलदायी हुनसक्दैन भन्ने अवधारणा पनि आइरहेको छ । उनीहरूको तर्क यो छ कि लेनिनको समय भन्दा अहिले उत्पादन प्रणालीको विकास धेरैमाथि पुगेको छ । त्यतिवेलाको उत्पादन प्रणाली र आर्थिक सामाजिक संरचनाको आधारमा बनेको जनवादी केन्द्रीयताको सिद्धान्त अहिलेको आर्थिक सामाजिक प्रणालीमा लागू हुन सक्दैन भन्ने तर्क छ । अर्थात् लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रीयताको सिद्धान्तले अब काम गर्न सक्दैन भन्ने हो । यस प्रकारको तर्क उपयुक्त छैन । मार्क्स र एङ्गेल्सको समय भन्दा अहिलेको उत्पादन प्रणालीको विकास धेरै भएको छ । त्यसको आधारमा मार्क्सले प्रतिपादन गरेको सिद्धान्तहरू अव पुराना भए भनेर भन्न सकिन्न । मार्क्सले प्रतिपादन गरेको मुख्य कुरा वर्गसङ्घर्षको सिद्धान्तलाई सर्वहारा अधिनायकत्वको मान्यतासम्म लैजाने कुरा हो । उत्पादन प्रणालीको जति विकास भए पनि समाज अहिले पनि वर्गमा विभाजित छ । वर्गविहिन समाज निर्माणका लागि वर्ग सङ्घर्षको सिद्धान्तलाई सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्तसम्म लैजानु पर्ने आवश्यकता अहिले पनि छ । यो वर्गसङ्घर्षमा सर्वहारावर्गको पक्षबाट सङ्घर्ष गर्ने सङ्गठनलाई लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रीयताको सिद्धान्त अहिले पनि आवश्यक छ ।

लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रीयताको सिद्धान्तको औचित्य समाप्त भइसक्यो भन्ने अवधारणा हाम्रो पार्टीभित्र आइसकेको छैन । तर लेनिनको जनवादी केन्द्रीयताको सिद्धान्तलाई सही तरिकाले बुझ्ने र लागु गर्ने प्रश्नहरूमा भने समस्याहरू छन् । यी समस्याहरूलाई समाधान गर्नुपर्दछ । कतिपय अवस्थामा हाम्रो पार्टीमा पनि जनवादी केन्द्रीयताको सिद्धान्तलाई औपचारिक जनवाद वा यान्त्रिक केन्द्रीयताका रूपमा बुझ्ने र व्यवहार पनि त्यही अनुसार गरिने कमजोरीहरू पाइन्छन् । लेनिनले औपचारिक जनवाद र यान्त्रिक केन्द्रीयता, यी दुवै प्रवृत्तिहरूको विरोध गर्नुभएको छ । लेनिनको दृष्टिकोणमा जनवादी केन्द्रीयता भनेको केन्द्रीयता र सर्वहारा जनवादको सम्मिश्रण हो । जस्तो लेनिन भन्नुहुन्छ, "कम्युनिस्ट पार्टी सङ्गठनमा जनवादी केन्द्रीयता एउटा वास्तविक संश्लेषण, केन्द्रीयता र सर्वहारा जनवादको सम्मिश्रण हुनुपर्दछ ।" यो सम्मिश्रण सम्पूर्ण पार्टी सङ्गठनको निरन्तर समान कार्य र निरन्तर समान सङ्घर्षको आधारमा मात्र प्राप्त गर्न सकिन्छ ।"५

पार्टीमा प्रायः सवैले जनवादी केन्द्रीयता भनेको केन्द्रीयता र जनवादको सम्मिश्रण हो भनेर भन्ने गरेको पाइन्छ । यो भनाइ लेनिनको भनाइ भन्दा फरक छ । किनभने लेनिनले जनवाद मात्र भन्नुभएको छैन । उहाँले त 'सर्वहारा जनवाद' भन्नु भएको छ । जनवाद र सर्वहारा जनवादमा अन्तर छ । सर्वहारा जनवाद भन्नाले सर्वहारा वर्गको हितको पक्षमा बोल्नु, बहस गर्नु हो । जनवाद मात्र भन्ने शब्दले अन्य वर्गको हितको पनि कुरा गर्दछ । लेनिनले 'सर्वहारा जनवाद' भनेर जुन शब्द प्रयोग गर्नु भएको छ, त्यसको गम्भीर प्रकारको वर्गीय अर्थ छ । त्यसकारण कम्युनिस्ट पार्टीमा सर्वहारा वर्गको हितको लागि जनवाद हुन्छ । त्यस भन्दा अन्य शोषक वर्गको हितको लागि जनवादको कुरा गर्नु गलत हुन्छ ।

त्यसै गरी लेनिनको दृष्टिकोणमा केन्द्रीयता भनेको यान्त्रिक केन्द्रीयता होइन । उहाँको दृष्टिकोणमा केन्द्रीयता भनेको कम्युनिस्ट क्रियाकलापको केन्द्रीकरण र दरिलो नेतृत्व निर्माण गर्नु हो । जस्तो लेनिन भन्नुहुन्छ, "कम्युनिस्ट पार्टी सङ्गठनमा केन्द्रीयताको अर्थ औपचारिक अर्थात् यान्त्रिक केन्द्रीयता होइन, बरु कम्युनिस्ट क्रियाकलापको केन्द्रीकरण हो अर्थात् युद्धको निम्ति तयार र साथै हरेक किसिमको परिस्थितिमा आफूलाई त्यस अनुकूल बदल्ने क्षमता भएको दरिलो नेतृत्व निर्माण हो ।"६

लेनिनले यहाँ औपचारिक र यान्त्रिक केन्द्रीयता होइन भन्नुभएको छ । तर हाम्रो पार्टीमा पनि कतै न कतै केही मात्रामा औपचारिक र यान्त्रिक केन्द्रीयता अपनाइएको आभाष हुन्छ । त्यस प्रकारको केन्द्रीयता छोडेर वास्तविक केन्द्रियता लागु गर्नु पर्दछ । ठीक त्यसरी नै औपचारिक जनवाद होइन सर्वहारा जनवाद लागु गर्नु पर्दछ । औपचारिक जनवाद भनेको के हो ? यस विषयमा लेनिन भन्नुहुन्छ, "पुरानो गैर क्रान्तिकारी मजदुर आन्दोलनको सङ्गठनमा पुँजीवादी राज्यमा नोकरशाही र जनताका बीचको द्वैतवादीकै प्रकृतिको सर्वव्यापी द्वैतवाद विकसित भएको छ । पुँजीवादी वातावरणको यो घातक प्रभावको कारण कार्यहरूको पृथकीकरण (विभाजन) भएको छ, साझा प्रयत्नको जीवन्त सहचार्यको ठाउँ बाँझो औपचारिक जनवादले लिएको छ । सङ्गठन सक्रिय कार्यकर्ताहरू र निस्क्रिय जनसमुहमा विभाजित भएको छ । पुँजीवादी वातावरणबाट एक निश्चित सीमासम्म द्वैतवाद र औपचारिक नातावादको यस प्रवृत्तिलाई क्रान्तिकारी मजदुर आन्दोलनले समेत अनिवार्य उत्तराधिकारमा प्राप्त गरेको छ । कम्युनिस्ट पार्टीले यी बेमेलहरूमाथि व्यवस्थित र सुनियोजित रूपबाट राजनीतिक र सङ्गठनात्मक कार्यद्वारा निरन्तर सुधार र संशोधनबाट आधारभूत रूपमा विजय प्राप्त गर्नै पर्दछ ।"७

लेनिनले उल्लेख गरे झै यस प्रकारको औपचारिक जनवादले हाम्रो पार्टीमा कम वा वेसी केही मात्रामा प्रभाव पारेको छ । अब यसलाई हटाउनु पर्दछ । यसको ठाउँमा वास्तविक सर्वहारा जनवाद लागु गर्नुपर्दछ । लागु गर्ने सन्दर्भमा लेनिन भन्नुहुन्छ, "सङ्गठनमा केवल औपचारिक जनवादले न नोकरशाही प्रवृत्तिलाई न त अराजकतावादी प्रवृत्तिलाई नै हटाउन सक्छ । यी प्रवृत्तिहरूले खास त्यही (औपचारिक-प्र.) जनवादको मलिलो भुमि पाएर जरा गाडेका हुन्छन् । यसै कारण सङ्गठनको केन्द्रीयता अर्थात् दरिलो नेतृत्व निर्माण गर्ने उद्देश्य औपचारिक जनवादको आधारमा पुरा गर्ने प्रयत्न गरिएको खण्डमा सफल हुन सक्दैन । पार्टी भित्र निर्देशक कमिटीहरू र सदस्यहरूको बीचमा मात्र होइन, पार्टी बाहिर पार्टी र सर्वहारा जनसमुहका बीच समेत जीवन्त साहचर्य र पारस्परिक सम्बन्धको विकास र त्यसको निर्वाह सङ्गठनको केन्द्रीयता निर्माणको आवश्यक प्रारम्भिक शर्त हो ।"८ यहाँ लेनिनले पहिलो कुरा औपचारिक जनवादले नोकरशाही प्रवृत्ति र अराजकतावादी प्रवृत्तिलाई हटाउन सक्दैन भन्नुभएको छ । वास्तविक सर्वहारा जनवादले मात्र नोकरशाही प्रवृत्ति र अराजकतावादी प्रवृत्तिलाई हटाउन सक्छ । लेनिनले जोड दिनु हुन्छ कि पार्टी भित्रका निर्देशक कमिटीहरू र सदस्यहरूको बीचमा मात्र होइन पार्टी बाहिर र सर्वहारा जनसमुहको बीचमा समेत जीवन्त साहर्चय र पारस्परिक सम्बन्धको विकास गर्नु पर्दछ । पार्टी बाहिर सर्वहारा जनसमुहको बीचमा अर्थात् आम श्रमिक जनताको बीचमा जीवन्त साहचर्य र पारस्परिक सम्बन्धको विकास गर्न हामीले सकिरहेका छैनौँ । अव हामीले त्यतापट्टि विशेष ध्यान दिनु पर्दछ ।

जनवादी केन्द्रीयताको सिद्धान्तको विषयमा चर्चा गर्ने सन्दर्भमा एउटा कुरा उल्लेख गर्नै पर्दछ । त्यो हो पद प्रतिष्ठा र व्यक्तिगत स्वार्थको लागि चल्ने सङ्घर्षको बारेमा । आज हाम्रो पार्टीमा पद र प्रतिष्ठाको लागि वा व्यक्तिगत स्वार्थको लागि निकै सङ्घष हुने गर्दछ । भेला, सम्मेलन वा बैठकहरूमा नीतिगत तथा कार्यक्रमहरूको बारेमा धेरै बहस हुन्न । तर समिति निर्माण गर्ने तथा पदाधिकारीहरू चयन गर्ने सन्दर्भमा पार्टीको हित भन्दा पनि आफ्नो व्यक्तिगत हितलाई ध्यानमा राखेर बढी बहसहरू हुने गर्दछन् । आफूले सोचेजस्तो वा चाहेजस्तो नभएमा असन्तुष्टिहरू बाहिर लैजाने गरिन्छ । हाम्रो पार्टीको एकताको राष्ट्रिय महाधिवेशनमा कतिपय व्यक्तिहरू नीतिगत तहमा कुनै मतभेद नहुँदा पनि आफूले चाहेको पद नपाएपछि कसैले पार्टी नै छोडे भने कोही निस्क्रिय बसेको उदारहण हाम्रो अगाडि ताजै छ । पार्टीभित्र देखा पर्ने यसप्रकारका प्रवृत्तिहरू जनवादी केन्द्रीयताको सिद्धान्तसँग मेल खादैनन् । यस सन्दर्भमा लेनिन भन्नुहुन्छ, "पार्टीभित्र सत्ताको लागि हुने कुनै पनि प्रतिद्वन्द्विता र प्रभुत्वको लागि हुने कुनै पनि सङ्घर्ष कम्युनिस्ट इन्टरनेशनलद्वारा पारित जनवादी केन्द्रीयताको आधारभूत सिद्धान्तसँग पटक्कै मेल खान्न ।"९ यसरी लेनिनले सत्ताको लागि हुने प्रतिद्वन्द्विता र प्रभुत्वको लागि हुने सङ्घर्ष जनवादी केन्द्रीयताको सिद्धान्तसँग पटक्कै मेल खान्न भनेर निकै जोड दिनुभएको छ । अब हामीले पार्टी भित्र देखा पर्ने यस प्रकारको प्रवृत्तिलाई निस्तेज पार्नुपर्दछ । तर हाम्रो पार्टीमा यस सम्बन्धमा केही सकारात्मक सङ्केतहरू देखा पर्न थालेका छन् । केही कमरेडहरूले उपल्लो कमिटिबाट स्वेच्छाले हटेर तल्लो कमिटिमा रहेर सक्रिय भइरहनु भएको छ । यस प्रकारको प्रवृत्तिलाई सकारात्मक रूपमा लिनु पर्दछ ।

### *३) निर्णय कार्यान्वयनमा समस्या*

निर्णय गर्नुभन्दा पहिले व्यापक रूपमा छलफल गर्ने र निर्णय गरिसकेपछि त्यसलाई तदारुकताका साथ इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्ने, एउटा क्रान्तिकारी पार्टीको लागि आम नियम नै हो । तर निर्णय कार्यान्वयनको समस्या हाम्रो पार्टीमा देखा परेको एउटा गम्भीर समस्या हो । यो समस्यालाई हामीले हल गर्नै पर्दछ । निर्णय समितिको सर्वसम्मत वा बहुमतबाट हुन्छ । निर्णय जुनसुकै पद्धतिबाट भए पनि त्यसलाई सम्पूर्ण पार्टी पङ्क्ति र आम पार्टी सदस्यहरूले निशर्त एकरूपताका साथ कार्यान्वयनमा जानुपर्दछ । यसलाई सुत्रमा 'छलफलमा स्वतन्त्रता र कार्यमा एकरूपता' भनिन्छ । तर आज हाम्रो पार्टीमा निर्णयहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा एकप्रकारको उदासीनता पाइन्छ । पटक-पटक ताकेता गर्दा पनि कतिपय निर्णयहरू कार्यान्वयन हुँदैनन् वा व्यक्तिगत जिम्मेवारी पुरा भएको हुँदैन । निर्णय लागु गर्ने प्रश्नमा देखा पर्ने यस प्रकारको उदासिनता र ढिलाढालापनले पार्टी कामलाई नराम्ररी प्रभाव पारेको छ । उपल्लो कमिटीबाट आएको निर्णय होस् वा सम्बन्धित कमिटीले गरेको निर्णय होस् सवै निर्णयहरूलाई तदारुकताकासाथ कार्यान्वयन गर्नुपर्दछ । पार्टीमा निर्णयहरू किन कार्यान्वयन हुँदैनन् ? वा किन ढिला ढाला हुन्छन् ? यस विषयमा सम्बन्धित समितिहरू गम्भीरतापूर्वक छलफल बहस चलाएर त्यसको कारण पत्ता लगाउनु पर्दछ । निर्णय कार्यान्वयन दुईटा अवस्थामा नहुन सक्छ । एउटा कारण निर्णय वस्तुवादी नभएर मनोगतवादी छ भने त्यो अवस्थामा जतिसुकै प्रयास गरेपनि निर्णय कार्यान्वयन हुन सक्दैन । अर्को कुरा निर्णय वस्तुवादी नै छ तर सम्बन्धित समिति वा व्यक्तिहरूले निर्णयलाई कार्यान्वयन गर्न पहलकदमी लिने प्रयास गरेनन् भने पनि निर्णयहरू कार्यान्वयन हुँदैनन् । आज हाम्रो पार्टीमा थुप्रै त्यस्ता निर्णयहरू छन् जुन पहल र प्रयास नगरेका कारण लागु हुन सकिरहेका छैनन् । यो गम्भीर प्रकारको कमजोरी हो । यस प्रकारका कमजोरीहरूलाई हटाएर निर्णयलाई तदारुकताकासाथ कार्यान्वयन गर्ने वातावरण बनाउनु पर्दछ ।

### *४) आर्थिक समस्या*

पार्टीको हरेक कामसँग आर्थिक प्रश्न जोडिएर आउँछ । पार्टीले आफ्ना योजनाहरूलाई सम्पन्न गर्नका लागि अर्थको आवश्यकता पर्दछ । सारमा अर्थ बिना पार्टीको कुनै पनि काम हुन सक्दैन । त्यसकारण पार्टीको आर्थिक समस्यालाई हामीले जसरी पनि हल गर्नु पर्दछ । आर्थिक समस्या हल गर्नका लागि हामीले सबभन्दा पहिले पार्टीको आर्थिक श्रोतहरू के के हुन् ? त्यो स्पष्ट हुनुपर्दछ । पार्टीको आर्थिक श्रोत भनेको पार्टी सदस्यहरूले दिने लेवी, पार्टीका शुभचिन्तकहरूले दिने सहयोग, प्रकाशनहरूको विक्री र पार्टीले आर्थिक उपार्जनको लागि बनाएका योजनाबाट प्राप्त रकम आदी हुन् ।

पार्टीका उपरोक्त श्रोतहरूलाई व्यवस्थित गरेर नै हामीले पार्टीको आर्थिक समस्या हल गर्न सक्छौँ । तर हामीले पार्टीको कुनै पनि श्रोतलाई व्यवस्थित गर्न सकेको छैनौँ । सर्वप्रथम त पार्टीको मुख्य आय श्रोत भनेको पार्टी सदस्यहरूले नियमित तिर्ने मासिक लेवी हो । हाम्रो पार्टी सदस्यहरूले नियमित रूपमा मासिक लेवी दिने बानी बसिसकेको छैन । त्यसकारण पहिलो कुरा मासिक लेवी नियमित दिने बानी बसाल्नु आवश्यक छ । दोस्रो कुरा आफ्नो आय श्रोत अनुसार मासिक लेवी बढी भन्दा बढी दिने मानसिकताको विकास गर्नु पर्दछ । हरेक पार्टी सदस्यहरूले नियमित रूपमा ठीक ठीक समयमा वढी भन्दा बढी लेवी दिने प्रणालीको विकास गर्नुपर्दछ । दोस्रो आय श्रोत भनेको पार्टीका शुभ चिन्तकहरूबाट आउने सहयोग नै हो । लेवी नियमित हुन नसकेको अवस्थामा सहयोगबाट नै पार्टीले आफ्नै दैनिक कार्यहरू सम्पन्न गर्दै आएको छ । तर समर्थक शुभचिन्तकहरूबाट प्राप्त हुने सहयोग पनि नियमित र पर्याप्त नहुँदा पार्टीको कैयौँ महत्वपूर्ण कामहरू सम्पन्न हुन सकिरहेका छैनन् । लेवी र सहयोगले मात्र पार्टीको आर्थिक आवश्यकता पुरा गर्न सक्दैन । त्यसकारण पार्टीले आर्थिक उपार्जनको लागि आवश्यक अन्य योजनाहरू बनाउनु पर्दछ । त्यसको लागि पार्टीलाई उत्पादनसँग जोड्नु पर्दछ । पार्टीलाई उत्पादनसँग जोडेनौ भने हामीले आर्थिक समस्या हल गर्न सक्दैनौ । क. माओले भन्नुभएको छ, उत्पादनको लागि सङ्घर्ष, वर्ग सङ्घर्ष र वैज्ञानिक प्रयोगको विधिबाट नै हामी प्रगतिबाटोमा अगाडि बढ्न सक्दछौँ ।

क. माओले भने झै उत्पादनको लागि सङ्घर्ष गरेर नै पार्टीले आफ्नो आर्थिक समस्या हल गर्न सक्छ । यस सम्बन्धमा क. माओले भन्नुहुन्छ, "यी सवै उद्देश्यहरूको प्राप्तिका लागि यस्तो आर्थिक निर्माण आवश्यक छ । क्रान्तिकारी काममा लागेका सवैजनाले यस कुरालाई राम्रोसित बुझ्नु पर्दछ । केही कमरेडहरूले के सोचेका छन् भने क्रान्तिकारी युद्धले गर्दा मानिसहरू ज्यादै व्यस्त हुने भएकोले आर्थिक निर्माणका लागि समय बचाउनु असम्भव छ र उनीहरूले आर्थिक निर्माणको पक्षमा कुरा गर्नेलाई 'दक्षिणपन्थी भड्कावादी' भनेर निन्दा गरेका छन् । उनीहरूको विचारमा, क्रान्तिकारी युद्धको समयमा आर्थिक निर्माण असम्भव छ र अन्तिम विजयपछि शान्तिपूर्ण तथा स्थिर स्थितिमा मात्र यो सम्भव छ । कमरेडहरूका यस्ता विचारहरू गलत छन् । जसले यस तरिकाबाट सोच्छ उसले के कुरा बुझ्न सकेको छैन भने आर्थिक निमार्ण नगरिकन क्रान्तिकारी युद्धको निम्ति चाहिने भौतिक पूर्वव्यवस्थाहरूलाई सुनिश्चित पार्नु असम्भव हुन्छ ।"१०

विषयलाई प्रस्टपार्न क. माओ अझै अगाडि भन्नुहुन्छ, "त्यसैले क्रान्तिकारी युद्धको बेलामा आर्थिक निर्माणको काम गर्नुहुँदैन भनेर सोच्नु एकदमै गलत छ ।"११ माओले यो कुरा सन १९३३ मा भन्नुभएको हो, जुनबेला चिनीया कम्युनिस्ट पार्टीले सशस्त्र युद्ध लडिरहेको थियो । माओ अध्यक्ष भइसक्नु भएको थिएन । त्यसकारणले गर्दा अहिले पनि पार्टीलाई बलियो बनाउनको लागि आर्थिक निर्माणसँग जोडेर उत्पादनका योजनाहरू बनाउनै पर्दछ ।

पार्टीको आर्थिक अवस्थाको बारेमा कुरा गर्दा अर्को महत्वपूर्ण कुरा हो, आय-व्ययको व्यवस्थित व्यवस्था गर्नु र पारदर्शिता राख्नु । आर्थिक प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन सकिएन भने पार्टी सदस्यहरूमा नै आपसी शङ्का उपशङ्का र अविश्वासको वातावरण उत्पन्न हुन्छ । यस्तो वातावरण भएका पार्टीको आय श्रोतहरू परिचालन हुन सक्दैन । त्यसकारण आर्थिक कारोवारलाई व्यवस्थित र पारदर्शी बनाउन सवै पार्टी कमिटीहरू सिपालु हुनैपर्दछ ।

### *५) मनोगतवाद, सङ्कीर्णतावाद र उदारवादको समस्या*

मनोगतवाद, सङ्कीर्णतावाद र उदारवाद मार्क्सवाद विरोधी धाराहरू हुन् । आज हाम्रो पार्टीमा कम वा वेसी यस प्रकारका कमजोरीहरू कुनै न कुनै रूपमा पाइन्छन् । हाम्रो पार्टीमा यी कमजोरीहरू कसरी अभिव्यक्त भइरहेका छन् ? यस विषयमा विस्तृत रूपमा चर्चा गर्न यहाँ सम्भव छैन । तैपनि, यहाँ यी विषयहरूमा सङ्क्षेपमा चर्चा गरिन्छ ।

**मनोगतवाद**– मनोगतवाद मालेमावाद विरोधी धारा हो । कमरेड माओले भन्नु भएको छ, "मनोगतवाद एउटा अनुचित अध्ययन शैली हो । यो मार्क्सवाद-लेनिनवाद विरुद्ध चल्छ र कम्युनिस्ट पार्टीसित यसको च्याङ्ठ्याङ मिल्दैन ।"१२ यसलाई अरु प्रष्ट पार्दै माओले भन्नु भएको छ, "जडसूत्रवाद र अनुभववाद दुवैनै विपरीत ध्रुवबाट पैदाहुने मनोगतवाद हुन् ।"१३ मनोगतवादले तथ्यबाट सत्य पत्तालगाउने वैज्ञानिक पद्धतिलाई अंगाल्दैन । वस्तुगत तथ्य के छ भन्ने आधारमा भन्दापनि जडसूत्रका रूपमा वा आफ्नो अनुभवमा सीमित रहेर नीति तथा कार्यक्रम निर्माण गर्ने गरिन्छ जुन नीति तथा कार्यक्रम वस्तुगत यथार्थसँग मेल खान्न । जसले गर्दा क्रान्तिको काम अगाडि बढ्न सक्दैन । त्यसकारण मनोगतवाद र त्यसबाट उत्पन्न हुने सबै खतराका विरुद्ध सङ्घर्ष गर्नु जरुरी छ ।

**सङ्कीर्णतावाद**– सङ्कीर्णतावाद पनि मालेमावाद विरोधी धारा हो । यसले सङ्गठनात्मक क्षेत्रमा गम्भीर प्रकारको नकारात्मक असर पार्दछ । कमरेड माओले भन्नु भएको छ, "सङ्कीर्णतावादी मनोवृत्तिहरूले पार्टीभित्रका कामरेडहरूलाई एक आपसमा अलग्याउँछन् र पार्टीको भित्री एकता र एकजुटतामा क्षति पुऱ्याउँछन् भने बाहिरी सम्बन्धहरूमा रहेका सङ्कीर्णतावादी मनोवृत्तिले पार्टीलाई बाहिरका मानिसहरूबाट अलग्याउँछ । यी दुवै पहलुहरूका खराव कुराहरूलाई उन्मुलन गरेर मात्रै सारा पार्टी कमरेडहरू र हाम्रा मुलुकका सारा जनतामाझ एकता हासिल गर्ने महान् अभियानलाई पार्टीले निर्वाध रूपले अघि बढाउन सक्छ ।"१४ यस विषयलाई अरु प्रष्ट पार्दै माओले भन्नु भएको छ, "सङ्कीर्णतावाद सङ्गठनात्मक सम्बन्धहरूमा मनोगतवादको अभिव्यक्ति हो । हामी मनोगतवादबाट मुक्त हुन तथ्यहरू र सत्य खोज्ने मार्क्सवादी-लेनिनवादी भावनालाई हुर्काउन चाहन्छौं भने हामीले सङ्कीर्णतावादका अवशेषहरूलाई पार्टीबाट निर्मूल पार्नु पर्दछ र पार्टीका हितहरू व्यक्तिगत र अंशगत हितहरूभन्दा माथि हुन्छन् भन्ने सिद्धान्तलाई प्रस्थान विन्दु बनाउनु पर्दछ, जसले गर्दा पार्टीले पूर्ण एकता र एकजुटता हासिल गर्न सकोस् ।"१५ माओका उपरोक्त विचारहरूले सङ्कीर्णतावादलाई किन हटाउनु पर्छ भन्ने प्रस्ट हुन्छ । आज हाम्रो पार्टीमा पनि सङ्कीर्णतावादका अवशेषहरू देखिन्छन्, त्यो पार्टीमा क्षेत्रीयता, जातीयता, पूर्व समूहको रूपमा कतै न कतै अभिव्यक्त भएरहेको देखिन्छ । हामीले यी अवशेषहरूलाई समाप्त पारेर मात्र पार्टी भित्र र पार्टी बाहिरको जनतासँगको एकतालाई सुदृढ बनाउन सक्छौं ।

**उदारवाद**– ठीक यसरी नै उदारवाद पनि मालेमावाद विरोधी धारा हो । यसले पार्टीमा देखा पर्ने गलत चिन्तन, पद्धति कमजोरीहरूको बारेमा निर्मम सङ्घर्ष गर्ने कुरामा उदाशीनता देखाउँछ, जसले गर्दा पार्टीमा थुप्रै कमी कमजोरीहरू देखिँदा पनि त्यसलाई सुधार्ने कुरामा ध्यान जान्न । आज हाम्रो पार्टीमा बाँकी ७ पृष्ठमा

# ‘नारसिज्म’को पराजय र ‘पपुलिजम’को विजय



● शशिधर भण्डारी ●

नारसिज्म (Narcissism) भन्ने शब्दलाई नेपाली र हिन्दीमा आत्ममुग्धता भनेर लेखेको पाइन्छ। यसको पारिभाषिक शाब्दिक अर्थ आफ्नो काम, आफ्नो क्षमताप्रति सीमाहीन रूपमा मोहित हुनु। आफूले प्राप्त गरेको सफलता, आफ्नो सुन्दरता, आफ्नो गुणको आफै प्रशंसक र अभिमानी बन्नु हो। त्यसका साथै आफ्नो तारिफ मन पराउनु तथा आफूलाई सर्वज्ञ ठान्नु हो। आफ्ना आलोचकलाई मात्र होइन सल्लाहकारलाई समेत मन नपरेमा ठेगान लगाइ हाल्ने मनोरोग वा मनोवृत्ति हो। विश्वका केही लेखकहरूले नारसिस्टहरूलाई मानव सभ्यता विरोधी मनोरोगीको संज्ञा दिएका छन्। यसलाई सिग्मन फ्रायडले विषद व्याख्या गरेका छन्। नारसिज्म एउटा व्यक्तिको निजी जीवनदेखि लिएर साहित्य, कला, गीत, संगीत, सार्वजनिक जीवन र राजनीतिको गगनमा विचरण गर्दछ। राजनीतिज्ञहरूको मस्तिष्कमा नारसिज्म वा आत्ममुग्धताले घर बनाउन थाल्यो भने त्यसले राज्यको सामाजिक, आर्थिक तथा सांस्कृतिक लयलाई नै बिर्गाछ। म मात्र ठीक म नभए चल्दैन भन्ने र कुर्सी नछोड्ने मनोवृत्ति पनि नारसिज्म हो। नेपालको राजनीति लामो समयदेखि नारसिज्म मनोवृत्तिबाट ग्रस्त हुँदै आयो। पार्टी र सरकारको सत्तामा रहेका केही नेताहरूमा म पनि सरदर मनुष्य हुँ भन्ने हेक्का नै भएन। यस्तै गर्दै जाँदा एक दिन खसिन्छ भन्ने आत्मचेत नै पलाउन सकेन। शेरबहादुर देउवा, केपी शर्मा ओली र प्रचण्ड मात्र होइन मोहन विक्रम सिंह पनि नारसिज्मका मनोरोगी हुनुहुन्छ। त्यसमा माधव नेपालजीको नाम पनि आउँछ उहाँको ‘म नेता हुँ नेता’ भन्ने अभिव्यक्ति कम्ति रोमाञ्चक छैन। नारसिस्टहरूले आफ्नो कमजोरीले निस्केका दुष्परिणामलाई अर्काको थाप्लोमा थुपार्छन्। त्यसो त धेरै पराजयबाट पनि आफूलाई सर्वज्ञको मञ्चबाट अलिकति पनि तल झार्न चाहन्नन्। ९२ वर्षमा पनि कमरेड मोहन विक्रमलाई पार्टी सत्ताभन्दा तल बस्न मन लागेन। शेरबहादुर देउवा र कमरेड केपी ओलीलाई जति पटक प्रधानमन्त्री भए पनि धित मरेन, मानौं अरु उहाँहरू जस्तो जन्मेकै छैन।

नारसिज्म (Narcissism) समकालीन शब्द होइन। यो शब्दको इतिहास दुई हजार वर्ष पुरानो छ। यसको ऐतिहासिक जरो ग्रीक माइथोलजीमा जोडिन पुग्छ। नारसिज्म शब्दको विषयमा ग्रीक माइथोलजीमा लामो कथा छ। त्यसको छोटो सार यस प्रकार छ- नारसी सस (Narcissus) नदीहरूको देवता मानिने सिसिपस र लिरी ओपेको नामकी अप्सराको पुत्र थियो। रोमन साहित्यका प्रसिद्ध कवि ओविडले आफ्नो महाकाव्य मेटामोफोर्सिसमा यसको कहानी उल्लेख गरेका छन्। नदीका देवता र अप्सराको पुत्र भएको कारण नारसी सस साह्रै सुन्दर थियो। उसका सुन्दरताका पछाडि जवान युवतीहरू मोहित भएर पछि लाग्थे। समाज उनको सुन्दरताको बयान गर्दथ्यो। उसमा आत्मप्रशंसाको भोक जाग्दै गयो। नारसि सस आफूभन्दा सर्वज्ञ अर्को छैन भन्ने निष्कर्षमा पुग्यो। कसैलाई गन्न छोड्यो। सायद त्यतिबेला ऐनाको आविष्कार भएको थिएन। एउटा तलाउमा गएर आफ्नो अनुहार हेरिरहन थाल्यो। कसैले भनेको मानेन। उ आफ्नो सर्वज्ञताको बखान र अनुहार हेराइमा मग्न हुँदाहुँदै तलाउमा हाम फालेर मृत्युवरण गऱ्यो। त्यहाँ एउटा राम्रो विरुवा उम्रियो। जसलाई नारसिस भनियो। त्यो शब्द परिमार्जित हुँदै अंग्रेजी साहित्यमा नारसिज्म बन्न गयो। यसलाई विश्वका मनोवैज्ञानिक तथा लेखक साहित्यकारहरूले एउटा मनोरोग, प्रवृत्ति र आचरणका रूपमा सैद्धान्तिकीकरण गरे।

राजनीति भनेको नीतिहरूको पनि नीति हो। त्यसकारण अरु क्षेत्रमा भन्दा राजनीतिक नेतृत्वमा घर गर्ने नारसिज्मले निकै डरलाग्दा दुःखद् परिणाम ल्याएको छ।। फ्रान्समा राजा लुई चौधौंले म नै राज्य हु', म नै सर्वज्ञ हुँ, म नै भगवान हुँ भन्ने अभिव्यक्ति दिन्थे। सन् १७८९ मा भएको क्रान्तिले उनको वंश विनाश भयो। प्रथम विश्वयुद्धपछि लोकप्रियतावादको बतासले जर्मनीमा हिटलर, इटलीमा मुसोलिनी र स्पेनमा फ्रान्कोको उदय भयो। तिनीहरूको रगतमा उम्लेको नारसिज्मले द्वितीय विश्वयुद्धको वातावरण निर्माण गऱ्यो। नेपालमा आफूलाई विष्णुको अवतार ठान्ने राजतन्त्र हाम्रै अगाडि ढल्यो। जनताको भीड निराशाको समुन्द्रमा डुब्यो भने अचम्मले बहकिन्छ। सन् १७९३ मा लुईवंशलाई गिलोटिन मेसिनमा राखेर दुई टुक्रा पारेका फ्रान्सका जनता १८०४ मा जाँदा नेपोलियन वोनापार्टलाई सम्राट बनाउन लाखौंले सडक तताए। जनताको मत राजनीतिक असन्तुष्टिको कारण कति भावनामा बहकिन्छ भन्ने पाठ फ्रान्सको इतिहासले राम्ररी पढाउँछ। सन् १८४८ मा फ्रान्समा गणतन्त्र आयो। त्यसै वर्ष डिसेम्वरमा भएको निर्वाचनमा नेपोलियन तृतीयले ८० लाख मत प्राप्त गरे। निर्वाचनमा उनको प्रस्ताव आफू सम्राट हुने भन्ने थियो। नेपोलियनको विपक्षमा परेको सम्पूर्ण मत जम्मा २० लाख थियो। केही महिना अगाडि मात्र गणतन्त्रका लागि जीवनमरणको संघर्ष गरेका जनताको भीड सम्राटको प्रस्तावको पक्षमा उर्लियो। यो नेपोलियन तृतीयको लोकप्रियतावादको परिणाम थियो। विश्व इतिहासमा चरम लोकप्रियतावादको परिणति पनि नारसिज्ममा पुगेर समाप्त भएको पाइन्छ। नेपोलियन तृतीय सम्राट भएपछि उनको मस्तिष्कमा सवार भएको नारसिज्म वा आत्ममुग्धताले पुनः १८७० को क्रान्तिलाई आमन्त्रण गरेको थियो। आफूमा मात्र केन्द्रित हुनु, अरुको कुरा नसुन्नु, सत्ता अहंकार अत्यधिक चर्को हुनु, अत्यन्त धेरै आत्मविश्वासी हुनु, आफ्नो कुर्सीमा अर्को आउनु हुँदैन म मात्र सर्वज्ञ छु भन्ने ठान्नु, अरूप्रति संवेदना र सहानुभूति नहुनु राजनीतिमा देखापर्ने नारसिज्मका मुख्य विशेषता हुन्। विश्वका धेरै नेताहरूलाई यसैले निलेको छ। नारसिज्मबाट बचेका नेताहरू मात्र युग पुरुष भएको देखिन्छ। पछिल्लो नेपाली राजनीतिमा शेरबहादुर देउवा र केपी शर्मा ओलीको रगतमा यो नारसिज्मको मनोरोग निकै बग्यो। त्यसको तुलनामा पुष्पकमल दाहाल प्रचण्डमा कम बग्यो। किनभने उहाँले आफूहरूले गल्ती गरिरहेको स्वीकार्नु हुन्थ्यो। तर आज इतिहासले पछार्दा पनि उहाँको अभिमान घटेको देखिएन। यो पनि आत्ममुग्धताकै परिणाम हो। इतिहासका घटनाक्रमहरूले यो देखाएका छन् कि नेताहरूमा आत्मविश्वास र परियोजना जरुर चाहिन्छ तर आत्ममुग्धता र परियोजनाविहिनता होइन। आत्मविश्वास र आत्ममुग्धतामा आधारभूत रूपमा नै अन्तर छ। नेपालको राजनीतिक इतिहासको दुर्भाग्य यो भयो कि यो देशले परियोजनाविहिन नारसिस्ट नेताहरू पाइरहयो। परियोजना सहितका आत्मविश्वासी नेताहरू पाएन। सुशासन कायम हुनै सकेन। कुशासन यो मुलुकको संस्कारै भयो। विचार र परिवर्तनका योजनाका कुरा गर्नेहरूलाई नारसिस्टहरूले झल्ला बनाए र सडकतिर मिल्काए। यो प्रवृत्ति राज्यसत्ता र पार्टी सत्तामा विचरण गरिरह्यो। त्यसैको जगमा आज यो मुलुकमा लोकप्रियतावाद मौलायो। जसलाई अस्वाभाविक मान्न सकिन्न।

आज हाम्रो देशको विशाल जनमतले लोकप्रियतावादको पक्ष लिएको छ। तदनुरूप परिणाम आएको छ। लोकप्रियतावादले पनि विश्वका कैयौं देशमा नारसिज्मले जस्तै दुष्परिणाम ल्याएका छन्। नेपालको लोकप्रियतावादी धारसँग टेक्नोलोजी छ तर आइडियोलजी छैन। देश चलाउन टेक्नोलोजी भन्दा पहिले आइडिलोजी चाहिन्छ। अघि अघि टेक्नोलोजी पछि पछि आइडोलोजी भयो भने त्यसका दुष्परिणाम धेरै नराम्रा हुनेछन्। टेक्नोलोजी आजको युगमा अपरिहार्य छ तर देश चलाउँदा आइडिलोजीले टेक्नोलोजी चलाउनुपर्छ। विश्वका विकसित मुलुकहरू यसै गरेर समृद्ध भएका हुन्। आज मुलुक भूराजनीतिक दाउपेचको चपेटामा परेको छ। पुराना नारसिज्महरूले जस्तै लोकप्रियतावादीहरूले पनि जनताका अगाडि स्वप्निल वाचा गरेका छन्। तर ती बाचा पूरा गर्ने आइडयोलजी देखिन्न। विना आइडोलोजीको स्वप्निल नाराहरू उभिने आधारभूमि भएन भने ती नारालाई पनि समयले लफ्फाजी करार गर्ने देखिन्छ। नेपाल भूराजनीतिक दाउपेचमा परेको अवस्थामा हाम्रो देशको भविष्य सरकारले अगाडि सार्ने कूटनीति र अन्तर्राष्ट्रिय सम्बन्ध र नीतिमा धेरै निर्भर हुन्छ। नेपाल जस्तो भूसंवेदनशील अवस्थामा रहेको मुलुकले कूटनीति र परराष्ट्र सम्बन्धको गोटीलाई एक वा अर्को ‘पावर सेन्टर’को वरिपरि घुमायो भने देशले भयानक क्षतिको सामना गर्नुपर्ने देखिन्छ। विश्व इतिहासमा लोकप्रियतावादले यस्ता कुरामा अनाडीपन देखाएको पाइन्छ। किनभने लोकप्रियतावादका पछाडि कुनै न कुनै परियोजना वा डिपस्टेटले काम गरेको हुन्छ। अहिलेको निर्वाचनमा भारी सफलता प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले धर्मनिरपेक्षतामा प्रश्न उठाउन थालेको संकेत पाइन्छ। यसले मुलुक दक्षिणपन्थी संसदीय वा कानुनी फासीवादको दिशामा जाने त होइन भन्ने सन्देह पैदा भइहालेको छ। नेपालको प्रश्नमा मात्र होइन विश्वमा नै आधुनिक फासीवाद हिटलर मुसोलिनीको जस्तो शास्त्रीय धारबाट होइन कानुनी ढंग पुऱ्याएर आउने गरेको देखिन्छ।

पुराना नारसिज्म दलहरूले नेपालको सदनबाट एमसिसि पास गराएका छन्। अब यो सरकारले संसदबाटै एसपिपि पनि पास गरायो भने त्यसले मुलुकमा जटिल समस्या ल्याउने मात्र होइन राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता नै संकटमा पर्ने खतरा छ। अब यो निर्वाचनबाट बन्ने सरकारका आन्तरिक र वाह्य कूटनीति तथा परराष्ट्र सम्बन्धका आयामहरू कसरी अगाडि बढ्छन् त्यसमा मुलुकको भविष्य निर्भर रहने छ। यिनीहरू विचारको प्रश्नमा अनाडी छन् भन्ने बुझाइ धेरैको छ। टेक्नोलोजीका पोख्तहरूले आइडोलोजीको घण्टी कुन तालमा बजाउँछन् भन्ने कुरा समयले बताउँदै जानेछ। यो निर्वाचनमा जनताले परिवर्तन चाहन्छन् भन्ने सन्देश दिएका छन्। जनताको परिवर्तनको चाहनालाई सम्बोधन गर्ने दायित्व राष्ट्रिय स्वतन्त्र पार्टीको काँधमा आएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको लोकप्रियता ‘नारसिज्म’ मै परिणत भयो भने देशले थप संकटको सामना गर्नपर्ने देखिन्छ। कामना छ त्यस्तो नहोस्।

# कम्युनिस्ट आन्दोलनमा अनुशासनको महत्व



● टेकहरी न्यौपाने ●

अनुशासन भन्नासाथ अनुशासित र अनुशासनविहीन चरित्र बीचको भिन्नतालाई जनाउँछ। अनुशासित व्यक्तिहरू अनुशासनमा बस्न सक्ने अनुशासनको पालना गर्ने हुन्छन् भने अनुशासनविहीनहरू विना भरोसाका जे पनि गर्ने झुट बोल्ने, भ्रममा पार्ने, सोझासाझालाई ठग्ने, लुट्ने, छलछाम गर्ने, सधैभरी अरुको खेदो खन्ने, सधैभरी अरु कै खान खोज्ने, अरुलाई झुटा आश्वासन दिने, आफैले आफूलाई बुद्धिजीवी ठान्ने, कृत्रिम कुराहरू गर्ने, आफू बाहेक अरु ठिक नभएको सबै आफैले जानेको छु भन्ने, अरुको काममा भाँजो हाल्ने लगायतका थुप्रै नचाहिंदा काम गर्दै हिंड्ने, बैमान मानसिकता बोकेका छड्डुहरूलाई जो कुनै पनि प्रणाली, निर्णय, विधि वा मूल्य मान्यता विपरीत काम गर्छ, लाई अनुशासन विहीन भन्ने गरिन्छ। अनुशासित व्यक्तिहरूले यस्ता अनुशासनविहीन तत्वहरूसँग निरन्तर सम्झौताहीन संघर्ष गरिरहनु पर्ने हुन्छ। अनुशासनविहीनहरूको भ्रममा पर्नासाथ कार्यशैलीमा, पद्धतिमा, व्यवहारमा, हर क्षेत्रमा निकै ठूलो नोक्सान हुन पुग्छ। प्रणाली नै धरासायी बन्न पुग्छ। सबै गतिविधि सफल हुन लागेका कामहरू, संरचनाहरू लथालिङ हुँदै जान्छन्। अन्ततः सबै ध्वस्त भएर बदनाम हुँदै बेथिति र विसंगतिको भाँडभैलोमा जाकिन पुग्छ। अनि कसैले पनि विश्वास गर्न लायक रहँदैन।

ठीक त्यस्तै छद्मभेषी अनुशासनविहीनहरूको कम्युनिस्ट पार्टीमा प्रवेश हुन पुगेकोले वा उनीहरू कुनै न कुनै हिसाबले नेतृत्वकारी स्थानमा पुग्न सफल हुनुले नै आज नेपालमा र कम्युनिस्ट पार्टी अथवा विश्वमा नै कम्युनिस्ट पार्टी रक्षात्मक अवस्थामा पुगेको छ। माओ र लेनिनको निधनपछि सत्ता सम्हाल्न पुगेकाहरूले फाइदा उठाएर पदको दुरूपयोग गरी सिंगो पार्टीलाई दक्षिणपन्थी संशोधनवादमा पतन गराएर समाजवादलाई असफल पारे। नेपाल पनि त्यसबाट अछुत रहन सकेन।

नेपालमा नेपाली जनताले कम्युनिस्ट व्यवस्था आउनु पर्छ भनेर ठूलो जनमत दिएका थिए। तर विडम्वना कम्युनिस्टको नाम राखेर बसेका माथि उल्लेखित छद्मभेषी, विदेशीका दलाल अनुशासनविहीनहरूले त्यसको नेतृत्व गरेका थिए। अराजक तथा सिद्धान्तविहीन दलालहरूले सिंगो कम्युनिस्ट पार्टीलाई सकेसम्मको बदनाम गराए। धरासायी पारे। उठ्नै नसक्ने गरि थला पारे। विभिन्न बाहना बनाएर सिंगो कम्युनिस्ट पार्टीलाई जनताबाट तिरस्कृत हुने स्थिति बनाए। कम्युनिस्टहरू प्रति नै घृणा जगाउने, देश विदेशमा बदनामी गराउने काम गरे, देशी विदेशी प्रतिक्रियावादी, सामन्त, पुँजीपति, साम्राज्यवादी, विस्तारवादीहरूको सेवा गर्ने उनीहरूको दलाली गर्ने काम गर्दै आए। नेपाली जनताको चाहना विपरीत काम गर्दै सिंगो मुलुक र जनतालाई अनिर्णयको बन्दी बनाउने काम गरे। यिनीहरूलाई अनुशासन, सिद्धान्त, नैतिकता, व्यवहारसँग मतलव हुँदैन। दलाल भ्रष्टहरूको न कुनै धर्म हुन्छ न जात हुन्छ, न कुनै देश हुन्छ।

कम्युनिष्ट पार्टीमा अनुशासन पहिलो स्थानमा रहन्छ। अनुशासित र इमान्दार व्यक्ति नै कम्युनिस्ट पार्टीको समर्थक, सदस्य, नेता हुन सक्छ। कम्युनिस्ट पार्टीको अनुशासित, इमानदार र व्यवहारिक समर्थक, कार्यकर्ता सदस्य, नेताहरू रहेको पार्टी नै सच्चा कम्युनिस्ट पार्टी हुन सक्छ। तिनीहरूको नेतृत्वले सत्ता सम्हाल्दा नेतृत्व गर्दा बल्ल देशमा आमूल परिवर्तन हुन्छ। त्यसरी नै देशमा आमूल परिवर्तन हुन्छ। दिगो शान्ति स्थापना हुन्छ। विकासका बन्द भएका सबै ढोकाहरू खुल्न जान्छन् र जनता, देश परिवर्तनको संवाहक बन्न पुग्छ। त्यो दिगो बन्दछ। समाजवाद र साम्यवादमा पुग्न मार्ग प्रशस्त गर्दछ।

अनुशासनबारे माओका उक्तिहरू निकै सान्दर्भिक छन्। माओले भनेका छन्, “ जनताका पंक्तिभित्र जनवाद, केन्द्रीयता र स्वतन्त्रता अनुशासनसित सम्बन्धित छ। ती एकै अस्तित्वका दुई विपरीत पक्ष हुन्, परस्पर विरोधी हुनाका साथै संयुक्त पनि हुन र हामीले एक तर्फी भएर एउटालाई अस्वीकार गरी अर्कोलाई मात्र जोड दिनु हुँदैन। जनताका पंक्तिहरूभित्र स्वतन्त्रता विना हामी चल्न सक्दैनौं न त अनुशासन विना नै चल्न सक्छौं। जनवाद विना हामी चल्न सक्दैनौं, न त केन्द्रियता विना नै चल्न सक्छौं। जनवाद र केन्द्रीयताको स्वतन्त्रता र अनुशासनको सम्मिश्रणले जनवादी केन्द्रियता बन्दछ। यस अवस्थामा जनताले पर्याप्त जनवाद र स्वतन्त्रताको उपयोग गर्दछन्। तर यसका साथै उनीहरूले समाजवादी अनुशासनका सीमाभित्र रहेर बस्नु पर्ने हुन्छ।” माओका उद्धृत उक्तिहरूमा माओले भनेका छन्, “हामीले पार्टीको अनुशासनलाई पुनर्पुष्टि गर्नैपर्छ। जस्तै १) व्यक्ति संगठनको अधिनस्थ हुन्छ। २) अल्पमत बहुमतको अधिनस्थ हुन्छ। ३) तल्लो तह माथिल्लो तहको अधिनस्थ हुन्छ। ४) जम्मै सदस्यता केन्द्रीय सदस्यको अधिनस्थ हुन्छ। कसैले अनुशासनका यी नियमहरूको उल्लंघन गर्छ भने उसले पार्टी एकतालाई भंग गर्दछ।” (राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका अक्टोबर १९३८)

अल्पमतले बहुमतलाई मान्यता दिनु पार्टी अनुशासन मध्ये एक हो। अल्पमतको विचार अस्वीकृत गरिएको छ भने बहुमतले स्वीकृत गरेको निर्णयलाई समर्थन गर्नैपर्छ। यदि आवश्यक पऱ्यो भने अर्को बैठकमा यसले पुनः विचारार्थ त्यस कुरालाई ल्याउन सक्छ तर त्यसबाहेक कुनै किसिमबाट पनि यसले निर्णयको विरुद्ध काम गर्नुहुन्न।” (माओ, गलत विचारहरूलाई सच्चाउने विषयमा (डिसेम्बर १९२९)

अनुशासनका तीन मुख्य नियमहरू हुन्छन् ती निम्न प्रकार छन् -

१) आफ्ना सबै काममा आदेशहरूको पालना गर।

२) जनताबाट एउटा सियो र धागोको टुक्रासम्म पनि नलेऊ।

३) कब्जा गरेको प्रत्येक कुरा संगठनलाई बुझाऊ।

माओको उक्तिमा ध्यान दिनुपर्ने आठ कुराहरू निम्न प्रकारका छन् -

१) नम्र भएर बोल।

२) आफूले किनेको वस्तुको सुपथ मूल्यतिर वा सर सापट लिएको कुरा फर्काउ।

४) आफूले बिगारेको जुनसुकै कुराको पनि मोलतिर।

५) जनतालाई कुटपिट गर्ने, धम्काउने, तर्साउने, हप्काउने काम नगर।

६) बाली नाली नबिगार।

७) महिलाहरूसित छाडा व्यवहार नगर।

८) बन्दीहरूसँग नराम्रो व्यवहार नगर।

अनुशासनका तीन मुख्य नियम र ध्यान दिनुपर्ने आठ मुख्य कुराहरूको पुनः प्रकाशन चिनियाँ जन मुक्ति सेनाको केन्द्रीय कार्यालयको निर्देशन (अक्टोबर १०, १९४७) तिनीहरू (हाम्रो सेनाका सबै सेना नायक र सिपाहीहरू) ले अनुशासनको भावनालाई उँचो उठाउनैपर्छ र आदेशहरू हाम्रो नीति अनुशासनका तीन मुख्य नियम ध्यान दिनुपर्छ। आठ कुराहरूको (सेना र जनता, सेना र सरकार सेना-नायक र सिपाहीहरू सर्म्पूण सेनासित संयुक्त भएर ) दृढतापूर्वक पालन गर्नुपर्छ अनुशासन तोड्नु दिनु हुँदैन।(चिनियाँ जन मुक्ति सेनाको घोषणापत्र (अक्टोबर १९४७))

आलोचना र स्व आलोचना :क. माओले चिनियाँ जनमुक्ति सेनालाई धेरै शिक्षा दिनु भएको थियो। कम्युनिस्ट पार्टी आलोचनादेखि डराउँदैन किनभने हामीहरू मार्क्सवादी हौं। सत्य हाम्रो पक्षमा हुन्छ। आधारभूत जनसमूह मजदुर, किसानहरू हाम्रो पक्षमा हुन्छन्। पूर्णतः भौतिकवादीहरू निडर हुन्छन्। हाम्रा सबै योद्धा साथीहरूले आफ्ना जिम्मेवारीहरू साहसपूर्वक बहन गर्नेछन्। सबै कठिनाईलाई जित्ने छन्। बाधादेखि नडराई अरुले आफूलाई खिसी अथवा केही भन्छन् कि भनेर अनकनाउने छैनन्।

हामी कम्युनिस्टहरूलाई आलोचना गर्न र सुझावहरू दिन विरोधीहरू अनकनाउने नै छन्। हामी आशा गर्छौं कि जो हजारौं मारबाट हुने मृत्युदेखि डराउँदैन उसले नै बादशाहलाई घोडाबाट खसाल्ने आँट गर्छ। समाजवाद र साम्यवादको निर्माण गर्न हाम्रो संघर्षमा चाहिने दुर्जय भावना यही हो। हामीसँग आलोचना र स्व आलोचनाको मार्क्सवादी, लेनिनवादी हतियार छ। हामीहरू खराब शैलीलाई फ्याँक्न सक्छौं। स्व आलोचनाको सचेतन अभ्यास हाम्रो पार्टीलाई अरु सबै राजनैतिक पार्टीहरूबाट छुट्ट्याउने अर्को चिन्ह हो। आफ्नो कोठा नियमित रूपले बढारिदैन भने धुलो जम्छ। आफ्नो मुख नियमति रूपले धोएनौ. भने फोहोर हुन्छ भने जस्तै हाम्रा कमरेडहरूको विचार र हाम्रो पार्टीको काममा धुलो मैलो लाग्न सक्छ त्यसैले बढार्नु, सफा गर्नु, धुनु आवश्यक छ। बगिरहेको पानी कहिलै वासी हुँदैन, ढोकाको कब्जामा कहिले किरा लाग्दैन भन्ने उखान छ। त्यस्तै निरन्तरताको गतिले जीवाणुहरू र अरु जीवजन्तुहरूको आक्रमणलाई रोक्छन् भन्ने हो। आफ्नो कामको निरन्तर जाँच गर्ने क्रममा जनतान्त्रिक कार्य प्रणाली विकसित गर्नु आलोचना अथवा स्व आलोचनादेखि नडराउनु आफूले थाहा पाएका सबै कुरा भन, केही पनि बाँकी नराखिकन वक्तालाई दोष नदेउ, तर उसका भनाईबाट होसियार हौं। आफूले गल्ती गरेको भए सच्चाउ अनि गल्ती गरेका छैनौं भने हुन नपाउन चनाखो बन भन्ने जस्ता असल र प्रख्यात चिनियाँ उखानहरू प्रयोग गर्नु नै हाम्रा कामरेडहरूको विचार र हाम्रो पार्टीको शरीरलाई दुषित पार्ने दुषित गर्ने सबै किसिमका राजनीतिक धुलो जिवाणुलाई रोक्ने एक मात्र प्रभावकारी बाटो हो। (माओका उद्धृत उक्तिहरू)

माओका यी भनाईहरूबाट यो स्पष्ट छ कि अनुशासितहरू व्यवहारमा पनि त्यत्तिकै चतुर हुनुपर्दछ। व्यवहारिकतामा परिपक्क बन्न सकिएन भने गरेका कामहरूले निर्णायक रूप अथवा मूर्त रूप पाउन सक्दैन। एकजना शिक्षकले बीस पच्चिस जना विद्यार्थीलाई धेरै वर्ष पढाएछन्। जब विद्यार्थीहरू डिग्री पास गरे। विद्यार्थीलाई विदाई गर्ने बेला भयो। शिक्षकले विदाई गर्ने बेलामा बाबुहरू। आज तिमीहरूलाई यस कलेजबाट विदा गर्दैछु। तिमीहरूलाई विदाईमा दिने गिफ्टहरू म सँग केही छैन। यही २५ माना तोरी छ। एक एक माना तोरी दिन्छु। यही लगेर घरमा जाऊ। आफ्नो जागिर पेशाहरू गर तर तीन वर्षपछि मलाई भेट्न आउनु। त्यसदिन रमाइलो गरौंला भनेर विद्यार्थीलाई विदा गरेछन्। विद्यार्थीहरू आ-आफ्नो घरमा गए। गुरुले दिएको तोरीलाई कसैले सिरानी मुनि राखे। कसैले मठमन्दिरुमा चढाए तर एकजनाले तोरी खेती गर्न थाले। मानोबाट मुरी मुरीबाट कैयौं कुन्टल बनाउँदै तोरीको गोदाम बनाए।

तीन वर्षमा गुरुलाई भेटन जाँदा आ-आफ्ना कहानी सुनाए। तर एकजना विद्यार्थीले तोरी फलाएको मिल किनेको मिलको उद्घाटन गरिदिन गुरुलाई आमन्त्रण गरेको सुनेर चौबीस जना विद्यार्थी व्यवहारिकतामा फेल भएको र एकजना मात्र सफल भएको भन्ने एक कहानी छ। त्यसैले मार्क्सवाद एक आफैमा पूर्ण व्यवहारिक अनुशासित वैज्ञानिक पद्धति हो। यसलाई खाली अध्ययन गरेर मात्र पुग्दैन। यसलाई व्यवहारमा लागु गर्न पनि त्यत्तिकै जरुरी हुन्छ। त्यसैले जीव, जगत, आकाश, धर्ती, पानी, मानिस, बायु, पशु, पन्छी सबैलाई केलाएर अनुशासित र व्यवहारिक भएर वैज्ञानिक तरिकाले बुझ्ने र व्याख्या विश्लेषण गर्ने वैज्ञानिक पद्धतिलाई मार्क्सवाद भन्ने गरिन्छ। अनुशासन र व्यहारिकता कम्युनिस्टहरूको चरित्र बनाउन सकिन्छ। कम्युनिस्टहरू अनुशासित र चरित्रवान बन्नैपर्छ।

# सांस्कृतिक आन्दोलनलाई नयाँ ढङ्गले सङ्गठित तथा परिचालित गर्नुपर्दछ : चैतन्य

***नेपाली धर्तीमा समाजको आमूल परिवर्तनका लागि लडिएको वर्गसंघर्षले साहित्य, कला र संस्कृतिमा कस्तो प्रभाव पारेको थियो । र त्यसले स्थापित गरेको मूल्यलाई चलायमान बनाउन किन सकिएन ? अब त्यसलाई पुनर्ताजगीकरण गर्न कसरी अभियान चलाउनु पर्ला भन्ने ठान्नुहुन्छ ?***

नेपाली समाजको इतिहासमा आमूल परिवर्तनका लागि भएका वर्गसङ्घर्षहरूमा पूर्व नेकपा (माओवादी) द्वारा सञ्चालित जनयुद्ध सबै भन्दा उच्च र प्राथमिक स्थानमा रहेको छ। यो वर्गयुद्ध पुरानो राज्यसत्ताको अन्त्य र नयाँ राज्यसत्ताको स्थापनाका निम्ति सञ्चालित एक महान् ऐतिहासिक अभियान थियो। यसको सबै क्रान्तिकारी नेता, कार्यकर्ता, शुभेच्छुक, परिर्वतनकामी जनसमुदाय सहित सहित्यकार, कलाकार तथा सांस्कृतिककर्मीहरूलाई समेत नयाँ उर्जा तथा उत्प्रेरणा प्रदान गरेको थियो। जनयुद्धकालमा वर्गयुद्धद्वारा उद्घाटित नयाँ यथार्थको उद्‌बोधन, देश, जनता, क्रान्ति तथा मुक्तिप्रति प्रतिबद्धता, नयाँजनवाद, समाजवाद तथा साम्यवादको स्थापनाप्रति निष्ठा, उच्च प्रकारको त्याग, वीरता, तथा बलिदानी भाव लगायतका क्रान्तिकारी मूल्य-मान्यता विकसित तथा स्थापित हुँदै गएका थिए। यस प्रकारका मूल्य-मान्यता तथा आदर्शमा आधारित रहेर साहित्य तथा कला सहित नयाँ संस्कृतिको निर्माण प्रकिया अगाडि बढेको थियो र त्यसैक्रममा मार्क्सवादी सौन्दर्यशासत्रको आलोकमा जनयुद्धको सौन्दर्यशास्त्र पनि जन्मिएको थियो।

क्रान्तिले बीचैमा धोका र धक्का खाएकोले विकसित तथा स्थापित हुँदै गएका उक्त प्रकारका मूल्य-मान्यता तथा आदर्श अनुरूप आन्दोलनलाई अगाडि बढाउन सकिएन। यसका पछाडि मुख्यतः दक्षिणपन्थी संशोधनवादी विचलन र साथै क्रान्तिकारीहरूको कमजोर स्थिति जस्ता कारणहरूले पनि काम गरेका छन्। अव ती मूल्य-मान्यता र आन्दोलनको ताजगीकरणका लागि तिनको जगमा टेकेर अर्को नयाँ यर्थाथको उद्घाटन गर्नु पर्दछ र त्यसको निम्ति आवश्यक तयारी गर्नु पर्दछ। यो तयारी सैद्धान्तिक, राजनीतिक तथा साङ्गठनिक हरेक क्षेत्रमा हुनुपदर्छ र यसका लागि सांस्कृतिक आन्दोलनलाई नयाँ ढङ्गले सङ्गठित तथा परिचालित गर्नुपर्दछ।

***जनयुद्धले उठाएको विषयमा स्रष्टा सर्जकहरूबाट थुप्रै कविता, कथा, गीत, संस्मरण, निबन्ध जस्ता साहित्य त लेखिए तर उपन्यास/महाकाव्यमा चित्त बुझ्दो लेखन भएन भनिन्छ यसबारे के भन्नुहुन्छ ? के उपन्यास र महाकाव्य लेख्न विशिष्ट क्षमताको आवश्यकता पर्ने हो या अरू कुनै कारण देख्नुहुन्छ ?***

जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थमा आधारित रहेर साहित्यका क्षेत्रमा कविता, कथा, संस्मरण लगायतका विधाहरू जुन रूपमा निर्मित भए त्यसै हिसावले उपन्यास र महाकाव्यको रचना हुन सकेन। यो कुरा मुलतः सत्य नै हो। जहाँसम्म विशिष्ट क्षमताको कुरा हो त्यो त सबै विधाहरूमा आवश्यक पर्दछ। उपन्यास र महाकाव्यका सन्दर्भमा भन्नुपर्दा तिनका लागि विशिष्ट क्षमताका साथै साधना र धैर्यको पनि बढी आवश्यकता पर्दछ।

***अहिले पठन संस्कृति खस्कँदै जानु र प्रगतिवादी साहित्य-कला क्षेत्रमा नयाँ पुस्ताको उत्साहजनक सहभागिता नहुनुका कारण के देख्नुहुन्छ ?***

हो, पठन सांस्कृति खस्कँदै गएको छ। जहाँसम्म प्रगतिवादी साहित्य-कलाका क्षेत्रमा नयाँ पुस्ताको उत्साहजनक सहभागिता नहुनुको कारणको प्रश्न हो, त्यसका पछाडि मूलतः सांस्कृतिक साम्राज्यवाद, दक्षिणपन्थी संशोधनवाद र फेसबुके संस्कृतिले काम गरेका छन्। त्यसका साथै नयाँ पुस्तालाई प्रोत्साहित गर्ने यथेष्ट वातावरणको अभाव, आवश्यक उत्प्रेरणाको कमी, स्वयम् नयाँ पुस्ताका अधिकता लेखक-कलाकारहरूको रुचिको विकासको स्तर जस्ता कारणहरूले पनि काम गरेका छन्।

***जनयुद्धले धक्का खाएपछि नेपाली बजारमा माओवादी जनयुद्धलाई विद्रूपीकरण गरिएका संस्मरण तथा आख्यानहरू आएका छन्, यसको कारण के देख्नुहुन्छ ? के वैश्विक अवस्थामा पनि यस्तै हुन्छ ? त्यस्ता कृतिहरूको समाजवादी यथार्थवादी कोणबाट समीक्षा/समालोचनाको कमी देखिन्छ । यसबारे हाम्रा कवि, लेखक/समालोचकको दायित्वबारे के भन्नुहुन्छ ?***

जनयुद्धले धक्का खाए यताको अवस्थामा नेपाली बजारमा जनयुद्धको विद्रूपीकरण गरेर संस्मरण, आख्यान निर्माण गरिनुको पछाडि प्रतिक्रान्ति नै मूल कारण रहेको छ। यो कुरा नेपाल मात्र होइन विश्वका विभिन्न मुलुकहरूका सन्दर्भमा पनि सत्य हो। जनयुद्धको विद्रूपीकरण गरिएका कृतिहरूको समाजवादी यथार्थवादी कोणबाट समीक्षा गर्ने काम ... रूपमा अगाडि बढ्न सकेको छैन। यो विचारधारात्मक सङ्घर्षको क्षेत्रमा रहेको कमी वा सीमा हो। यसबारे मार्क्सवादी समालोचकहरू बढी सजग तथा क्रियाशील बन्न र समालोचकीय दायित्व संवहन गर्न गम्भीर हुनुपर्दछ।

***जब जब प्रतिरोधी आन्दोलन कमजोर हुन्छ कला साहित्य पनि भुत्ते हुँदै जाने रहेछ । अहिलेको खण्डित वाम आन्दोलनभित्र सांस्कृतिक आन्दोलनको मोर्चा कसरी निर्माण गर्न सकिएला ?***

प्रतिक्रियावादी विरुद्धको प्रतिरोधी आन्दोलन कमजोर बनेको स्थितिमा प्रगतिशील साहित्य-कलाको रचनात्मक काम पनि कमजोर नै हुने गर्दछ। तर, स्थितिको यो एउटा पाटो हो। अर्कोतिर त्यस प्रकारको स्थितिमा पनि प्रगतिशील कलाकृति रचिने गर्दछन् र तिनले प्रतिरोधी आन्दोलनलाई आवश्यक ऊर्जा प्रदान गर्दै क्रान्तिको तयारीमा महत्वपूर्ण भूमिका खेल्दछन्।

विभिन्न धारामा विभाजित अवस्थामा रहेको वामपन्थी आन्दोलनमा सांस्कृतिक आन्दोलनको मोर्चा बनाउन निकै अप्ठेरो हुन्छ। तरपनि प्रगतिशील शक्तिहरू बीचमा सोपेक्ष रूपमा त्यस्तो मोर्चा बनाउन सकिन्छ र बनाउनु पनि पर्दछ। तर, त्यसो गर्दा विचारधारात्मक सङ्घर्षलाई भने ओझेलमा पर्न दिनुहुँदैन।

***नेपालको प्रगतिवादी साहित्यले पचासको दशकदेखि यसको प्रति□वीय धारालाई पछाडि पार्दै केन्द्रमा स्थापित हुन पुगिसकेको अवस्थामा अहिले सुधारवादी/संशोधनवादी कथित वाम शक्तिहरू सत्तामा पुगेपछि पुनः प्रति□वीय धारामै वामशक्ति रमाउन थालेको देखिन्छ यस्तो अवस्थामा प्रगतिवादी साहित्यलाई अझै बढी प्रभावकारी बनाउन कसरी सकिएला ?***

पचासको दशक यता प्रतिध्रुवीय धारालाई पछाडि पार्दै प्रगतिवादी धारा पक्कै पनि केन्द्रमा स्थापित हुन पुगेको हो र कैयौं अर्थमा अहिले पनि पुगेकै छ। तर, नेपाली कम्युनिस्ट आन्दोलन विभाजित भएको र त्यसको एउटा ठूलो हिस्सा सुधारवादी संशोधनवादी बाटो पकडी प्रतिध्रूवीय धारामा समाहित हुन पुगेको अहिलेको अवस्थामा प्रगतिवादी धारालाई प्रभावकारी बनाउन निकै कडा परिश्रम गर्नुपर्दछ। त्यसका लागि एकातिर प्रगतिवादी साहित्यकारहरूका बीचमा सुदृढ विचारधारात्मक एकता कायम गर्नुपर्दछ भने अर्कोतिर विषयलाई अत्यन्तै गम्भीरतापूर्वक ग्रहण गरी क्रान्तिकारी उत्साह र लगनशीलताका साथ सिर्जनात्मक कार्यमा सक्रिय बन्नुपर्दछ। साथै यस धाराका उदीयमान पुस्तालाई उत्प्रेरित तथा प्रोत्साहित गर्ने तर्फ पनि आवश्यक दृष्टि दिनुपर्दछ।

***अहिलेको आन्दोलन जातीयता, क्षेत्रीयता र नारीवादतिर गएको देखिन्छ । के यसले वर्गस□र्षलाई निस्तेज त बनाउँदैन ? यी पृथक् आन्दोलनलाई वर्गस□र्षको मूलधारमा कसरी केन्द्रीकरण गर्न सकिन्छ ?***

यद्यपि वर्तमान नेपाली राजनीतिक आन्दोलनमा जातीयतावादी, क्षेत्रीयतावादी तथा नारीवादी विचलन प्रचुरमात्रामा देखा पर्दै आएका छन् र यिनलाई साम्राज्यवादले मलजल प्रदान गरिरहेको छ। उत्तरआधुनिकतावादकापक्षधरहरूले जातीयमुक्ति, क्षेत्रीयमुक्ति र नारीमुक्ति आन्दोलनलाई वर्गसङ्घर्षबाट अलग्याउनका लागि सक्दो कसरत गर्दै आएका छन्। परन्तु ठीक यहींनेर के पनि बुझ्न जरुरी छ भने सच्चा मार्क्सवादीहरूले यस प्रकारका गलत चिन्तनका विरुद्ध यथेष्ट सङ्घर्ष चलाउँदै आएका पनि छन्। साथै, नेपालमा जातीय तथा क्षेत्रीय मुक्ति आन्दोलन भन्ने वित्तिकै तर्सिने प्रवृत्ति पनि प्रचुर मात्रामा छ र त्यसका विरुद्ध पनि सङ्घर्ष गर्नु पर्दछ। जातीय, क्षेत्रीय तथा नारीमुक्ति आन्दोलनलाई वर्गीयमुक्ति आन्दोलनसित नजोडीकन क्रान्ति सम्भव छैन।

***अहिलेको वैश्विक सांस्कृतिक आन्दोलनलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?***

वर्नमान वैश्विक, सांस्कृतिक आन्दोलको मूल्याङ्कन गर्ने काम सरल होइन, जटिल प्रकारको छ। तर पनि के भन्न सकिन्छ भने आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग भएकोले अहिलेको वैश्विक सांस्कृतिक आन्दोलन पनि साम्राज्यवादको विरोध र सर्वहारा अन्तर्राष्ट्रियतावादको पक्षमा रहेको छ। विभिन्न देशहरूमा चल्दै आएका जनवादी, राष्ट्रियमुक्ति र समाजवादी आन्दोलन वैश्विक सांस्कृतिक आन्दोलनसित जोडिएका छन्। विश्वस्तरमा दक्षिणपन्थी संशोधनवाद साम्राज्यवादको



पुच्छर बन्दै आएको स्थितिमा वैश्विक सांस्कृतिक आन्दोलन पनि साम्राज्यवादका साथै दक्षिणपन्थी संशोधनवादका विरुद्ध समेत परिलक्षित बन्न गएको छ। सर्वहारावादी सांस्कृतिक आन्दोलन सम्रग सामाजिक रूपान्तरण सहित वैज्ञानिक समाजवाद हुँदै साम्यवादको आर्दश प्राप्तिको दिशातर्फ प्रवाहमान रहेको छ। तर, यो कमजोर छ र यसलाई प्रभावकारी बनाउन जरुरी छ। यस निम्ति यस प्रकारको आन्दोलनलाई मार्क्सवाद-लेनिनवाद-माओवाद र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको आलोकमा सङ्गठित तथा सञ्चालित गर्न आवश्यक छ।

***आर्थिक, राजनीतिक र सांस्कृतिक दृष्टिले नेपालको वर्तमान अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?***

सामाजिक आर्थिक रूपमा अहिले नेपाल अर्धसामन्ती, अर्धऔपनिवेशिक विशेषता सहित नवऔपनिवेशिक अवस्थामा छ। देशको राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवादकै हातमा छ र शासनसत्ता लोकतन्त्रात्मक गणतान्त्रिक संसदीय प्रणालीमा आधारित छ। अहिले सत्ता पश्चगामी, यथास्थितिवादी र कम्युनिस्ट नामधारी संशोधनवादीहरूद्वारा सञ्चालित हुँदै आएको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या झनै विकराल बन्दै गएका छन्। देशको अर्थतन्त्रमा साम्राज्यवादी नवउदारवादको प्रभुत्व छ। भ्रष्टाचार, अन्याय, अत्याचार सीमाहीन बन्दै गएका छन्। गाउँमा जग्गा जमिन बाँझै पल्टिएका छन्, रोजगारीको खोजीमा युवा शक्तिको अत्यत्तै विशाल हिस्सा विदेशिएको छ। र, देशको अर्थतन्त्र विप्रेषणले धानिएको छ। यसैमा सरकारले गर्व गर्दछ र त्यसले जनताका कुरा सुन्दैन। सत्ता र सरकारको फासिवादीकरण हुँदै गएको छ। एकातिर सत्ताधारी तथा संसदवादी दलहरूमा अन्तर्कलह चुलिँदै गएको छ भने अर्कोतिर ती दलहरूप्रति जनतामा असन्तुष्टि, आक्रोश र वितृष्णा व्याप्त भइरहेको छ। वस्तुतः देश सङ्कट उन्मुख बन्दै गएको छ। सामाजिक रूपान्तरणका लागि वस्तुस्थिति तयार बन्दै जान थाले पनि आत्मगत अवस्था भने कमजोर नै छ। यो वेला सच्चा कम्युनिस्ट शक्तिलाई गोलबन्द गरी क्रान्तिको तयारीमा लाग्न जरुरी छ।

***मार्क्सवादी आधार र उपरिसंरचनामाथि उत्तरआधुनिकतावादी चेतना हावी हुँदै आएको पछिल्लो अवधिलाई कसरी निस्तेज गर्न सकिएला ?***

आर्थिक आधारको भूमिकालाई अत्यन्तै न्यून र राजनीति लगायत उपरिसंरचनाका विभिन्न तत्वहरूको भूमिकालाई सदैव प्रधान बताउँदै उत्तरआधुनिकतावादले मार्क्सवादमाथि आक्रमण गर्दै आएको छ। परन्तु त्यसलाई निस्तेज पार्नका लागि मार्क्सवादीहरूले राजनीति, विचारधारा र संस्कृतिका क्षेत्रमा सशक्त सङ्घर्ष चलाउँदै आएका छन्। उत्तरआधुनिकतावाद मरणासन्न साम्राज्यवादी विचारधारा हो र त्यसका विरुद्ध अझै सशक्त र प्रभावकारी विचारधारात्मक सङ्घर्ष चलाउनु पर्दछ।

***तपाईं लामो समय स्वास्थ्य समस्यामा रहनु भएर पनि सिर्जन क्षेत्रमा कृयाशील हुनुभएको भन्ने बुझिएको छ, कुनै कृतिको तयारीमा त होइन ?***

फाट्टफुट्ट रूपमा केही त लेख्ने गरेको छु। तर, त्यसभन्दा बढी केही सोचेको छैन।

***समाजवादी यथार्थवादी समालोचनाको वर्तमान अवस्था कस्तो देख्नु हुन्छ ?***

पुराना, प्रौढ तथा नयाँ पुस्ताद्वारा लिखित जे जति कृतिहरू प्रकाशमा आएका छन् ती सबैमाथि दृष्टि दिँदा अहिलेको अवस्थामा पनि यथार्थवादी समालोचना सापेक्ष रूपमा उर्वर र समृद्ध नै देखिन्छ। तर यतिलाई पर्याप्त ठानेर सन्तुष्ट भने हुनु हुन्न। यो बेला यस धाराका समालोचकहरूले विभिन्न प्रकारका चुनौतीहरूको सामना गर्न र यस धारालाई अझै माथि उठाउन आआफ्ना साधना तथा क्रियाशीलतालाई सशक्त ढङ्गले अगाडि बढाउनु पर्दछ।

***तपाईं मार्क्सवादी समालोचक एवम् सौन्दर्यचिन्तक हुनुहुन्छ । मार्क्सवादी समालोचनाका मुख्य चुनौतीहरू के के हुन् भन्ने ठान्नुहुन्छ ?***

मार्क्सवादी समालोचनाका चुनौती वा समस्या विभिन्न ढङ्ग र स्तरका देखिन्छन्। यस सन्दर्भमा मुख्य चुनौती एकातिर उत्तरआधुनिकतावाद र अर्कोतिर दक्षिणपन्थी संशोधनवादबाट रहेको छ। यो वाह्य चुनौती हो र यसका विरुद्ध अझै सशक्त रूपमा विचारधारात्मक सङ्घर्ष चलाउनु पर्दछ। आन्तरिक चुनौती वा समस्याका रूपमा भन्नुपर्दा स्वयम् मार्क्सवादी समालोचकहरूमा विद्यमान लेखकीय ऊर्जालाई आवश्यकता अनुसार प्रस्फुटित गर्नमा केही सीमा वा सुस्तता देखापर्नु हो। यस अतिरिक्त ऊर्जाशील नयाँ समालोचकहरूको... पङ्क्ति तयार पार्ने, अध्ययन तथा लेखनमा उनीहरूको रुचि जगाउने र उनीहरूलाई उत्प्रेरित तथा प्रोत्साहित गर्ने काममा पनि आवश्यक दृष्टि दिन सकिएको छैन। हामीले योजनाबद्ध र गम्भीर रूपमा यसप्रकारका चुनौतीहरूको सामना गर्दै जानु पर्छ। मार्क्सवादी समालोचनाको भविष्य अत्यन्तै समुज्ज्वल छ। धन्यवाद !

---

## यो साता कविता

### सपेराको मेला



नारायण प्रसाद भण्डारी

*शहरिया सपेरा गाउँ बस्ती छिरेका छन्*
*मिठो धुनमा भिड बटुल्दै मगन्ते बन्दैछन्*
*गरिखाने किसान खेत बारीमा ब्यस्त छन्*
*ठगिखानेहरु मेलापात पुगेरै सघाउँछन्*

*भन्छन् म त जादुँ हुँ गाउँलाई शहर बनाउँछु*
*मेरो नागलाई दुध दिनुस् म अमृत बर्षाउँछु*
*शहरमा बस्ने सपेराका महल खरानी भए*
*त्यसैले ढिलो आउने सपेरा यो वर्ष छिटै आए*

*सपेराका झोलामा बिषालु डुमिनी सर्प छन्*
*हातमा प्रेम प्रतिक धूर्व टिन्न र किरण छन्*
*बुझी राखौं यिनीहरुका सर्पले सुन खान्छन्*
*बासँबारी खान्छन् कोही हरिया डलर खान्छन्*

*कोही दशनामी बन्धु त कोही तारै खान्छन्*
*रमिते नबनौं यी सपेराले फेरि धर्ति खान्छन्*
*यिनी मगन्ते होइनन् विष छर्न आएका हुन्*
*फेरि माछामार्ने ढडिया मागन आएका हुन्*
*अब सबै मिलि खबर दारी गरौं,*
*सपेरा लखेटौं आमा बचाऊँ ।*

### ओ ! अमेरिकी बड्डा



अनिल श्रेष्ठ

*तिम्रा हतियार*
*सधैं अरूका निम्ति पड्किन्छ भन्ने हुन्न*

*ओ ! अमेरिकी बड्डा*
*कहिलेकाहीं*
*तिम्रा आफ्नै हतियार*
*तिमी आफैसँग पड्किन सक्छ*

*हतियार हो*
*हतियारले को आफ्नो, को पराइ चिन्दैन*

*ओ ! बड्डा*
*हतियारसँग धेरै नखेल*

*(थाहा छ बड्डा ?*
*एकदिन मेरो गाउँको एकजना सिकारी*
*राति चराको बास हान्न*
*भरूवा लिएर जङ्गल पस्यो*
*बन्दुकले रूखको*
*चरा हिर्काएन*

*उसको*
*आफ्नै अनुहार हिर्कायो*

*मध्यराति*
*बन्दुकका चोटहरु लिएर*
*आइपुगेको उसको अनुहारबाट*
*मैले बारूदका छिर्काहिरु*
*निकालेको छु*
*र उसको अनुहारको*
*उपचार गरेको छु । )*

*ओ ! अमेरिकी बड्डा*
*समय सधैं आफ्नो हुँदैन*
*र हतियार कहिल्यै*
*आफ्नो हुन्न*
*यी दुई कुराहरूसँग*
*कहिल्यै नखेल्नु, नजिस्कनु*
*एउटा आगोसँग*
*र, अर्को हतियारसँग*

*यी कहिल्यै क्षमाशील हुँदैनन ।*

*आँबुखैरेनी, तनहुँ*

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**
www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
ww.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृस्टि साप्ताहिक
हाँक साप्ताहिक

## बम...

एकथरीले एउटा आक्रान्त देशको रूपमा हेर्ने गदै आएका छन् अनि भारतलाई भने तथाकथित शान्तिदूतका रूपमा। त्यसैले भारतीय सत्तापक्ष पाकिस्तानबाट आफुलाई प्राप्त कथित शान्तिदूतको कल्की खोसिने चिन्ताले पाकिस्तानप्रति पूर्वाग्रह ओकलिरहेको प्रतीत हुन्छ।

यद्यपि यो आलेख तयार गर्दैगर्दा पछिल्लो समय अमेरिकार र इज्रायलले इरानको सैन्य केन्द्रहरू र शस्तास्त्र उत्पादन केन्द्रहरूमाथि भिषण आक्रमण गरेर ईरानलाई उठ्नै नसक्ने गरी थला बसाएको र अब ईरान बार्ताका लागि तयार भएको भनेर पनि प्रचार गर्न छोडेको छैन। तर बिश्वको सबैभन्दा शक्तिशाली सैन्य क्षमता र प्रबिधि भएको अमेरिकार र इज्रायलसँग एक महिनादेखि लगातार प्रतिरोध चलाइरहेको ईरानलाई कम आक्ने जुन प्रचारबाजी अमेरिका र इज्रायलले चलाउदै आएका थिए त्यो भने सरासर भ्रूटो रहेछ भन्ने कुरा प्रमाणित भएको छ। पुरानो सभ्यता भएको मुलुकको आधुनिक सैन्य क्षमता पनि निकै सबल र अत्याउने खालकै बिकसित गरेको यो युद्धले प्रष्ट पारिदिएको छ। बिश्वलाई २५ प्रतिशत तले आफूर्ति गर्ने मूख्य द्वार हर्मुज जल डमरुको मूल जलमार्गमा ईरानले रोकावट गरेबाट पनि उसको क्षमतालाई दर्शाइरहेको छ। यसले गर्दा तेल आपूर्ति श्रृंखला अबरोध भएर बिश्वभरी नै तेलको मूल्य बढेको र त्यसको चौतर्फी प्रभावले गर्दा आधारभूत खाद्य बस्तु लगायत अन्य दैनिक उपभोगका उपयोगी बस्तुहरूको मूल्य पनि प्रभावित भएर जन जीवन थप कष्टकर बन्न थालेको छ।

एक महिनादेखि लगातार चल्दै आएको यो युद्धमा हजारौंले मृत्यु बरण गर्न बाध्य हुनु परेको छ भने लाखौं लाख परिबार बर्बाद बन्न पुगेका छन्। अनि कयौं देशको अर्थब्यवस्थामा ठूलो नकारात्मक असर पुगेको छ। यी सबै कारणले गर्दा अर्बौं अर्बको धन सम्पत्ति नष्ट भएको र भइरहेको छ। दुबै हातले धन सम्पत्ति प्रदान गर्ने पृथ्वीलाई बम-बारुदको मारले ध्वस्त र मरणासन्त तुल्याइदिएको र तुल्याइरहेको छ। बोल्न नसक्ने पशु पंक्षीहरू, जीवजन्तुहरू, बोट बिरुवाहरूको अस्तित्व नै यसले ठूलो संकटमा परेको छ। त्यतिमात्र होइन, महासागर, सागर, नदीहरू,तलाऊ र पोखरीहरूमा पनि युद्धले बिषालु बन्न पुगेका छन्। यस स्थितिले सबै कुरा भताभुंग भएको प्रष्ट छ। अनि हतियार उदाउँदै र सर्बत्र ध्वंश मच्चाउदै बार्ताको कुरा गर्नु पनि पाखण्ड बाहेक केही हुँदैन नै। युद्धको शुरुवातमै अमेरिकी - इज्रायली साम्राज्यबादले ईरानका सर्बोच्च नेता अली खाईमेनीको हत्या गरेपछि ईरानले आफ्नै शर्तमा मात्र युद्ध बन्द हुने कुरा जनाउँदै आएको छ र रगतको आखिरी थोपा रहुञ्जेल लड्ने शपथ खाँदै आएको छ। यस कारणले पनि ईरानले हमला तीब्र पारेको र त्यसलाई समाप्त पार्ने कुरा पनि गरिरहेको छैन। यद्यपि कुरा गर्दै नगर्ने भनेको छैन र सार्थक बार्ता गर्ने कुरा पनि बताइरहेको छ र कुनै सम्भावित सम्झौताका लागि तयार रहेको पनि बताउन छोडेको छैन। इज्रायलले सिधै बार्ता गर्ने त भनेको छैन तर ईरानको आक्रामक तेब्बर देखेर ठूलो असमञ्जसमा परेको र अरु अरु देश मार्फत अप्रत्यक्षरूपमा बार्ताको प्रस्ताव उसले पनि राख्न छोडेको छैन। ट्रम कहिले ४८ घण्टाको समय दिन्छन्, कहिले ५ दिनको समय दिन्छन् भने पछिल्लो समय ३० दिनको दिएका छन्। तर ईरानले यसलाई बिश्वसनीय मानेको देखिदैछ भने ट्रम्पसँग इज्रायलका नेता नेतान्याहू पनि आश्चर्यमा परेको देखिएको छ।

हुन पनि अमेरिकाले उच्च र छिटो उडान गर्ने ब्यालेस्टिक मिसाईल जस्ता फाइटर बिमानमा ठूलो लगानि गरेको थियो। तर ईरानले थोरै खर्चमा तल तल उड्ने, राडारको दूरीले नभेट्ने र मन्द गतिका जुन ड्रोनहरू बनाएको रहेछ त्यसले नै उसले काम फत्ते गरिरहेको छ। एकथरीले ईरानका त्यस्ता 'ड्रोन गुरिल्ला'हरूले अमेरिका र इज्रायललाई आच्छु आच्छु पारेको बताइरहेका छन्। ईरानले अमेरिका र इज्रायललाई यसरी ड्रोनले जबाफ दिने तयारी कहिलेदेखि गरिरहेको थियो बल्ल अहिले मात्र थहा हुन सकेको छ। यद्यपि अमेरिकाको सिआईए र इजरायलको मोसाद बिश्वका सबैभन्दा खतरनाक प्रभावशाली गुप्तचर संस्था मानिन्छन् तिनको अबस्था पनि यो लडाईले खुलस्त पारिदिएको छ। ईरानलाई निकै कमजोर सम्झेर अमेरिकी र इज्रायली साम्राज्यबादीहरूले जुन युद्ध थोपरेका थिए त्यसका बिरुद्ध ठूलो मूल्य चुकाएर ईरान लडिरहेको छ। बिश्व जनमत ईरानको पक्षमा छ। किनभने यो युद्ध अमेरिका र इज्रायलले अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्र संघको बडापत्र तथा सार्बभौम राष्ट्रहरूको सिद्धान्त बिपरीत ईरानमाथि लादिएको युद्ध हो। त्यसैले अमेरिका अत्तालिएर बार्ता बार्ता भन्दै नयाँ हमला गर्ने तयारीमा लागेको ईरानले आकलन गर्दै एकथोपा रगत हुञ्जले देशको रक्षाका लागि लड्ने कुरा बारम्बार दोहोऱ्याउने गरेको छ।

## बलात्कार...

छैन। समाजको मानसिकता र प्रशासनिक कार्यान्वयनमा पनि सुधार गर्नु अनिवार्य छ।

बलात्कार र हिंसाको समस्या केवल कानूनी दृष्टिकोणबाट समाधान गर्न सम्भव छैन। नयाँ कानूनी प्रावधान महत्त्वपूर्ण छन्, तर तिनीहरू प्रभावकारी हुनका लागि समाजको मानसिकता र संरचनामा सुधार अनिवार्य छ। समाजको हरेक सदस्यको जिम्मेवारी बनाउनु पर्छ कि हामी एक सभ्य र सुरक्षित समाज निर्माण गर्नेमा योगदान पुर्याउने छौं। यसका लागि हामीले केवल बलात्कार र हिंसाका घटनाको विरोध मात्र होइन, यस्ता घटनाहरूको कारण र पृष्ठभूमिको गहिरो अध्ययन गर्नुपर्नेछ। समाज परिवर्तनको कसम हामीले खानुपर्छ, यदि हामीले बलात्कार र हिंसा विरुद्धको नयाँ कानुनलाई प्रभावी बनाउन चाहन्छौं भने।बलात्कार र हिंसासँग जुझ्नका लागि कडा कानूनी व्यवस्था, सामाजिक जागरूकता र सामूहिक जिम्मेवारी आवश्यक छ। कानूनी सुधारमा मात्र निर्भर नगरी समाजका हरेक स्तरबाट बलात्कारको विरोध गर्ने कार्यमा सक्रिय सहभागिता पुर्याउनु पर्छ। जब समाज र सरकार मिलेर यस मुद्दामा एकजुट भएर काम गर्छन्, तब मात्र हामी बलात्कारमुक्त, समान र समृद्ध नेपालको सपना पूरा गर्न सक्षम हुनेछौं।

## चैत १९...

वेद विद्याश्रमतर्फका विषयको परीक्षा सञ्चालन हुनेछ। त्यस्तै, २४, २५, २६, २७, २८ र २९ चैतमा प्राविधिक धारतर्फका पुरानो र नयाँ पाठ्यक्रममा आधारित विषयको परीक्षा सञ्चालन हुने बोर्डको परीक्षा तालिकामा उल्लेख छ।

## पूर्वप्रम...

अनुसन्धानका लागि भन्दै प्रहरीले ओली र लेखकलाई पक्राउ गरेको हो।

नेपालको इतिहासमा मुलुकको कार्यकारी प्रमुख ज्यानमुद्दामा पक्राउ परेको यो पहिलो घटना हो। यसअघि कतिपय अवस्थामा राजनीतिक प्रकृतिका घटना र प्रदर्शनमा पूर्वप्रधानमन्त्रीहरू प्रहरी नियन्त्रणमा रहेपनि फौजदारी जाहेरीको अनुसन्धानका सिलसिलामा पक्राउ परेका थिएनन्।

तीन दिनअघि मिडियाहरूमा सार्वजनिक भएको जाँचबुझ आयोगको प्रतिवेदनमा पूर्वप्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, पूर्वप्रहरी महानिरिक्षक चन्द्रकुवेर खापुङ लगायतमाथि मुलुकी अपराध संहिता २०७४ को दफा १८२ को कसुर गरेको आरोपमा पक्राउ गरेको हो।

उक्त दफामा 'हेलचक्र्याईं गरी ज्यान मार्न नहुने' भन्ने व्यवस्था छ। हेलचेक्राईपूर्वक कसैको ज्यान मार्ने काम गरेमा ३ वर्षसम्म कैद र ३० हजार रूपैंयासम्म जरिवाना हुनसक्छ।

नवनियुक्त प्रधानमन्त्री बालेन शाहले शपथ लिएको केही घण्टाभित्रै बसेको मन्त्रिपरिषद बैठकले सुरक्षाकर्मीहरू बाहेकका हकमा गौरीबहादुर कार्की नेतृत्वको आयोगले पेश गरेको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गरेको थियो।

मन्त्रिपरिषदको निर्णय प्रमाणिकरण नहुदै गृहमन्त्री सुदन गुरुङले भदौ २३ को घटनामाथि अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएका थिए। त्यसपछि आयोगको प्रतिवेदन कार्यान्वयनको निर्णय कार्यान्वयन र त्यसपछिको पत्राचारका कागजात तयार गर्न कानून सचिव पारश्वर ढुंगाना रातभर खटिएका थिए।

जाँचबुझ आयोगको प्रतिवेदनका आधारमा मात्रै कुनै पनि व्यक्तिलाई फौजदारी अभियोगमा पक्राउ गर्न मिल्दैन। महान्यायाधीवक्ता कार्यालय सम्वद्ध स्रोतका अनुसार, केही मृतक र घाइतेका परिवारले पेश गरेको जाहेरीलाई प्रहरीले ओलीलाई पक्राउ गर्ने आधार बनाएको हो।

प्रहरीले ओलीलाई पक्राउ गर्नुअघि जिल्ला अदालतबाट पक्राउ अनुमती नलिएको स्रोतले बतायो। त्यस्तो अवस्थामा जरुरी पूर्जीका आधारमा पक्राउ गरेको हो।

पक्राउ गर्नासाथ उनलाई पक्राउ पूर्जी दिनुपर्छ भने त्यसपछि स्वास्थ्यपरीक्षण गरेर प्रहरीले हिरासतमा पठाउछ। अब उनलाई २४ घण्टाभित्र मुद्दा हेर्ने अदालत अर्थात जिल्ला अदालत काठमाडौंमा पठाउछ।

## ६१औं....

अन्त्य हुन सकेको छैन। जसका विरुद्ध नेपालका इमानदार देशभक्त, जनवादी तथा क्रान्तिकारी शक्तिहरू जनताको गणतन्त्र स्थापना गर्ने लक्ष्यसहित निरन्तर संघर्षरत रहँदै आएका छन्। त्यसैगरी राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) को मार्गदर्शनमा चलिरहेको भाजपा सरकारको शासन भारतीय इतिहासकै अन्धकारमय दौरबाट गुज्रिरहेको अवस्थामा भारतीय मेहनतकश जनता साम्राज्यवादका जुनियर पार्टनर अडानी-अम्बानी जस्ता महाभ्रष्ट कर्पोरेट घराना तथा तिनका लठैत आरएसएस मनुवादी फासिस्ट शक्तिहरूको लुट र अत्याचारबाट पीडित छन्। भारतको संविधानको विकल्पका रूपमा क्रूर मनुस्मृतिलाई वैचारिक आधारमा मनुवादीरब्राह्मणवादी फासिस्ट शक्ति आरएसएसले बहुलतावादी, बहुराष्ट्रिय, बहुधार्मिक, बहुजातीय तथा बहुभाषिक देशलाई जबर्जस्ती जात प्रणालीमा आधारित हिन्दुराष्ट्र भारत बनाउने उन्मादमा लगाएको छ। जाति र धर्मको नाममा कश्मीरदेखि मणिपुर, उत्तर प्रदेशदेखि छत्तीसगढसम्म विभाजन र घृणाको राजनीति फैलाउने हरकत जारी रहेको छ। उक्त हरकतको विरोध गर्ने न्यायप्रेमीहरू जेलमा बन्द छन् वा दमनको सिकार भइरहेका छन्। जसबाट न्यायप्रेमी दलित, उत्पीडित, आदिवासी, जनजाति, अल्पसंख्यक, महिला तथा विपन्न श्रमजीवी जनतालाई मानव होइन, दासको दर्जा दिने खतरा रहन्छ। त्यस खतरालाई परास्त गर्न इमानदार भारतीय जनता संघर्षरत रहँदै आएका छन्।

मानवताको सहअस्तित्व विरोधी विचार बोक्ने मनुवाद र ब्राह्मणवादको वैचारिक आदर्शमा उभिएको आरएसएस तथा भारतीय सत्ताधारीहरूको रवैया विस्तारवादी रहँदै आएको छ। विस्तारवादी प्रभाव मजबुत पार्न समाजमा प्रायोजित विभाजन र घृणाको राजनीति फैलाउने कोसिस हुँदै आएको छ। त्यस प्रकारको हरकतलाई परास्त गरी सहअस्तित्वको रक्षा गर्नु अनिवार्य रहेको छ। साथै विश्वको साझा शत्रु, विशेषतः अमेरिकी साम्राज्यवाद तथा सहयोगी प्रतिक्रियावादी शक्तिहरू, दलाल पुँजीवाद र कर्पोरेट गठबन्धनहरू, सामन्ती तथा मनुवादी फासिस्ट शक्तिहरू विरुद्ध संघर्ष गर्नु नेपाल र भारतका न्यायप्रेमीहरूको मूल दायित्व बनेको छ।

शताब्दीयौँदेखि नेपाल र भारतका जनताबिच अन्तरदेशीय घनिष्ट सम्बन्ध रहदै आएको यथार्थमा जात प्रणालीगत राजनीतिक, आर्थिक र सामाजिक, सांस्कृतिक उत्पीडनको मुलचरित्र दुवै देशमा समान रहिआएको छ। जसका विरुद्ध उत्पीडित दलित समुदायलाई सशक्त बनाउँदै उत्पीडितहरूको राज्य व्यवस्था स्थापनाको लक्ष्यमा भ्रातृत्व, सद्भाव, पारस्परिक सम्मान तथा वैचारिक ऐक्यबद्धता मजबुत बनाउन नेपाल र भारतका उत्पीडित दलित समुदाय, प्रगतिशील र न्यायप्रेमी जनसमुदाय सबैमा उल्लेखित दलित मोर्चा तथा संगठनहरू हार्दिक अपिल गर्दछौं। क्रान्तिकारी अभिवादन सहित !

***नाराहरू***

*संसारका उत्पीडित तथा दलित समुदाय - एकजुट हऔँ!*

*दलित समुदायलाई विशेषाधिकार - लागू गर!*

*वर्ण व्यवस्था र मनुवाद - मुर्दाबाद!*

*जात प्रणाली - मुर्दाबाद!*

*नयाँ जनवाद - वैज्ञानिक समाजवाद - जिन्दाबाद!*

*दलाल नोकरशाही पुँजीवाद तथा सामन्तवाद - मुर्दाबाद!*

*नेपाल-भारत जनएकता - अमर रहोस् !*

*क्रान्तिकारी दलित मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय सम्मेलन आयोजन समिति*

*एकीकृत दलित मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

*संयुक्त दलित अधिकार मञ्च*
*केन्द्रीय समिति*

*जाति उन्मूलन आन्दोलन, भारत*
*केन्द्रीय समिति*

*गुरु घासीदास सेवादार संघ*
*केन्द्रीय समिति*

## नेकपा....

नारा लगाएका थिए।

त्यसैगरी गुल्मीमा कार्यकर्ताहरूले बेलुकी पख मसाल जुलुस गरेका थिए र प्रहरीले हस्तक्षेप गर्न कोसिस गरेपनि मुठभेड भएन। एमालेले संसद, सडक र कानुनी तीन तरिकाले संघर्ष गर्ने बताएको छ। संसदभित्रको संघर्षलाई संयोजन गर्नका लागि रामबहादुर थापा बादललाई जिम्मा दिएको र सडकमा संघर्षलाई अगाडि बढाउनका लागि अन्य पार्टीहरूसँग कुरा गर्नका लागि पार्टी नेता विष्णु पौडेललाई जिम्मा दिएको र कानुनी लडाईलाई अगाडि बढाउनका लागि पार्टीभित्रका वकिलहरूलाई जिम्मा दिएको एमालेले बताएको छ। केपी शर्मा ओली पक्राउको विरोधमा आज देशभरका जिल्ला प्रशासन कार्यालयमा विरोधपत्र बुझाउने एमालेले बताएको छ। ओली र कांग्रेस नेता रमेश लेखकलाई भाद्र २३ र २४ गते जेनजी आन्दोलनमा दमन गरेको आरोपमा पक्राउ गरिएको र उनीहरूलाई आज जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइनेछ।

## अमेरिकाले...

स्थल सेना इरानमा उतार्ने हो भने अमेरिकाको लागि निकै भारी पर्ने र भियतनाम युद्ध जस्तै अमेरिकाका लागि आत्मघाती हुने चिनियाँ प्रोफेसर जियाङ शुएकिनको भनाइ रहेको छ।

'इरानको यो युद्ध युक्रेनको युद्ध जस्तै हुनेछ, अर्थात् यो लामो समयसम्म तन्किनेछ यो 'एट्रिसन' (थकाउने) युद्ध हुनेछ। यसले विश्व अर्थतन्त्रमा अनौठा परिणामहरू निम्त्याउनेछ र यो युद्ध वर्षौँसम्म चल्न सक्छ।' यसको साथै उनले विश्व अर्थतन्त्रमा र एशियाली अर्थतन्त्रमा ठूलो असर परिरहेको बताएका छन्।

'यो युद्ध वर्षौँसम्म लम्बिन सक्छ। अन्ततः अमेरिकाले स्थल सेना पठाउनेछ; होर्मुज जलसन्धि विवादित हुनेछ; यो विश्वभर फैलनेछ। विस्तारै अन्य राष्ट्रहरू पनि यसमा संलग्न हुन बाध्य हुनेछन्। अब अमेरिकासँग पछाडि हट्ने बाटो छैन। यदि अमेरिकाले युद्धविराम वार्ता गर्न खोज्यो भने इरानले करिब १ ट्रिलियन अमेरिकी डलर बराबर क्षतिपूर्ति माग्नेछ। यसले आफ्नो दीर्घकालीन अस्तित्व सुनिश्चित गर्न अमेरिकालाई स्थायी रूपमा मध्य पूर्व छोड्न बाध्य पार्नेछ।'

उनले इरानमाथिको आक्रमण १९६५ को भियतनाम युद्धसँग मिल्दोजुल्दो रहेको ,जुन युद्धमा एउटा एयरबेस जोगाउन गएका ३ हजार मरीनहरूको सङ्ख्या केही वर्षमै ५ लाख पुगेको थियो। यसरी एउटा सीमित सैन्य उद्देश्यबाट सुरु भएको अभियान विस्तारै अनियन्त्रित रूपमा फैलिँदै जाने र अमेरिका पुनः भियतनाम जस्तै गहिरो सैन्य दलदलमा फस्ने निश्चित रहेको चिनियाँ प्रोफेसर जियाङ शुएकिनको विशलेषण रहेको छ।

## पार्टीमा...

पनि उदारवादी कमीकमजोरीहरू प्रसस्तै छन्। ती कमी कमजोरीहरूलाई हटाएर पार्टीलाई अनुशासित र क्रियाशील बनाउनु पर्दछ।

***फुटनोट :***

१. सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्सेविक) को इतिहास : सृजनशील प्रकाशत तेस्रो संस्करण २०५६ माघ, पुष्ठ ३२३।
२. स्टालिन : छानिएका रचनाहरू पैरवी प्रकाशन, भाषान्तर कृष्णदास श्रेष्ठ पृ. २१२।
३. स्टालिन : लेनिनवादका आधारहरू, प्रगति पुस्तक सदन २०६० पृष्ठ ८५।
४. माओ : माओत्सेतुङका उद्धृत उक्तिहरू, विदेशी भाषा प्रेस, पेकिङ १९७२ - पृ. ३)।
५. लेनिन : मार्क्सवादी-लेनिनवादी-माओवादी सङ्गठनात्मक सिद्धान्त, रक्तिम प्रकाशन, द्वितीय संस्करण, २०६३ पृ. १९।
६. उही पृ. १९।
७. उही पृ. २०।
८. उही पृ. २०।
९. उही पृ. १९।
१०. माओ : माओ चुनिएका रचनाहरू भाग १, प्रकाशन निरन्जन गोविन्द वैद्य, पृष्ठ १२४।
११. माओ : उही पृ. १२४।
१२. माओ : माओत्सेतुङ्का सङ्कलित रचनाहरू भाग ३, (नेपाली), सिर्जनशील प्रकाशन। पृ. १९।
१३. माओ : उही पृष्ठ २४।
१४. माओ : उही पृष्ठ २५।
१५. माओ : उही पृष्ठ २९।

*मुखपत्र कम्युनिस्टबाट*

## कम्युनिस्ट...

छ। १९५१ बाट सुरु गरेको अमेरिकी डिजाइन २०२६ मा आएर साकार बनेको टिप्पणी र विश्लेषण पनि हुने गरेको छ। र, अब कम्युनिस्टहरूलाई उठ्न नदिन अल्गोरिद्म, अमेरिका र नेपाल आार्मी एकसाथ यो सरकारको व्याकिङको रूपमा आएको पनि राजनीतिक विश्लेषकहरूको भनाइ छ।

यसैबिच, दलाई लामाको निर्वासित सरकारको मागलाई लक्षित गरी कार्यसूचिको ८८ नं. बुँदामा 'विद्यार्थीहरूलाई स्नातकसम्मको अध्ययन गर्न नागरिकता नचाहिने गरी विश्वविद्यालयहरूले आवश्यक कार्यविधिगत व्यवस्था तत्कालै गर्ने' भनिएको छ। यसबाट शरणार्थीको परिचय पत्र नपाएका टिब्बतीयन विद्यार्थीहरू लाभान्वित हुने र उनीहरूलाई नै लक्षित गरी यो प्राबधान राखिएको एक स्रोतको दावी छ।

यसका साथै, नवनिर्वाचित प्रधानमन्त्री बालेन साहलाई तिब्बती निर्वासित धार्मिक नेता दलाई लामाको भारतस्थित धर्मशालाबाट निर्वासित केन्द्रीय तिब्बती प्रशासनका प्रमुखले बधाइ दिएका छन्। यसबाट पनि यो बालेन सरकारको सम्बन्ध भूराजनीतिक रूपमा कुन कुन शक्तिबिचको डिजाइनमा छ र यसको मिसन के हो भन्ने कुरा प्रष्ट भएको छ।

लामाका प्रमुख प्रशासक सिक्योंग पेन्पा छिरिङले आफ्नो बधाई पत्रमा लेखेका छन्, 'हालैको जेन-जी नेतृत्वको आन्दोलनपछि तपाईं नेपालको कान्छा प्रधानमन्त्रीका रूपमा उदय हुनु नेपाली जनताको,विशेष गरी युवापुस्ताको आकांक्षाको शक्तिशाली प्रतीक हो।' उनले नेपाल र तिब्बतबीचको ऐतिहासिक र आध्यात्मिक सम्बन्ध पनि स्मरण गराएका छन्।

नेपाल र तिब्बतबीच गहिरो ऐतिहासिक र आध्यात्मिक सम्बन्ध पुस्तौँदेखि कायम रहेको उल्लेख गर्दै नेपालमा बस्दै आएका तिब्बती शरणार्थीलाई तिब्बती समुदाय भनेका छन्। नेपाल र चीन बीचको असल सम्बन्ध,एक चीन नीतिप्रतिको अटल विश्वासमा आँच आउनेगरी दलाइ लामाका मुख्य प्रशासकले तिब्बती भूभाग जबरजस्ती कब्जा गरिएको आरोप लगाएका छन्।

नेपाल र चीन बीचको असल सम्बन्ध,एक चीन नीतिप्रतिको अटल विश्वासमा आँच आउनेगरी दलाइ लामाका मुख्य प्रशासकले तिब्बती भूभाग जबरजस्ती कब्जा गरिएको आरोप लगाएका छन्।

लेखेका छन्, 'तिब्बतलाई जबरजस्ती कब्जा गरेपछि तिब्बती समुदायले नेपालमा शरण पाएका थिए। आफ्नो तिब्बती पहिचान जोगाउँदै नेपालको सामाजिक र आर्थिक जीवनमा लामो समयदेखि योगदान पुर्याउँदै आएका छन्। यो सम्भव भएको नेपाल सरकार र जनताको उदारताका कारण हो,जसका लागि हामी गहिरो कृतज्ञता व्यक्त गर्दछौँ।'

सिक्योंगले बालेनलाई आफ्नो हार्दिक बधाई स्वीकार्न आग्रह गर्दै सफल नेतृत्वका लागि शुभकामना दिएका छन्। लेखेका छन्, 'तपाईंको सक्षम नेतृत्वमा हाम्रा जनताबीचको मित्रता अझ सुदृढ हुने आशा छ।' भारतमा निर्वासित तिब्बती धार्मिक समूहले नेपालका प्रधानमन्त्रीलाई दिएको शुभकामनामा 'हाम्रा जनताबीचको मित्रता' भन्नुले गम्भीर आशंका समेत पैदा गरेको छ।

निर्वासित तिब्बती सरकारले जेन जी प्रदर्शन र विध्वंशपछि गठित यसअघिका अन्तरिम प्रधानमन्त्री सुशीला कार्की र अहिलेका बालेन्द्र शाह बाहेक कसैलाई पनि यसरी शुभकामना दिएका थिएनन्। अहिले शुभकामनासँगै असल छिमेकीसँग कायम रहेको नेपालको सम्बन्धमा खलल पुर्याउने उद्देश्यले तिब्बती भूमि कब्जा गरिएको, तिब्बती शरणार्थीलाई तिब्बती समुदाय भनिएको र निर्वासित समूहका मानिस र नेपाली जनताबीच जनस्तरको सम्बन्ध र मित्रताको कुरो उल्लेख गर्नुले पनि गम्भीर शंका उत्पन्न गराएको हो।

कम्युनिस्ट क्रान्तिकारीहरूका अगाडिका सम्भावना र चुनौतीहरू

क्रान्तिकारी कम्युनिस्टहरूका अगाडि चुनौती मात्रै होइन, सम्भावनाहरू पनि त्यत्तिकै रूपमा देखा परेका छन्।

विश्वबाट अमेरिकी साम्राज्यवाद पतोन्मुख बन्दै गएको छ। अन्तरसाम्राज्यवादी अन्तरविरोध चर्किएको छ। इरानी जनताको वीरतापूर्ण प्रतिरोधमा अमेरिका पराजित हुँदै गएको छ। बहुध्रुवीय विश्वव्यवस्थाको बढ्दो प्रभावका कारण विश्वभरबाट नयाँ ढंगले कम्युनिस्ट आन्दोलन स्थापित हुने सम्भावना बढेर गएको छ।

नेपालभित्र नक्कली वा संशोधन अवसरवादी कम्युनिस्टहरूको पतनसँगै क्रान्तिकारी कम्युनिस्टहरूले कम्युनिस्ट आन्दोलनलाई नयाँ ढंगले संगठित गर्ने एउटा ऐतिहासिक अवसर सम्मुखमा आएको छ। साम्राज्यवादका नेपाली नयाँ दलालको रूपमा आएको रास्वपाको राष्ट्रियता, जनतन्त्र र जनजीविकाविरोधी क्रियाकलापहरूको भण्डाफोर गर्दै उनीहरूले प्राविधिक रूपमा नियन्त्रण गर्न खोज्ने संरचनागत प्रहारको प्रतिरोध गर्न नयाँ प्रविधिमा आधारित नयाँ रणनीति, कार्ययोजना र कार्यक्रमहरू तय गरेर अगाडि बढन् जरुरी छ।

## अमेरिकाभरि...

***अन्तर्राष्ट्रिय ऐक्यबद्धता***

अमेरिकाभित्र मात्र नभई, युरोपमा रहेका अमेरिकी नागरिकहरूले पनि ट्रम्प प्रशासनविरुद्ध प्रदर्शन गरेका छन्। फ्रान्सको पेरिस, बेलायतको लन्डन र पोर्चुगलको लिस्बनमा भेला भएका मानिसहरूले राष्ट्रपतिलाई फासीवादी र युद्ध अपराधी लेखिएका ब्यानरहरू प्रदर्शन गर्दै उनलाई पदबाट हटाउन माग गरेका छन्।

***के भनिरहेका छन् ट्रम्प ?***

जनवरी २०२५ मा पुनः ह्वाइट हाउस फर्किएदेखि नै डोनाल्ड ट्रम्पले राष्ट्रपतीय अधिकारको दायरालाई निकै फराकिलो बनाएका छन्। उनले कार्यकारी आदेशहरूमार्फत संघीय सरकारका विभिन्न अंगहरूलाई विघटन गर्ने प्रयास गरेका छन् भने राज्यका गभर्नरहरूको विरोधका बाबजुद अमेरिकी सहरहरूमा नेसनल गार्डका सेनाहरू परिचालन गरेका छन्। साथै, उनले आफ्ना राजनीतिक विरोधीहरूमाथि मुद्दा चलाउन न्याय विभागका शीर्ष अधिकारीहरूलाई निर्देशन दिएको आरोप छ।

आलोचकहरूले ट्रम्पको यो कदमलाई असंवैधानिक र अमेरिकी लोकतन्त्रका लागि गम्भीर खतरा मानेका छन्। तर, ट्रम्पले आफ्ना कदमहरू सङ्कटमा परेको देशको पुनर्निर्माणका लागि आवश्यक भएको दाबी गर्दै आएका छन्।

आफूलाई तानाशाहको रूपमा व्यवहार गरेको भन्ने आरोपलाई उनले उन्मादपूर्ण भन्दै खारेज गरेका छन्। गत अक्टोबरमा फक्स न्युजलाई दिएको एक अन्तर्वार्तामा उनले भनेका थिए, 'उनीहरू मलाई राजा भनिरहेका छन्। म कुनै राजा होइन।'

अक्टोबरमा भएको अघिल्लो ऱ्यालीमा देशभर करिब ७० लाख मानिस सहभागी भएका थिए। यसपटक पनि प्रदर्शनकारीहरूको ऊर्जा र उत्साहमा कुनै कमी देखिएको छैन। आयोजकहरूले अब आगामी मे १ तारिखमा श्रमिक अधिकार, आप्रवासी समुदाय र सार्वजनिक विद्यालयको समर्थनमा हुने वार्षिक किङ्समे डेकिङ्स प्रदर्शनमा पनि व्यापक जनसहभागिता जुटाउने तयारी गरिरहेका छन्।

देशभर युद्ध, महँगी र कडा अध्यागमन नीतिका कारण जनस्तरमा बढेको यो असन्तुष्टिले आगामी मध्यावधि चुनावमा कस्तो राजनीतिक प्रभाव पार्नेछ भन्ने कुरा अहिले धेरैको चासोको विषय बनेको छ।

'हामी हाम्रो भविष्यको लागि मात्र होइन, लोकतन्त्र बचाउनका लागि सडकमा छौं,' म्यानहटनकी एक प्रदर्शनकारीले भनिन्। लोकतन्त्रमा नागरिकको आवाजको यो शृंखला तत्काल रोकिने छाँटकाँट देखिँदैन।

*(एजेन्सीहरूको सहयोगमा)*

# आलोपालो

## बम बर्षाउँदै ईरानसँग युद्धबिरामको कुरा गर्न अमेरिका बाध्य



● लोकनारायण सुबेदी ●

अमेरिकी अर्थ बयवस्थाको हिसाबले यो ईरान बिरुद्ध थोपरिएको अमेरिकी-इज्रायली साम्राज्यबादी लडाई शुरुदेखि नै निकै महँगो परिरहेको युद्ध-अर्थ राजनीतिक बिश्लेषहरू औंल्याउदै आएका थिए । यस युद्धको कडा प्रतिरोधी ईरानले अहिलेसम्म ३ हजारभन्दा बढी ड्रोनको प्रहार गरिसकेको तथ्यांक बिश्लेषकहरूले ती औंल्याएका छन् । ती ईरानी ड्रोनहरूको मूल्य झण्डै २० हजार डलर जति पुगेको बताईन्छ । तर ती ईरानी ड्रोनहरूलाई खसाल्नका लागि अमेरिकाका जुन प्रक्षेपास्त्र(मिसाईलहरू) प्रयोग गरिएका छन् तिनको मूल्य भने १० लाख डलरभन्दा बढी भएको आकलन ती बिश्लेषकहरूले गरेका छन् । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प बितेको सातादेखियता बिहान बेलुकै युद्ध बिरामका लगि बारम्बार जोड दिदै आइएरहेका थिए र यो युद्ध अब समाप्त हुनै लागेको बताइरहेका थिए । तर उनले यसो भन्नु भन्दा पहिला त उनी यो ईरानसँगको अमेरिका र ईज्रायलको संयुक्त युद्ध उनीहरूले जित्नै लागेको घोषणा गर्दै थिए । कतिसम्म भनेका थिए भने ईरानले अब घुँडा टेक्नै आँटेको छ । पछिल्लो समय उनका ती सबै कुरा झूटो प्रचार गरिएका नक्कली कुरा साबित भए । त्यसपछि ट्रम्पलाई ययार्थ शायद महसुश भयो होला ।

त्यसैले गएको २९ फेब्रुअरीका दिन ईरानमाथि हमला गर्ने र त्यहाँका सर्बोच्च नेता अली खामेनेईको हत्या गर्ने काम गरेपछि ईरानमा आफु खुशीले शासक नियुक्त गर्ने र त्यसपछि ईरानको तेल भण्डार कब्जा गर्ने उनको जुन ठूलो सपना र इरादा थियो त्यो ईरानको अपूर्ब अप्रत्याशित प्रतिरोधले चकनाचुर तुल्याइदियो । त्यसैले युद्धका झण्डै तीन साता बित्न थालिसकेपछि युद्ध शुरु गर्ने अमेरिका नै यतिबेला पछि हट्न थालेको या हट्ने उपाय खोजिरहेको प्रतीत हुन्छ । अमेरिकामा नै यो युद्धको ठूलो बिरोध उनले खेपिरहेका छन् । तर अडियल प्रकारका जिद्दी डोनाल्ड ट्रम्प आफ्नो त्यो हठीपन अहिले पनि जारी नै राखिरहेका देखिन्छन् र भन्दैछन् कि ईरान बार्ताका लागि तयार भएको छ । ईरानले भने बर्ताको त कुरै छोडौ त्यसमा सम्भावनालाई पनि स्पष्टसँग अस्वीकार गरिरहेको छ । यद्यपि युद्धरत पक्ष बार्ताका लागि पनि तयार रहिरहने कुरालाई कसैले इनकार त गर्दैनन् तर अमेरिकाले बार्ताभन्दै हमला गर्दै गरेर बिगतमा धोका दिदैएकोले ईरानले अहिले त्यस्तो बताएको होला । यद्यपि कुनै दिन समस्या सही समाधानको लागि बार्ता हुने कुरा पनि कसैले इनकार गर्दैन । तर अहिले बार्ता बार्ता भन्ने कुरा ट्रम्पले बारम्बार गर्न थालेका छन् । ईरान भने जबाफी हमलामा नै जोड दिइरहेका छ । भारत, पाकिस्तान लगायत बिभिन्न आठ देशहरूसँग ट्रम्पले बार्ताको मध्यस्थताका लागि हार गुहार गरिरहेको देखिन्छ । के बताइन्छ भने पाकिस्तानले ईरानसँग अमेरिकाको बार्ता गराउन सक्छ र यसमा अमेरिकाका उपराष्ट्रपति जेडी भान्स सामेल हुनसक्ने पनि बताइएको छ । तर ईरानीपक्षबाट को बार्तामा को सामेल होला त्यसको अनुमान समेत लाग्न सकेको छैन ।

यस सम्वन्धमा भारतमा त केसम्म पनि भनिदैछ भने यदि पाकिस्तानले यो बार्ताको मध्यस्थता गर्न सक्यो भने त्यो भारतका लागि पनि एउटा पराजय जस्तै ठहरिनेछ । त्यो किन पनि भने बिश्वमा पाकिस्तालाई बाँकी ७ पेजमा

# अमेरिकाभरि तीन हजारभन्दा बढी स्थानमा प्रदर्शन

एजेनसी । अमेरिकाका प्रमुख सहरदेखि साना गाउँहरूसम्म राष्ट्रपति डोनाल्ड ट्रम्प र उनको प्रशासनका नीतिहरूविरुद्ध विशाल प्रदर्शनहरू भइरहेका छन् । किङ्गसनो किङ्गसकिङ्गस अर्थात् किङ्गसकुनै राजाहरू छैनन्किङ्गस नाम दिइएको यो राष्ट्रव्यापी विरोध प्रदर्शनको तेस्रो संस्करण हो । यसअघि पनि लाखौं मानिसहरूले सडकमा उत्रिएर असन्तुष्टि जनाएका थिए ।

शनिबार अमेरिकाभर ३,००० भन्दा बढी स्थानमा साना-ठूला र्‍यालीहरू आयोजना गरिएका छन् । प्रदर्शनकारीहरूको मुख्य निशानामा ट्रम्प प्रशासनले अघि सारेका नीतिहरू रहेका छन्, जसमा विशेषगरी इरानसँगको युद्ध, कडा संघीय अध्यागमन नीति र देशमा चुलिँदै गएको महँगी प्रमुख छन् ।

आयोजकहरूका अनुसार, यो लोकतन्त्रको रक्षा र निरंकुशताको विरोधमा गरिएको शान्तिपूर्ण नागरिक विद्रोह हो । किङ्गसट्रम्प हामीमाथि एक निरंकुश शासकको रूपमा शासन गर्न चाहन्छन् । तर यो अमेरिका हो र यहाँको शक्ति जनताको हातमा छ- कुनै राजा बन्न खोज्ने व्यक्ति वा तिनका अर्बपति आसेपासेहरूको हातमा होइन,किङ्गस आयोजकहरूले एक विज्ञप्तिमा भनेका छन् ।

यता, ह्वाइट हाउसले भने यी प्रदर्शनहरूलाई खारेज गर्दै उडाएको छ । ह्वाइट हाउसका एक प्रवक्ताले यी र्‍यालीहरूलाई किङ्गसट्रम्प डिरेन्जमेन्ट थेरापी सेसन्सकिङ्गस अर्थात् ट्रम्पप्रतिको अन्धविरोधबाट मुक्त हुने थेरापीको संज्ञा दिएका छन् । किङ्गसयसको वास्ता गर्ने मानिसहरू भनेका केवल ती पत्रकारहरू हुन् जसलाई यसको समाचार लेख्न पैसा दिइएको छ,किङ्गस उनले भने ।

***आन्दोलनको प्रमुख केन्द्रविन्दु- मिनेसोटा***

शनिबारको किङ्गसनो किङ्गसकिङ्गस प्रदर्शनको सबैभन्दा ठूलो र महत्त्वपूर्ण कार्यक्रम मिनेसोटा राज्यको सेन्ट पलस्थित स्टेट क्यापिटल भवन बाहिर आयोजना गरिएको थियो । गत जनवरीमा संघीय अध्यागमन एजेन्टहरू (आईस) को कारबाहीका क्रममा दुई अमेरिकी नागरिक- रेनी निकोल गुड र एलेक्स प्रेटीको मृत्यु भएपछि यो राज्य ट्रम्पको अध्यागमन नीतिको विरोधको मुख्य केन्द्र बनेको छ । उनीहरूको मृत्युले देशभर आक्रोश र शृंखलाबद्ध विरोध प्रदर्शनहरू निम्त्याएको थियो ।

हजारौं मानिसहरूले प्लेकार्ड बोकेर सडक तताएको यस र्‍यालीमा उच्च पदस्थ डेमोक्र्याट नेताहरूको उल्लेखनीय उपस्थिति थियो । मिनेसोटाका गभर्नर टिम वाल्जले ट्रम्पको अध्यागमन नीतिको कडा आलोचना गरे ।

त्यस्तै, सिनेटर बर्नी स्यान्डर्सले मिनेसोटाका जनताको प्रशंसा गर्दै वर्तमान समयलाई किङ्गसअमेरिकी इतिहासको एक अभूतपूर्व र खतरनाक क्षणकिङ्गस को रूपमा चित्रण गरे । सांसद इल्हान ओमारले किङ्गसहामी मिनेसोटावासी फरक तरिकाले बनेका छौंकिङ्गस भन्दै नागरिक अधिकारको पक्षमा वकालत गरिन् ।

यसै कार्यक्रममा प्रख्यात रक गायक ब्रुस स्प्रिंगस्टीनले मञ्चमा उपस्थित भई आफ्नो नयाँ विरोध गीत किङ्गसस्ट्रिट्स अफ मिनियापोलिसकिङ्गस प्रस्तुत गरेर भीडलाई उत्साहित बनाएका थिए । उनले मिनेसोटालाई सम्पूर्ण देशका लागि प्रेरणा भनेर सम्बोधन गरे ।

त्यस्तै, अभिनेत्री तथा प्रगतिशील अभियन्ता जेन फोंडाले मञ्चबाट भाषण गर्नुको साटो मृतक रेनी गुडकी पत्नी बेका गुडको सन्देश पढेर सुनाएकी थिइन् ।

***वासिङ्टन डीसी र न्युयोर्कमा मानव सागर***

शनिबार दिउँसोदेखि नै देशको राजधानी वासिङ्टन डीसीका सडकहरू प्रदर्शनकारीहरूले भरिएका थिए । हजारौंको संख्यामा मानिसहरू नेसनल मल र लिंकन मेमोरियलको सिँढीमा जम्मा भएका थिए ।

अघिल्ला किङ्गसनो किङ्गसकिङ्गस प्रदर्शनहरूमा जस्तै यसपटक पनि प्रदर्शनकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्प, उपराष्ट्रपति जेडी भान्स, र प्रशासनका अन्य उच्च अधिकारीहरूको पुत्ला बोकेका थिए ।

उनीहरूले वर्तमान प्रशासनलाई सत्ताबाट हटाउन र गिरफ्तार गर्न माग गर्दै नाराबाजी गरेका थिए । भर्जिनियाको अर्लिङ्टनबाट एउटा पुल पार गर्दै विशाल समूह राजधानी प्रवेश गरेको थियो ।

यसैगरी, न्युयोर्क सहरको टाइम्स स्क्वायर र म्यानहटनको मिडटाउन क्षेत्रमा हजारौं मानिसहरूले मार्च गरे । प्रदर्शनकारीहरूको विशाल भीडका कारण सामान्यतया निकै व्यस्त रहने सडकहरू प्रहरीले बन्द गर्नुपरेको थियो ।

गत अक्टोबरमा भएको प्रदर्शनमा न्युयोर्कका पाँचवटै प्रदर्शन स्थलहरूमा गरी १ लाखभन्दा बढी मानिस सडकमा उत्रिएको न्युयोर्क प्रहरी विभागले जनाएको थियो । यसपटक पनि इरान युद्धको विरोध र अध्यागमन नीतिविरुद्ध लेखिएका ब्यानरहरूसहित मानिसहरू सडकमा थिए ।

न्युयोर्कको प्रदर्शनमा ट्विच स्ट्रीमर हसन पिकर र टिकटक स्टार ह्यारी सिसन जस्ता प्रगतिशील इन्फ्लुएन्सरहरूले समेत सहभागिता जनाउँदै युवाहरूलाई प्रजातन्त्र बचाउन अपिल गरेका थिए ।

***लस एन्जलस, सिकागो र अन्य प्रमुख सहरहरू***

पश्चिमी तटमा पनि प्रदर्शनको राप निकै उच्च थियो । लस एन्जलसको ग्लोरिया मोलिना ग्रान्ड पार्कमा हजारौं मानिसहरू जम्मा भएका थिए । त्यहाँको माहोल केही फरक र रचनात्मक थियो । त्यहाँ साल्सा संगीत बजिरहेको थियो भने मानिसहरूले डाइपर लगाएको किङ्गसबेबी ट्रम्पकिङ्गस को २० फिट अग्लो विशाल बेलुन उडाएका थिए ।

कतिपयले इन्फ्लेटेबल कस्ट्युम (जस्तैः फ्लेमिङ्गो र शार्क) लगाएर किङ्गसअध्यागमन एजेन्सी खारेज गरकिङ्गस लेखिएका ब्यानर बोकेका थिए । यद्यपि, डाउनटाउनस्थित संघीय भवनबाहिर भने प्रदर्शनकारी र प्रहरीबीच सामान्य झडप भएको र केहीलाई पक्राउ गरिएको लस एन्जलस प्रहरीले जनाएको छ ।

सिकागोको ग्रान्ट पार्क र पोर्टल्यान्ड, ओरेगनमा पनि हजारौंले सांगीतिक ब्यान्डको तालमा मार्च गरे । सिकागोको र्‍यालीमा सहभागी एक पूर्व सैनिक क्रिस होलीले सीएनएनसँग कुरा गर्दै भने, किङ्गसदेशमा भइरहेको अन्याय देखेर म पहिलोपटक सडकमा आउन बाध्य भएको हुँ ।

***रिपब्लिकन गढ र साना सहरहरूमा पनि असन्तुष्टि***

यसपटकको किङ्गसनो किङ्गसकिङ्गस प्रदर्शनको अर्को उल्लेखनीय पक्ष भनेको यो ठूला र डेमोक्र्याट-बहुल सहरहरूमा मात्र सीमित रहेन । आयोजकहरूका अनुसार करिब आधाजसो प्रदर्शनहरू परम्परागत रूपमा रिपब्लिकन पार्टीको गढ मानिने राज्यहरूमा भएका छन् ।

टेक्सास (डलास, फोर्ट वर्थ), फ्लोरिडा, जर्जिया, इडाहो, उटाह र अलास्का जस्ता राज्यहरूमा दर्जनौं प्रदर्शनहरू आयोजना गरिए ।

करिब १०,००० मात्र जनसंख्या भएको मिसिगनको हावेल र केन्टकीको शेल्बीभिल जस्ता साना सहरका सडकहरूमा समेत मानिसहरू इरान युद्ध र बढ्दो महँगीको विरोधमा प्लेकार्ड बोकेर उभिएका थिए । किङ्गसहामी हाम्रा समस्याहरू एउटै हुन् भनेर बुझाउन चाहन्छौं, यदि हामी सँगै उभियौं भने परिवर्तन सम्भव छ,किङ्गस एक प्रदर्शनकारीले भने । बाँकी ७ पेजमा


## डढेलोबाट जोगिऔं र जोगाऔं

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,


**डढेलोबाट जोगिन**

- जथाभावीरूपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँसपातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं ,
- चुरोट, बिडी, आगोका भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं ।

**वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।